संघीय संसद

प्रतिनिधि सभा

दोस्रो अधिवेशन,२०८०

सदनमा टेवुल भएका प्रश्नोत्तर



<u>प्रारम्भ मिति</u>

२०८० बैशाख २४ गते आइतबार

<u>समाप्त मिति</u>

२०८० कार्तिक १६ गते बिहीबार

संघीय संसद सचिवालय

प्रश्न व्यवस्थापन शाखा

सिंहदरवार, काठमाडौं

विषयसूची

क्र. सं.	मन्त्रालयको नाम	पेज नं.
	सचिवालयमा दर्ता गरिएका मौखिक प्रश्नोत्तर	
१	प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय	१
२	गृह मन्त्रालय	४
३	परराष्ट्र मन्त्रालय	८
४	अर्थ मन्त्रालय	१२
५	रक्षा मन्त्रालय	२५
६	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	२५
७	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	२६
८	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	३२
९	शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय	४३
१०	वन तथा वातावरण मन्त्रालय	४७
११	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	४९
१२	सहरी विकास मन्त्रालय	५१
१३	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	५४
१४	श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	५९
१५	महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	६१
१६	भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय	६५
१७	संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	७१
१८	खानेपानी मन्त्रालय	८५
	सचिवालयमा दर्ता गरिएका लिखित प्रश्नोत्तर	
१९	शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय	८७
२०	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	८८
२१	भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय	९०

संघीय संसद

प्रतिनिधि सभा

दोश्रो अधिवेशन,२०८०

मौखिक उत्तरको लागि स्वीकृत प्रश्नोत्तरको विवरण

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय

सम्माननीय प्रधानमन्त्रीसँग

प्रश्नकर्ताः मा.प्रेम सुवाल

प्रश्न नं.१

निजी क्षेत्रलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छानविनको दायरामा ल्याउने सरकारको वाचा कहिले पूरा हुँदैछ ? निजी क्षेत्रकै दबाबमा यो काम विलम्ब भइरहेको सत्य हो र ?

उत्तर :

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा दर्ता भई राष्ट्रिय सभाबाट मिति २०७९/१२/२७ मा पारित भएको छ ।उक्त विधेयकमा प्रचलित कानून बमोजिम स्थापित समिति, कम्पनी, बैंक, मेडिकल कलेज र सोसँग सम्बद्ध अस्पताल समेतलाई "सार्वजनिक संस्था" को परिभाषा अन्तर्गत रहने गरी प्रस्ताव गरिएको छ । निजी क्षेत्रलाई समेत अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छानविनको दायरामा ल्याउने उद्देश्यले विधेयक पेश भएको हुँदा संघीय संसद, प्रतिनिधि सभामा छलफल भई सो विषय सम्बोधन हुने देखिएको ।

प्रश्नकर्ताः मा.सुमना श्रेष्ठ

प्रश्न नं.२

विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ मा गर्नुपर्ने परिमार्जन सम्बन्धमा गृह मन्त्रालयबाट यस विषय सम्बन्धित कार्यदलबाट कार्यविधिमा गर्नुपर्ने संशोधनका लागि सुझाव सहितको प्रतिवेदन मन्त्रालयमा पेश भई प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पठाईसकेको तर सुरक्षा सम्बन्धित विषय भएकोले प्रतिवेदन गोप्य रहने व्यहोराको जानकारी प्राप्त भएको थियो ।साथै सम्माननीय राष्ट्रपतिका हालका केही सवारी सरल रुपमा सञ्चालन भएका खबर पनि सञ्चार माध्यममा आएको सन्दर्भमा राष्ट्रपतिको आग्रहमा मात्र सहजिकरण भएको हो वा गृह मन्त्रालयबाट पेश प्रतिवेदन अनुसार कार्यविधि परिमार्जन भई नयाँ कार्यविधि लागू भई सञ्चालन भएको हो खुलाईदिनुहुन अनुरोध गर्दछु।

उत्तरः

विशिष्ट पदाधिकारीहरुको आवागमनलाई परिवर्तित सन्दर्भमा थप छिटो छरितो, प्रभावकारी र सर्वसाधारण — मैत्री बनाउने सन्दर्भमा मौजुदा अति विशिष्ट तथा विशिष्ट व्यक्तिहरुको सुरक्षा व्यवस्थापन कार्यविधि,२०७७ समसामयिक सुधार गर्न गृहमन्त्रालयबाट एक सुझाव कार्यदल गठन भई सो कार्यदलले मौजुदा कार्यविधिको विभिन्न पक्षमा विस्तृत अध्ययन विश्लेषण गरी संशोधनका लागि सुझाव पेश गरेको र हाल त्यस उपर गम्भीर छलफल भई उक्त कार्यविधि परिमार्जनको अन्तिम चरणमा रहेको छ ।

अति विशिष्ट तथा विशिष्ट व्यक्तिहरुलाई प्रदान गरिने सुरक्षाको स्तर तथा आवागमन लगायतका विषय उहाँहरु सहभागी हुने कार्यक्रमको प्रकृति, गरिमा र तत्कालीन अवस्थाको सम्भाव्य सुरक्षा जोखिमको विश्लेषण समेतको आधारमा तय गर्ने गरिएको व्यहोरा जानकारी गराईन्छ ।

प्रश्नकर्ताः मा.दिलेन्द्र प्रसाद बडु

प्रश्न नं.३

निर्माणाधिन राष्ट्रिय गौरवका योजनाहरु कतिवटा छन् ? प्रगतिको पछिल्लो अवस्था के छ ?

उत्तरः

<u>राष्ट्रिय गौरवका आयोजनाको प्रगति (बार्षिक तथा समष्टिगत) २०८० असार मसान्तसम्मः</u>

निर्माणाधिन राष्ट्रिय गौरवका आयोजना २१ वटा रहेका र तिनीहरुको हालसम्मको वार्षिक तथा समष्टिगत भौतिक र वित्तिय प्रगति देहायबमोजिम रहेको छ। (सम्बन्धित मन्त्रालयबाट प्राप्त)

क्र.सं.	आयोजनाको नामः	आयोजनाको अवधि (आ.व. मा)		वार्षिक प्रगति आ.व.२०७९/०८० को %मा		प्रगति समष्टिगत (२०८० असार मसान्तसम्म)% मा	
		शुरु मिति	समाप्त हुने मिति	भौतिक	वित्तिय	भौतिक	वित्तिय
१	हुलाकी राजमार्ग	२०६४/६५	२०८२/८३	५९	१००	९१	९१
२	मध्यपहाडी लोकमार्ग	२०६४/६५	२०७९/८०	७३.६८	७८.०१	७२.७	७६.८
३	उत्तर दक्षिण लोकमार्ग कर्णाली कोरिडोर (हिल्सा –सिमिकोट)	२०६९/७०	२०८३/८४	७०	६३.४२	२४	२०.४१
	उत्तर दक्षिण कर्णाली कोरिडोर (लालीबगर-भुक्राखोला)	२०६९/७०	२०८३/८४	१००	९९.३९	४३.०८	२९.५७
४	कालीगण्डकी कोरिडोर (बेनी –जोमसोम- केरला सडक)	२०७३/७४	२०८०/८१	९४	८५.७५	७२	६३
	कालीगण्डकी कोरिडोर (गैडाकोट –राम्दी मालढुङ्गा सडक)	२०६६/६७	२०८२/८३	१००	९९.५	४५	४३
५	उत्तर दक्षिण कोशी कोरिडोर	२०६५/६६	२०८३/८४	९५	९४.८०	४४.८	४२.४७
६	रेल्वे तथा मेट्रो रेल विकास आयोजना	२०६५/६६	-	७०	६३.६०	४३	४२.८८
७	सिक्टा सिँचाइ आयोजना	२०६२/६३	२०८९/९०	५२.४९	५०.६९	३९.७६	३८.९६
८	बबई सिँचाइ आयोजना	२०४५/४६	२०८२/८३	९९.९५	९९.४२	७०.०३	६६.८७

९	रानी जमरा र कुलरियासिँचाइ आयोजना	२०६७/६८	२०८०/८१	६७.४५	६४.३१	६६.९७	६५.२४
१०	सुनकोशी मरिन डाइभर्सन आयोजना	२०७३/७४	२०८४/८५	१२०.४६	९९.७६	२१.४	१९.२
११	महाकाली सिँचाइ आयोजना	२०६३/६४	२०८७/८८	१०५.८१	९८.५२	१९.२९	१८.९९
१२	भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना	२०७१/७२	२०८४/८५	८५	७८.५१	६२	५४.८६
१३	बूढी गण्डकी जलविद्युत आयोजना	२०६९/७०	निर्माण शुरु भएको ९४महिना	९६	९६.६२	९६	९६.६२
१४	पश्चिम सेती जलविद्युत आयोजना	२०७९कार्तिक३	२०८१ कार्तिक २ मा अध्ययन सम्पन्न	-	-	-	-
१५	पशुपति क्षेत्र विकास कोष	२०७०/७१	अवधि नतोकिएको-	९०	८८.९५	६६	६५.७३
१६	लुम्बिनी क्षेत्र विकास कोष	सन् १९७८	सन् १९९५	८६	५२.९४	८८	६०.३४
१७	निजगढ अन्तर्राष्ट्रिय विमानस्थल	२०७१/७२	-	-	-	काम शुरु नभएको	-
१८	मेलम्ची खानेपानी आयोजना	२०५५/५६	२०७९/८०	७२.९३	६७.०७	९८.२१	९२.२०
१९	काठमाडौं तराई फास्ट ट्र्याक	२०७३/७४	२०८०/८१	४.३६	८.५३	२५.५४	२८.११मो विलाइजेसन सहित
२०	राष्ट्रपति चुरे संरक्षण कार्यक्रम	२०७१/७२	२० वर्षे गुरुयोजना अनुसार आ.व. २०७४/ ७५ देखि २०९३/९४ सम्म	९२.२०	९१.२३	५.७९	५.६३
२१	विद्यूत प्रसारण आयोजना	२०८०/८१	२०८५/८६	४७	४७	५६	५९

प्रश्नकर्ताः मा.प्रदिप पौडेल

प्रश्न नं.४

भ्रष्टाचारका मुद्दाहरुको छानबिन गर्न फाइल खोल्ने तर कुनै पनि विषय टुङ्गोमा नपुग्ने, उच्च तहका व्यक्तिको नाम जोडिने वित्तिकै छानबिन तथा अनुसन्धानमा खटिएका प्रहरी र सम्बन्धित व्यक्तिहरुको सरुवा गर्ने, यस्तो अभ्यासले भ्रष्टाचार विरोधी प्रयासहरुको पारदर्शिता र प्रभावकारितामाथि गम्भिर प्रश्न

उठेको छ। फाइल खोल्ने, विषयलाई गिजोल्ने र निष्कर्षमा पुग्न नदिने र सस्तो लोकप्रियता खोज्ने यो निन्जा टेक्निक धेरै पुरानो भइसक्यो । सस्तो लोकप्रियताका लागि बजारमा नयाँ नयाँ टेक्निक प्रशस्ति भेटिन्छन् । होइन ! सरकार गम्भिर छ भन्ने हो भने उच्च तहका व्यक्तिहरुको संलग्नतालाई लिएर भ्रष्टाचारका मुद्दाहरुमा अनावश्यक हस्तक्षेप भएको छैन भन्ने ग्यारेन्टी के छ? भ्रष्टाचारका सबै फाइल खोलिन्छन् कि खोलिदैनन्? संसदलाई सुनिश्चित गराइयोस् ।

उत्तरः

वर्तमान सरकारले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीतिलाई राज्यका तीनै तहमा कडाइका साथ कार्यान्वयन गर्दै आएको छ। यस अवधिमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, व्यावसायिक र जवाफदेही बनाउँदै भ्रष्टाचारलाई कडाइका साथ नियन्त्रण गर्न सरकारले विभिन्न नीतिगत, कानूनी तथा संस्थागत सुधारका विषयलाई अघि बढाएको छ। सबै किसिमका भ्रष्टाचारलाई तथ्य र प्रमाणको आधारमा अनुसन्धान छानबीन गरी दोषीलाई कानूनको दायरामा ल्याउन सरकार प्रतिबद्ध छ। भ्रष्टाचारको मामलामा यो आफ्नो वा पराया भनेर सरकारले कसैलाई विभेद गरेको छैन। कानूनी समानताको सिद्धान्तलाई सरकारले पूर्णतः आत्मसात् गरेको छ। प्रश्नमा भनिएजस्तो सरकारका कामहरू सस्तो लोकप्रियताका लागि होइनन् बरु देश र जनतामा राजनीतिक प्रणालीप्रति नै वितृष्णा छाएको, केही हुन्न सबै उस्तै हुन् भन्ने निराशावादी भाष्य निर्माण गर्न खोजिएको परिस्थितिलाई चिर्न सरकारले एकपछि अर्को काम गर्दै आइरहेको हो। भ्रष्टाचारसम्बन्धी विभिन्न प्रकरणमा राज्यले दबाबरहित तरिकाले निष्पक्ष छानबीन अघि बढाएकै कारण अहिले जनतामा सुशासन सम्भव छ भन्ने आशा पलाएको छ।

गृह मन्त्रालय

माननीय गृहमन्त्रीसँग

प्रश्नकर्ताः मा.दिलेन्द्र प्रसाद बडु

प्रश्न नं.५

नक्कली भुटानी शरणार्थी र ललिता निवास जग्गा प्रकरण छानविन र क्वीन्टल सुन तस्करी छानविनको पछिल्लो अवस्था के छ ? कहिलेसम्म अन्तिम नतीजा सार्वजनिक गर्ने लक्ष्य छ ?

उत्तरः

<u>नक्कली भुटानी शरणार्थी सम्बन्धमा</u>

भुटानी शरणार्थी प्रकरण सम्बन्धमा गजेन्द्र बुढाथोकी समेतको जाहेरीले १८ जनालाई नियन्त्रणमा लिई ठगी, संगठित अपराध, लिखत कीर्ते र राज्य विरुद्ध कसूर समेत मुद्दाको अनुसन्धान पश्चात् मिति २०८०।०२।०८ गते जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंमा पेश भई उक्त कार्यालयबाट मिति २०८०।०२।१० गते अभियोगपत्र सहित सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश भएकोमा सम्मानित अदालतको मिति २०८०।०३।०१ गतेको आदेशले प्रतिवादीहरू केशव प्रसाद दुलाल, सानु भण्डारी, सागर राई, सन्देश शर्मा, ईन्द्रजित राई, टोप बहादुर रायमाझी, सन्दिप

रायमाझी, टेक नारायण पाण्डे, नरेन्द्र के.सी., विक्रम भन्ने गोविन्द कुमार चौधरी, राम शरण के.सी., बालकृष्ण खाण, आङटावा शेर्पा, शमशेर मिया, टेकनाथ रिजाल र हरी भक्त महर्जन गरी १६ जना प्रतिवादीहरू पुर्पक्षका लागी केन्द्रीय कारागार कार्यालय जगन्नाथदेवल थुनामा राख्न पठाइएको र प्रतिवादी लक्ष्मी महर्जन रु .५,००,०००।—(पाँच लाख१०.र टंक कुमार गुरुङ रु (,००,०००।—(दश लाखधरौटी दाखिला गरी तारेखमा छुटी (जिल्ला प्रहरी परिसर काठमाण्डौंमा उपस्थित भएकोमा निजहरूलाई सोही कार्यालयको च .नं.१३८६९, मिति २०८०।०३।०३ गतेको पत्रसाथ थप अनुसन्धानको लागी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग ललितपुरमा पठाइएको छ। थप अनुसन्धान खुला राखिएको छ र अन्य व्यक्तिको समेत संलग्नता पाइएमा प्रमाणका आधारमा प्रचलित कानून बमोजिम कारबाही प्रकृया अगाडी बढाईनेछ ।

<u>ललिता निवास जग्गा प्रकरण छानवीन सम्बन्धमा</u>

बालुवाटार स्थित ललिता निवासको जग्गा हिनामिना सम्बन्धमा अनुसन्धानबाट देखिएका र खुल्न आएका व्यक्तिहरूलाई पक्राउ गरी थप अनुसन्धान गर्ने कार्य भइरहेको छ । हालसम्म २३ जना व्यक्तिहरूलाई पक्राउ गरिएको साथै उक्त कसुरमा संलग्न अन्य व्यक्तिहरूलाई समेत तदारुकताका साथ खोजतलास कार्य जारी रहेको छ ।

हालसम्म अनुसन्धानको क्रममा धर्म प्रसाद गौतम समेत २३ जना प्रतिवादीहरू पक्राउ परी आएकोमा प्रतिवादी कृष्ण बहादुर राउत सम्मानित सर्वोच्च अदालतको परमादेशको आदेशबाट, प्रतिवादी रमेश कुमार पोखरेल सम्मानित काठमाडौं जिल्ला अदालतको आदेशले हाजिर जमानीमा छुटेको र प्रतिवादी सिपीका खेतानलाई हाजिरी जमानीमा छाडिएको छ भने २० जना प्रतिवादीहरू अनुसन्धानको क्रममा हिरासतमा रहेका छन्। सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम थप अनुसन्धानको कार्य जारी रहेको छ र अनुसन्धान प्रतिवेदन तयार पार्ने कार्य जारी रहेको छ ।

नक्कली भुटानी शरणार्थी र ललिता निवास जग्गा प्रकरणको अनुसन्धानका लागि नेपाल प्रहरी अन्तर्गतको केन्द्रीय अनुसन्धान व्युरोले पूर्ण क्रियाशिलताका साथ कार्य गरिरहेको र सरकारको तर्फबाट समेत छानविनलाई छिटो र विश्वसनीय बनाउन आवश्यक सहयोग भईरहेकोले कानून बमोजिम लाग्ने समय बाहेक अतिरिक्त समय नलाग्ने र अनुसन्धान एवम् तहकिकातको कार्य समयमै सम्पन्न हुने विश्वास छ ।

<u>सुन तस्करीको छानवीन सम्बन्धमा</u>

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भित्रिने सामान मूलत: व्यक्तिले साथमा ल्याउने लगेज र कार्गोको रुपमा भित्रिने गरेको छ।राजश्व अनुसन्धान विभागले नियन्त्रणमा लिई हाल अनुसन्धानको क्रममा

रहेको सुन मोटरसाइकलमा प्रयोग हुने ब्रेक सुको नाममा विमानस्थलको कार्गो कक्षबाट भित्रिएको पाइएको छ। कार्गो कक्ष भएर पास हुने मालसामानहरु भन्सार कर्मचारीहरुले जाँचपास गर्ने गर्दछन। उक्त स्थानमा समान चेकजाँच गर्न एक्सरे मेसिन राखिएको छ। भन्सार कर्मचारीहरुले चेकजाँच गरे पश्चात नियमानुसार राजश्व तिरेर सामान पास हुन्छ। त्यस्तै नेपालबाट विमानस्थल भएर बाहिर जाने सामान समेत कार्गोको सामान प्रहरीको उपस्थितिमा भन्सारको एक्सरे मेसिनमा जाँच हुन्छ। भन्सार तिर्नुपर्ने सामान भए भन्सार दस्तुर बुझाए पश्चात कार्गो को रुपमा जहाजमा लोड गरिन्छ ।

अन्तर्राष्ट्रिय प्रचलन र नेपालको भन्सार कानुन अनुसार कार्गो कक्षबाट सामान निर्यात गर्दा एक्सरे मेसिन भएको कक्षमा भन्सार कर्मचारी र सुरक्षाकर्मीको उपस्थिति रहेको हुन्छ भने सामान आयात गर्दा उक्त स्थानमा भन्सार कर्मचारी बाहेक अन्य सरकारी निकायको उपस्थिति रहदैन।

माननीयज्यूले उठाउनु भएको विषयमा उल्लेख भएको सुन विमानस्थलमा हङ्गकङ्गबाट नेपालमा आएको र सामान आयातकर्ताले मोटरसाइकलको ब्रेक सुको नाममा विमानस्थलको कार्गो कक्षबाट भन्सार जाँचपास गराएको पाइएको छ । उक्त सुन विमानस्थल भन्सार कार्यालयबाट भन्सार जाँच पास भई विमानस्थलबाट बाहिर निकाल्दै गरेको अवस्थामा राजश्व अनुसन्धान विभागले नियन्त्रणमा लिइएको छ। उक्त समयमा कार्गो कक्षमा चेकजाँचको जिम्मेबारीमा रहेका कर्मचारीहरु यस कार्यका लागि जिम्मेबार देखिएकोले उनीहरु उपर छानवीन भईरहेको छ भने सो कार्यमा संलग्न रहेको पाइएका चिनिया र भारतीय नागरिकहरु लगायत कुल १८ जना अभियुक्तलाई पुर्पक्षमा राखी राजश्व अनुसन्धान विभागले राजश्व चुहावट नियन्त्रण ऐन, २०५२ बमोजिम अनुसन्धान गरेको थियो।

घटनाको छानवीनका क्रममा अपराधको स्वरूप संगठित अपराध प्रकृतिको देखिएकोले अनुसन्धानलाई थप प्रभावकारी बनाउन राजश्व अनुसन्धान विभागको मिति २०८०।०४।२१ गतेको पत्र सहितको मिसिल नेपाल प्रहरीमा प्राप्त भई नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान व्यूरोलाई अनुसन्धान र अभियोजनको जिम्मेबारी दिइएको छ। अनुसन्धानको लागि प्रहरी उपरीक्षकको कमाण्डमा मिति २०८०।०४।२३ गते अनुसन्धान समूह गठन भई अनुसन्धान भइरहेको छ । सोही घटनाको सम्बन्धमा प्रहरी नायब महानिरीक्षकको कमाण्डमा सुपरिवेक्षण, निर्देशन एवम् अनुगमन समूह गठन भएको छ । उक्त अभियोगमा पक्राउ परेका प्रतिवादीहरूको बयान, सोधपुछ समेतको कार्य भइरहेको छ भने सूचना संकलन, संकलित सूचनाहरूको विश्लेषण समेतको थप कारबाही अगाडी बढाइएको छ । साथै, विभिन्न निकायहरूसँग आवश्यक समन्वय एवम् सहयोगको

लागि पत्राचार भइरहेको छ । अनुसन्धानको नतिजाका आधारमा संगठित अपराध निवारण ऐन, २०७० समेतमा अभियोजन र कारबाही हुन सक्ने अवस्था रहेको छ।

काठमाडौं उपत्यका भित्रका विभिन्न ३ स्थानहरूबाट खानतलासी गरी सुन गाल्न प्रयोग हुने मेशिन सहित सुन लुकाई छिपाई ल्याउन प्रयोग गरिएको इलेक्ट्रिक Device लगायतका विभिन्न सामानहरू बरामद गर्ने कार्य सम्पन्न भई अध्ययन विश्लेषणको कार्य भइरहेको छ । मोबाइल Device को Digital Forensic Lab बाट प्राप्त हुन आएको परीक्षण प्रतिवेदनका साथै प्राप्त हुन आएका कल, म्यासेजको अनुसन्धान विश्लेषण भइरहेको छ। यस घटनाको विस्तृत अनुसन्धान पश्चात दोषी उपर कानुन बमोजिम कारबाही गर्न नेपाल सरकार प्रतिवद्ध छ।

प्रश्न नं.६

नेपाल सरकार गृह मन्त्रालयको निर्धारित नीति र कार्यक्रम अनुसार नेपालको उत्तरी सीमा नाकाहरुमा यस वर्ष कति अध्यागमन कार्यालयहरु स्थापना हुँदैछन् ? दार्चुलाको तिंकर नाकामा कहिलेसम्म स्थापना हुन्छ ?

उत्तर:

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार अध्यागमन सम्बन्धी कार्यहरू गृह मन्त्रालयको कार्य विभाजन अन्तर्गत पर्दछ । सोही अनुसार अध्यागमन सम्बन्धी नीति एवम् कानुनको कार्यान्वयन गरि अध्यागमन व्यवस्थापन गर्ने प्रमुख जिम्मेवार निकायको रुपमा गृह मन्त्रालय अन्तर्गत अध्यागमन विभागको स्थापना भएको छ । अध्यागमन ऐन २०४९, अध्यागमन नियमावली, २०५१ र अध्यागमन कार्यविधि, २०६५ बमोजिम अध्यागमन सम्बन्धी कार्यलाई व्यवस्थित गरिएको छ ।

विदेशी नागरिकलाई नेपाल प्रवेशको लागि भिसा उपलब्ध गराउने वा प्रवेशको स्वीकृति दिने, भिसाको म्याद थप गर्ने, विदेशीलाई निषेधित क्षेत्रमा पदयात्रा अनुमति दिने, विदेशीको नेपालमा हुने उपस्थितिको व्यवस्थापन, अनुगमन र नियन्त्रण गर्ने, नेपालीहरुको विदेश प्रस्थान र आगमनलाई व्यवस्थित गर्ने, अध्यागमन सम्बन्धी अपराधको अनुसन्धान तथा तहकिकात गरि मुद्दा दायर गर्ने लगायतका कार्यहरु सम्पादन गर्न हाल प्रवेश तथा प्रस्थान बिन्दुमा १२ वटा अध्यागमन कार्यलयहरु स्थापना भएका छन् । साथै, अध्यागमन सम्बन्धी केही कार्यहरु पररा्ष्ट्र मन्त्रालय, विदेशस्थित दुतावासहरु तथा महावाणिज्य दुतावासहरु बाट समेत सम्पादन हुने गर्दछ । चालु आर्थिक वर्ष २०८०/८१ मा मन्त्रालयको नीति तथा कार्यक्रममा थप अध्यागमन कार्यालयहरू स्थापना गर्ने कुनै कार्यक्रम रहेको छैन । आगामी दिनमा आवश्यकता र स्रोत साधनको उपलब्धताका आधारमा क्रमशः अध्यागमन कार्यालयहरू विस्तार गरिनेछ।

परराष्ट्र मन्त्रालय

माननीय परराष्ट्र मन्त्रीसँग

प्रश्नकर्ताः मा. प्रेम सुवाल

प्रश्न नं.७

सुगौली सन्धिको सक्कल प्रति सरकारको कुन निकायमा सुरक्षित छ? सुगौली सन्धि खारेज गरी भारत अतिक्रमित नेपालको भूमि कहिले फिर्ता ल्याउने हो?

उत्तरः

सन् १८१६ को सुगौली सन्धिको धारा ५ अनुसार महाकाली नदीपूर्वको भूभाग नेपालको अभिन्न अंग हो भन्ने तथ्यमा नेपाल सरकार स्पष्ट र दृढ रहेकोछ। सो भू-भाग फिर्ता गर्ने सम्बन्धमा कूटनीतिक माध्यमबाट निरन्तर पहल भई रहेको छ।

सन् १९८१ को फेब्रुअरीमा नेपाल-भारत संयुक्त प्राविधिक समिति (Joint Technical Committee, JTC) गठन भई उक्त समितिले २००७ सम्ममा सुस्ता र कालापानी क्षेत्र बाहेक नेपाल-भारत सीमा क्षेत्रको बैज्ञानिक प्रविधिबाट १८२ थान स्ट्रिप नक्सा तयार गर्ने कार्य सम्पन्न गरी कार्यावधि समाप्त भएको। सन् २०१४ देखि नेपाल भारत सीमा कार्य समूह (BWG) गठन भईहालसम्म सीमा सम्बन्धी प्राविधिक कार्यहरु भइरहेको। संयन्त्रको सातौं वैठक शीघ्र आयोजनाका लागि पहल भइरहेको।

नेपाल-भारतबीच सम्पन्न उच्चस्तरीय भ्रमणका क्रममा द्विपक्षीय संयन्त्रमार्फत सीमा सम्बन्धी विषय सम्बोधन गर्न आग्रह गरिएको।

नेपाल र भारतका परराष्ट्र मन्त्रीहरुको संयन्त्र (Nepal-India Joint Commission) कोबैठकहरूमा दुबै पक्षबीच नेपाल-भारत सीमाको Strip map तयार गर्न बाँकी खण्ड (Remaining Segments) सम्बन्धी कार्य चाँडै टुङ्ग्याउने बारेमा छलफल भएको।

प्रश्न नं.८

अमेरिकाले रुसविरुद्ध युक्रेनमा आक्रमण गरेको र नाकाबन्दीसमेत लगाएको विषयलाई तत्कालीन नेपाल सरकारले गरेको समर्थन फिर्ता लिनु जरुरी छैन र?

उत्तर :

नेपालले संयुक्त राष्ट्रसंघको वडापत्रको सिद्धान्तहरूको परिपालनमा विश्वास राख्दै आएको छ। संयुक्त राष्ट्र संघको जिम्मेबार सदस्यको हैसियतले नेपाल कुनै पनि मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता जुनसुकै परिस्थितिमा पनि उल्लंघन हुन नहुने मान्यता राख्दछ। शक्तिको प्रयोगबाट नभई शान्तिपूर्ण माध्यमबाट समस्याको समाधानमा निकाल्नु पर्नेमा हाम्रो सदैव जोड रही आएको छ। हाल युक्रेनको

समस्याका विषयमा हाम्रो राष्ट्रिय धारणा संयुक्त राष्ट्रसंघको वडापत्रमा उल्लेखित सिद्दान्तहरूमा आधारित रहेको छ।

मा. दिलेन्द्र प्रसाद बडु

प्रश्न नं.९

सम्माननीय प्रधानमन्त्रीज्यूको नेतृत्वमा हालै सम्पन्न भएको मित्रराष्ट्र भारतको भ्रमणको समयमा भएका प्रमुख सम्झौताहरु कुन कुन हुन? कार्यान्वयनमा प्रगतिको अवस्था के छ?

उत्तरः

औपचारिक भ्रमणका अवसरमा देहायका सातवटा दस्तावेजहरुमा हस्ताक्षर र आदानप्रदान भएको थियो।

१. नेपाल-भारत पारवहन सन्धी ।
२. पेट्रोलियम पूर्वाधार निर्माण सम्बन्धी समझदारीपत्र ।
३. दोधारा-चाँदनीमा एकीकृत जाँचचौकी तथा सुक्खा बन्दरगाहको निर्माण सम्बन्धमा समझदारीपत्र ।
४. फुकोट-कर्णाली ४८० मेघावाट जलविद्युत परियोजना विकास सम्बन्धी समझदारीपत्र ।
५. तल्लो अरुण ६६९ मेघावाट जलविद्युत परियोजना सम्बन्धी परियोजना विकास सम्झौता ।
६. नेपालको नेशनल क्लियरिङ हाउस लिमिटेड र भारतको नेशनल पेमेन्ट कम्पनी इण्डिया लिमिटेड बीच सीमापार विद्युतीय भुक्तानी सम्बन्धी समझदारीपत्र ।
७. नेपालको परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान र भारतको सुष्मा स्वराज विदेश सेवा संस्थान बीच समझदारीपत्र ।

सोका अतिरिक्त दीर्घकालिन उर्जाव्यापार सम्झौता (Long Term Power Trade Agreement) मा प्रारम्भिक हस्ताक्षर भएको थियो। साथै भारतीय भूमि हुँदै बङ्गलादेशसम्म नेपालबाट जलविद्युत निर्यातको शुरूवात गर्ने सैद्धान्तिक सहमति भई त्रिपक्षीय सम्झौताका लागि प्रक्रिया अघि बढाउने छलफल भएको थियो।

यी सम्झौताका बारेमा सम्माननीय प्रधानमन्त्रीज्यूले आफ्नो सम्बोधन मार्फत मिति २०८० जेठ २२ मा सम्पन्न प्रतिनिधि सभा र मिति २०८० जेठ २५ मा राष्ट्रिय सभाको बैठकमा पनि जानकारी दिनुभएको अवगत नै छ।

कार्यान्वयनमा प्रगतिको अवस्थाः

सम्माननीय प्रधानमन्त्रीज्यूको भारतको औपचारिक भ्रमणका क्रममा छलफल/ सहमति भएका विषयहरूको कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय/निकायहरूमा कार्ययोजना Matrix तयार गरी प्रेषित गरिएको। उक्त कार्ययोजना कार्यान्वयनका क्रममा रहेको। साथै, भारतीय पक्षसंग पहल र समन्वय गर्नुपर्ने विषयवस्तुमा नयाँदिल्लीस्थित नेपाली राजदूतावासलाई निर्देशन दिइएको छ। उल्लिखित सम्झौताहरु विभिन्न मन्त्रालय तथा निकायहरुसँग अन्तरसम्बन्धित देखिएकोले सम्मानित सदनको मार्गदर्शन एवं समन्वयकारी भूमिका सदैव प्रशंसनीय रहेको।

प्रश्न नं. १०:

कालापानी, लिपुलेक, लिम्पियाधुरा सीमा समस्या समाधानका निमित्त सरकारको तर्फबाट भइरहेको कुटनीतिक प्रयासमा के कस्तो प्रगति भएको छ?

उत्तरः

क) भारत सरकारले २ नोभेम्वर २०१९ मा प्रकाशित गरेको नयाँ नक्साको सम्बन्धमा परराष्ट्र मन्त्रालयबाट गम्भीर ध्यानाकर्षण भई लिपुलेक, लिम्पियाधुरा लगायतको कालापानी क्षेत्र नेपालको भूभाग हो भन्ने विषयमा नेपाल सरकार स्पष्ट रहेको र दुई देश बीच सुल्झाउन बाँकी रहेका सीमा सम्बन्धी बिषयहरु दुवै पक्षको आपसी सहमतिमा टुङ्ग्याउनु पर्ने र एकपक्षीय ढंगबाट गरिने कुनै पनि निर्णय नेपाल सरकारलाई मान्य नहुने भनी मिति २०७६/०७/२० मा प्रेस विज्ञप्ति जारी गरिएको थियो र विभिन्न मितिमा भारतीय पक्षसंग कूटनीतिक पत्राचार गरिएको।

ख) सन् १८१६ को सुगौली सन्धिको धारा ५ बमोजिम काली (महाकाली) नदी पूर्वका लिम्पियाधुरा, कालापानी तथा लिपुलेक लगायतका सबै भूभागहरू नेपालको रहेको उल्लेख गर्दै भारत सरकारबाट २ नोभेम्वर २०१९ मा नेपाली भूभाग आफ्नो भूभागमा पारी प्रकाशित नयाँ राजनीतिक नक्शा उक्त सन्धिको विरुद्धमा रहेकोले नेपाल सरकारको असहमति व्यक्त गर्दै उक्त नक्सा तुरुन्त सच्याउन भारत सरकारलाई मिति २०७६/०८/०४ मा परराष्ट्र मन्त्रालयबाट कूटनीतिक नोट पठाइएको।

ग)नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७ जेठ ५ गतेको निर्णय अनुसार काली (महाकाली) पूर्वको लिम्पियाधुरासम्मको भू-भाग समावेश गरिएको नेपालको नक्शा (राजनीतिक तथा प्रशासनिक) मिति २०७७ जेठ ७ गते भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट सार्वजनिक भैसकेको।

घ) नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७७/४/१९ को निर्णयानुसार गठन भएको नेपाल-भारत सीमा निरीक्षण तथा अनुगमन समितिले सीमा निरीक्षणको कार्य गरिरहेको।

ङ) नेपाल र भारतका परराष्ट्र मन्त्रीहरुको संयन्त्र (Joint Commission) को छैठौं बैठक १५ जनवरी २०२१ मा भारतको नयाँ दिल्लीमा सम्पन्न भएको। उक्त बैठकमा दुवै तर्फबाट नेपाल-भारत सीमाको Remaining Segments सम्बन्धी कार्य चाँडै टुङ्ग्याउने बारेमा छलफल भएको।

च) १-३ अप्रिल २०२२ मा नेपालका प्रधानमन्त्रीले गर्नुभएको भारत भ्रमणको क्रममा द्विपक्षीय संयन्त्रमार्फत सीमा सम्बन्धी विषय सम्बोधन गर्न आग्रह गरिएको।

छ) गत मे ३१ देखि जुन ३ २०२३ मा सम्माननीय प्रधानमन्त्रीले गर्नुभएको भारत भ्रमणको क्रममा द्विपक्षीय संयन्त्रमार्फत सीमा सम्बन्धी विषय सम्बोधन गर्न भारतीय पक्षलाई आग्रह गरिएको। साथै भारतीय महामहिम प्रधानमन्त्रीले पनि भ्रमणले सृजना गरेको सौहार्दतापूर्ण वातावरणको मर्म अनुरूप सीमा लगायत थाति रहेका सबै समस्या समाधान गरिने छ भन्ने भावना व्यक्त गर्नुभएको।

ज) नेपाल-भारत सीमा सम्बन्धी Boundary Working Group (BWG) को पछिल्लो बैठक भारतको देहरादूनमा २८-३० अगष्ट २०१९ मा सम्पन्न भएको। साथै BWG को आगामी बैठकका यथाशीघ्र आयोजना गर्न नेपालको तर्फबाट प्रस्ताव गरी भारतीय पक्षलाई पत्राचार गरिएको।

झ) नेपाल-भारत सीमा सम्बन्धी नसुल्झिएका विषयहरूलाई सुल्झाउनको लागि कूटनीतिक स्तरमा वार्ता गर्न नेपालको तर्फबाट भारत सरकार समक्ष निरन्तर प्रयास हुँदै आएको।

प्रश्न नं.११

दार्चुला जिल्लाको उत्तरी सीमाको तिंकर भन्सार नाका खोल्नेबारे के कस्तो प्रगति भएको छ?

उत्तरः

दार्चुला जिल्लाको उत्तरी सीमाको टिंकर भन्सार नाका खोल्ने सम्बन्धमा श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्राप्त सहमति बमोजिम टिंकर नाकालाई अन्तर्राष्ट्रिय व्यापार तथा पारवाहन मार्गको रुपमा खुला गर्न चिनियाँ पक्षसँग कूटनीतिक पहल भईरहेको।

साथै, टिंकर भन्सार नाका खोल्नका लागि दुई देशबीच हुने उच्चस्तरीय भ्रमण तथा बैठकहरुमा समेत यसलाई एजेण्डाका रुपमा राखी चिनियाँ पक्षसँग वार्ता तथा छलफल अगाडि बढाउन कूटनीतिक तहमा कुराकानी भईरहेको। यसमा चाँडै कार्य-प्रगति हुने अपेक्षा परराष्ट्र मन्त्रालयले लिएको।

प्रश्न नं.१२

नेपालको पश्चिमी सीमामा स्थित दार्चुलाको दुम्लीङ, बुदी सीतापुल र रतौडमा भारत-नेपाल जोड्ने झोलुङ्गे पुलहरु निर्माण गर्न भारत सरकारको सहमति प्राप्त गर्ने सम्बन्धमा के प्रगति भएको छ?

उत्तरः

दार्चुलाको दुम्लीङमा झोलुङ्गेपुल निर्माण गर्न भारत सरकारको सहमति प्राप्त गर्ने सम्बन्धमा नोभेम्वर २०२२, जुन २०२३ र जुलाई २०२३ मा भारतीय राजदूतावाससंग कूटनीतिक पत्राचार भएको।

दार्चुलाको बुदी सीतापुलमा झोलुङगेपुल निर्माण गर्न भारत सरकारको सहमति प्राप्त गर्ने सम्बन्धमा जनवरी २०२२ तथा जुलाई २०२३ मा भारतीय राजदूतावाससंग कूटनीतिक पत्राचार भएको। उक्त झोलुङ्गे पुलहरूको निर्माणका सम्बन्धमा विभिन्न तहमा भारतीय पक्षसंग थप छलफल भइरहेको।

यस विषयमा सम्माननीय प्रधानमन्त्रीज्यूको ३१ मे देखी ३ जुन २०२३ सम्म सम्पन्न भारतको औपचारिक भ्रमणमा समेत विशेष महत्वका साथ छलफल र अनुरोध गरिएको। द्विपक्षीय वार्ताहरुमा उल्लिखित विषयहरुलाई प्राथमिकताका साथ छलफल गर्ने गरिएको।

अर्थ मन्त्रालय

माननीय अर्थमन्त्रीसँग

प्रश्नकर्ताः मा. प्रेम सुवाल

प्रश्न नं.१३

नेपालको ६६ लाख ६७ हजार घरधुरी रहेको नेपालमा दुई तिहाइ परिवार कृषिमा आधारित भए पनि सरकारले रासायनिक मल कारखाना स्थापना किन गरेन ?उच्च लागत पर्ने र बजार नपाउने बहाना बनाई रासायनिक मल कारखाना स्थापना गर्न नहुने दावी गरेको लगानी बोर्ड नेपालको औचित्य छ र?

उत्तरः

रसायनिक मल कारखाना स्थापना गर्न ठूलो लगानीको आवश्यक पर्छ। लाभ लागतको विश्लेषण समेतका आधारमा सार्वजनिक निजी साझेदारीमा यस्ता परियोजना सञ्चालन गर्ने वा वाह्य लगानी आकर्षित गर्ने नीति सरकारले लिएको छ। हाल लगानी वोर्डवाट यस सम्वन्धी विस्तृत अध्ययन भइरहेको छ।

प्रश्न नं.१४

केही वर्षअघि वित्तीय संस्थामा ५-६ प्रतिशतमा रहेको कर्जाको ब्याज दर अहिले १८ प्रतिशतभन्दा बढी कसरी पुग्यो ? यसका दोषी को को हुन् र दोषीलाई कार्वाई किन भएन ? कुन कुन बैंकमा निक्षेप र कर्जाको ब्याजदर के कस्तो छ ?

उत्तरः

कर्जाको व्याजदर बजारले निर्धारण गर्ने र यो पुँजीको उपलब्धतावाट प्रत्यक्ष प्रभावित हुन्छ। नेपाल राष्ट्र बैंकबाट व्याजदरलाई नियन्त्रण गर्न मौद्रिक नीतिमा विविध व्यवस्था गरिएको हुन्छ । बैंक तथा वित्तीय संस्थाहरुले नीति, कानून कार्यविधि बमोजिम व्याज निर्धारण गर्दछन। विभिन्न बैंकहरुले पुँजीको लागत अनुसार व्याजदर निर्धारण हुने हुँदा फरक फरक व्याज दर रहेको हुन्छ । हाल मौद्रिक नीतिवाट वैंकदर खुकुलो पारिएको, निक्षेपको व्याजदर घटाइएको, विप्रेषण वढेको कारणवाट वैंकहरुमा तरलताको अवस्थामा सुधार आएकोले व्याजदर घटने क्रममा रहेको छ ।

प्रश्न नं.१५

राज्यकोषबाट तलब र सुविधा खाने कर्मचारी र राज्य कोषकै ऋण र अनुदान पाउने उद्योगी र व्यापारीलाई शासक दलहरुले आ-आफ्नो पार्टी कार्यकर्ताजस्तो बनाएको हुँदा राजस्व चुहावट बढेको र लक्ष्यअनुसारको राजस्व नउठेको हो कि होइन ?

उत्तरः

लक्ष्य अनुसारको राजस्व नउठ्नुमा विभिन्न आन्तरिक तथा वाह्य कारणहरु रहेका छन ।

लक्ष्य अनुसारको राजस्व नउठनुमा युक्रेनमा भएको युद्धको कारण आपुर्ति श्रृङ्खला अवरुद्ध भई मूल्य वृद्धि भएको र आयातको मुल्य उच्च हुनगई विदेशी विनिमय संचिति घट्दै गएकोले संचिति अनुकूल वनाउन केही वस्तको आयातमा वन्देज लगाउँदा त्यसको असर राजस्व संकलनमा परेको देखिन्छ । वढ्दो मुद्रास्फिति नियन्त्रण गर्न र वाह्य क्षेत्र अनुकुल पार्न मौद्रिक नीति कसिलो वनाउँदा पुँजिको लागत वृद्धि हुनगई आर्थिक कृयाकलापमा शिथिलता आएकोले समेत राजस्व संकलनमा कमि आएको हो । राजस्व चुहावट रोक्न सम्वद्ध सवै संस्थाहरुलाई समन्वयात्मक रुपमा परिचालन गरिएको छ ।

प्रश्न नं.१६

सरकारले साना ऋणीलाई कम ब्याज दरमा ऋण प्रवाह र कर सहुलियत दिनुपर्नेमा अर्बौं रुपैयाँ ऋण लिएका ठुला ऋणीलाई कम व्याजदर र कर सहुलियत दिएको हुँदा असंख्य जनता गरीवीमा परेको र धनी एवम् गरिव बीचको खाडल पनि बढ्दै गएको होइन र?

उत्तरः सरकारले गरीब तथा न्यून पुँजी भएका वर्गलाई व्यवसाय संचालन गर्न सहज पुँजीको उपलब्धता दिने, रोजगारी सिर्जना गर्ने, उद्यमशीलता विकास गर्ने उद्देश्यसाथ सहुलियतहरु उपलब्ध गराउदै आइरहेको छ । सरकारले साना व्यवसायीहरुका लागि सहुलियतपुर्ण कर्जा कार्यक्रम समेत लागु गरी व्याज अनुदान दिंदै आएको छ । सरकारले गरिवी न्यूनीकरण गर्ने, गरीव-धनीको खाडल कम गर्ने, समानता कायम गर्ने कार्यका लागि प्रगतिशिल कर लागु गर्ने लगायत विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । गरिवीको रेखामुनी रहेको जनसंख्या र वहुआयामिक गरिवी समेत घट्दै गएको तथ्यांकले देखाएको छ । गरिवीको जनसंख्या घटाउन र धनी र गरिव विचको खाडल कम गर्न थप लक्षित कार्यक्रमहरु संचालन गर्नुपर्ने आवश्यकता सरकारले वोध गरेको छ ।

प्रश्न नं.१७

अर्थमन्त्रीलाई थाहै नदिई माओवादी कार्यकर्ता लडाकुलाई अर्बौं रुपैयाँ बाँडने कार्यविधि कसरी बन्यो?जनआन्दोलनमा रगत-पसिना बगाएका मदजुर, किसान र कामादार वर्गका जनताको लागि स्वदेशमा रोजगारी, शिक्षा-स्वासथ्य निःशुल्कको ब्यवस्था भए माओवादी लडाकुले पनि त्यस्तो सुविधका स्वतः पाउने होइन र ?

उत्तरः

नेपाल सरकार मन्त्रिपरिषदले कार्यविधी स्वीकृत गरेको भएता पनि यस सम्वन्धी विषय हाल सर्वोच्च अदालतमा विचाराधिन छ ।हालसम्म यस मन्त्रालयवाट यस सम्वन्धि कामका लागि निकासा गरिएको छैन ।

प्रश्न नं.१८

सरकारले आ.ब.२०७९/८० को राजस्व लक्ष्य १४ खर्व ३ अर्ब प्रक्षेपन गरेकोमा बैशाख १५ गतेसम्म ७ खर्ब ८ अर्ब मात्र उठेको तर सोही अवधिमा खर्च ९ खर्ब ९१ अर्ब भई सरकारको बजेट घाटा २ खर्ब ८३ अर्ब किन भयो?

उत्तरः

लक्ष्य अनुसारको राजस्व नउठनुमा युक्रेनमा भएको युद्धको कारण आपुर्ति श्रृङ्खला अवरुद्ध भई मूल्य वृद्धि भएको र आयातको मुल्य उच्च हुनगई विदेशी विनिमय संचिति घट्दै गएकोले संचिति अनुकूल वनाउन केही वस्तको आयातमा वन्देज लगाउँदा त्यसको असर राजस्व संकलनमा परेको देखिन्छ । वढ्दो मुद्रास्फिति नियन्त्रण गर्न र वाह्य क्षेत्र अनुकुल पार्न मौद्रिक नीति कसिलो वनाउँदा पुँजिको लागत वृद्धि हुनगई आर्थिक कृयाकलापमा शिथिलता आएकोले समेत राजस्व संकलनमा कमि आएको हो । राजस्व चुहावट रोक्न सम्वद्ध सवै संस्थाहरुलाई समन्वयात्मक रुपमा परिचालन गरिएको छ ।तलव भत्ता पेन्सन समाजिक सुरक्षा लगायतका खर्च र प्रदेश तथा स्थानीय तहमा जाने अनुदान जस्ता अनिवार्य दायित्वले गर्दा खर्च वढी देखिन गएको हो । सरकारले यो वित्तीय घाटा लाई कम गराउन प्रयत्न गरिरहेको छ ।

प्रश्न नं.१९

सरकारले कर्जाको व्याजदर एकल अंक कायम गर्ने भने पनि बैंकर्सहरुले मुद्दती निक्षेपको ब्याजदर नै ९.९९ प्रतिशतबाट तल झार्न नचाहेको किन होला?बैंक तथा वित्तीय संस्थाको सञ्चालन राज्यको स्वामित्वमा ल्याइएको भए अर्थतन्त्र बलियो हुने होइन ?

उत्तरः

बैंकहरुले संकलन गरेको निक्षेपको लागत,आधार दर र प्रिमियमका आधारमा व्याजदर निर्धारण गर्ने हुनाले व्याजदरमा केही चाप परेको देखिन्छ।हाल निक्षेपको व्याजदर घटाइसकिएको छ ।

प्रश्न नं.२०

एउटा उद्योगी -व्यापारी समूह चौधरी ग्रुपको वार्षिक नाफा ४० अर्ब पुगेको सज्चार माध्यमा सार्वजनिक भएको सत्य हो र?दश वर्ष यता प्रत्येक वर्ष सो समूहको कुन कुन कम्पनीले के कति राजस्व सरकारलाई बुझाएको छ?

उत्तरः

संचार माध्यममा आएको विषय आधिकारिक हो होइन एकिन गर्न सकिएन।करदाताको कर सम्वन्धी गोपनियता कुराहरु यस ऐनमा उल्लेख भए वमोजिम वाहेक अनतिक्रम्य हुने अधिकार आयकर ऐन, २०५८ को दफा ७४ को उपदफा २(ङ) मा रहेको र सोही ऐनको दफा ८४ ले सरकारी गोप्यता सम्वन्धी व्यवस्था गरेको कारणले यस्ता सुचनाहरु गोप्य रहने व्यहोरा अनुरोध छ ।

प्रश्न नं.२१

बैंकका सञ्चालक र अधिकारीहरुले कमिशन खाएर एउटै कम्पनीलाई अर्बौं अर्ब रुपैया ऋण उपलब्ध गराउने काम किन भइरहेको होला? यस तर्फ सरकारको किन ध्यान जान सकेन ?

उत्तरः

बैंकहरुले ऋण दिंदा लगानी गर्ने परियोजनाको अवस्था, त्यसले सिर्जना गर्ने आर्थिक प्रतिफल, उत्पादनको बजार माग र पहुँच, धितोको अवस्था र परियोजनाको सम्भाव्यता जस्ता आधारमा ऋण लगानी गर्ने गर्दछन्। ऋण लगानी गर्ने सम्वन्धमा नेपाल राष्ट्र वैंकको निर्देशन र समय समयमा हुने सुपरिवेक्षण र नियमन मार्फत व्यवस्थित वनाउने कार्य भइरहेको छ ।

प्रश्न नं.२२

नेपालको कूल गार्हस्थ उत्पादनको ४२-४३ प्रतिशत सार्वजनिक ऋण भएको र ऋण तिर्न हरेक बजेटको २ खर्ब रुपैया छुट्याउनु पर्ने अवस्था रहेको सत्य हो कि होइन? यो स्थितिको सुधार कहिले र कसरी हुँदैछ ?

उत्तरः

भुकम्प पछिको पुनर्निर्माण, कोभिड रोकथाम तथा नियन्त्रणका लागि सार्वजनिक ऋण परिचालन गर्नुपरेकोले यसको मौज्दात वढ्दै गई कूल गार्हस्थ उत्पादनसंगको अनुपात करीव ४० प्रतिशतको हाराहारीमा रहेको छ ।सार्वजानिक ऋण दायित्वका लागि सरकारले प्रत्येक वर्ष खर्च विनियोजन गर्दै आएको छ ।ऋणको परिपक्कता अवधि पश्चात तिर्ने दायित्व सिर्जना हुन्छ । हाल मुलुकले लिएको कूल ऋण दायित्वको परिमाण अन्य कतिपय मुलुकको कुल गार्हस्थ उत्पादनको अनुपातको तुलनामा कम नै हो । तथापि सार्वजनिक ऋण परिचालनलाई दिगो र उत्पादनशिल वनाउन सरकार प्रतिवद्ध छ ।

प्रश्न नं.२३

४ सय परिवारले सस्तो ब्याजदरको ८० प्रतिशत बैङ्क ऋण पाउने गरेको र बाँकी जनताले सानोतिनो उद्यमको लागि समेत साहुमहाजन र मिटर ब्याजीको चर्को ब्याजमा ऋण लिनुपर्ने अवस्था कहिले अन्त्य हुने हो ?

उत्तरः

सरकारले गरीब तथा न्यून पुँजी भएका वर्गलाई व्यवसाय संचालन गर्न सहज पुँजीको उपलब्धता दिने, रोजगारी सिर्जना गर्ने, उद्यमशीलता विकास गर्ने उद्देश्यसाथ सहुलियतहरु उपलब्ध गराउदै आइरहेको छ । सरकारले साना व्यवसायीहरुका लागि सहुलियतपुर्ण कर्जा कार्यक्रम समेत लागु गरी व्याज अनुदान दिंदै आएको छ । सरकारले गरिवी न्यूनीकरण गर्ने, गरीव-धनीको खाडल कम गर्ने, समानता कायम गर्ने कार्यका लागि प्रगतिशिल कर लागु गर्ने लगायत विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । गरिवीको रेखामुनी रहेको जनसंख्या र वहुआयामिक गरिवी समेत घट्दै गएको तथ्यांकले देखाएको छ । वित्तीय पहुँच विस्तार, प्रकृया सरलीकरण, सहुलियतपूर्ण ऋण जस्ता लक्षित कार्यक्रमहरु सञ्चालन भइरहेका छन्।यसबाट साहुमहाजन, मिटरव्याजी प्रणालीको अन्त्य हुन जान्छ ।साथै गरिवीको जनसंख्या घटाउन र धनी र गरिव विचको खाडल कम गर्न थप लक्षित कार्यक्रमहरु संचालन गर्नुपर्ने आवश्यकता सरकारले वोध गरेको छ ।

प्रश्न नं.२४

बैङ्क तथा वित्तीय संस्थाहरुले कृषिमा ११ प्रतिशत, उर्जामा ६ प्रतिशत, लघु-घरेलु-साना मझौला उद्यममा ११ प्रतिशत लगानी गर्नुपर्ने अन्यथा हर्जना तिर्नु पर्ने व्यवस्था कार्यान्वयन नभए पनि तिनका अधिकारीहरुलाई कारवही किन भएन ?

उत्तरः

नेपाल राष्ट्र बैंकले कृषि, उर्जा , लघु-घरेलु उद्यम जस्ता प्रथमिकता प्राप्त र अनिवार्य लगानी गर्नुपर्ने क्षेत्रमा तोकिएको प्रतिशतमा लगानी गर्नैपर्ने व्यवस्था गरेको छ । यसको अनुगमन नियमन नेपाल राष्ट्र बैंकबाट भइरहेको छ । यो व्यवस्थाको पालना नगर्ने बैंक तथा वित्तीय संस्थाहरूलाई राष्ट्र बैंकले कारवाही पनि गरिरहेको छ ।

प्रश्न नं.२५

नेपाल धितोपत्र वोर्डबाट अनुमति प्राप्त ब्रोकरहरु कति छन्? बोर्डले बैशाख १८ गते १६ र बैशाख २० गते १३ कम्पनीलाई ब्रोकर लाइसेन्सको आशयपत्र किन दिएको हो ?यसले नेपालको अर्थतन्त्रमा कस्तो प्रभाव पर्छ ?

उत्तरः

नेपाल धितोपत्र वोर्डबाट हालसम्म ५० वटा ब्रोकरहरुले अनुमति पाएर कारोवार गरिरहेको छन्। धितोपत्रको कारोवारलाई विकेन्द्रीत गर्ने, सवै नागरिकको पहुँच सहज बनाउने, व्यवसायलाई प्रतिस्पर्धात्मक बनाउने र लगानीकर्तालाई सहजता दिने उद्देश्यसाथ ब्रोकरहरुको संसख्यामा वृद्धि गर्न थप ४३ वटालाई आशयपत्र दिएको हो । यसवाट ब्रोकर संख्या वृद्धि भई प्रदेश, जिल्ला र शहरमा सेवा विस्तार हुन जाने र पुँजीबजारको कारोवारमा वढोत्तरी हुने हुन्छ । यसले अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्न जान्छ।

प्रश्न नं.२६

६७ वर्षयता नेपालमा १५ ओटा आबधिक योजना बनाइयो तर यो लगानीले सियो पनि बनेन किन?नेपालको संसद्मा बजेटबारे महिनौ छलफल हुन्छ तर सांसद्हरूको सुझाव र संशोधन प्रस्तावलाई सम्बोधन गरिदैन किन?सरकारले सत्ता पक्षका सांसदहरुको बैठक राखी बजेटको प्रस्ताव लिने र बजेटमा समावेश गर्ने गरेको अनियमतता र भ्रष्ट्राचार होइन र ?

उत्तरः

राष्ट्रिय योजना आयोगको ६० वर्षे इतिहासमा १५ औं आवधिक योजना कार्यान्वयनको अन्तिम संघारमा छ। १५ औ योजनाको लक्ष्य अनुसार प्रगती नहुनुमा विश्वव्यापी कोभिड महामारीले थलिएको तथा थिलथिलो भएको विश्वअर्थतन्त्र क्रमिक रूपमा मत्थर हुन नपाउँदै, रूस तथा युक्रेन युद्धले अर्थतन्त्रलाई शिथिलता तर्फ डोऱ्यायो र यसको प्रभावबाट नेपाल अक्षुतो रहन सकेन जसका कारण निरपेक्ष रुपमा योजना कार्यान्वयनमा सार्वजनिक वित्त व्यवस्थापनमा परेको स्रोतको चापका कारण आशातित लक्ष्य प्राप्ति हुन नसकेको तितो यथार्थ हो। संसदमा बजेटवारेमा माननिय संसदज्यूहरुले उठान गरेका विषयहरुको प्राथमिकताका आधारमा संवोधन गर्ने गरिएको छ। संसदमा कृयासिल रहेका सवै माननिय सांसद तथा राजनीतिक दलहरुसँग आपसी छलफल गरी आवश्कता पहिचान भएको आर्थिक रुपमा लगानियोग्य, सामाजिक रुपमा स्विकार्य र प्राविधिक रुपमासक्षम कार्यान्वयनयोग्य क्षेत्र पहिचान गरी अधिकतम रुपमा लाभग्राहीहरुलाई फाइदा हुने क्षेत्रमा बजेट तयारी गरिने कानूनी तथा विधि शास्त्रीय नीति परम्परा अनुसार सम्पूर्ण प्रकृया पुरा गरी जनताको सार्वभौम प्रतिनिधिहरुवाट अनुमोदन गरी प्रचलित कानून, विधि, पद्धती, कार्यविधि तथा मापदण्ड वमोजिम कार्यान्वयन गरिने व्यहोरा जानकारी गराउँदछु।

प्रश्न नं.२७

सरकारले चालु आ.ब.मा आर्थिक बृद्धि दर ८ प्रतिशत प्रक्षेपण गरेकोमा आ.ब. २०७९/८० को वार्षिक लेखा तथ्यांक सम्बन्धि प्रतिवेदनमा आर्थिक वृद्धि दर १.६ प्रतिशत मात्र हुने प्रक्षेपन गरिएको सत्य हो र ?पछिल्लो तथ्यांक अनुसार नेपालको कुल पुँजी निर्माणमा सरकारको स्वातित्व अति न्यून भएको र निजी कम्पनीको ८० प्रतिशत भएको हुँदा आर्थिक वृद्धि दर घटेको सत्य होइन र?

उत्तरः

सरकारले चालु आर्थिक वर्ष २०७९/८० मा अर्थतन्त्रमा भएको गतिशीलता, पुनरुत्थान, निजी क्षेत्रको उत्साहप्रद लगानी र सरकारद्वारा आर्थिक तथा सामाजिक क्षेत्रमा गरेको लगानीबाट आर्थिक वृद्धिदर ८.० प्रतिशतले हुने अपेक्षा राखिएको थियो। तथापि रुस युक्रेन युद्ध, सन् २०२२ डिसेम्बर सम्म चीनले अवलम्बन गरेको शुन्य कोभिड नीति लगायतका कारण आपूर्ति श्रृंखला खलबलिएको तथा पेट्रोलियम पदार्थ लगायतका वस्तुमा भएको मुल्यवृद्धिको असर नेपालको अर्थतन्त्रमा समेत परेको छ।

धान लगायतका वर्षे बालीको उत्पादनमा वृद्धि भएता पनि हिउँदे बालीको साथै दूध, अण्डा तथा मासुको उत्पादनमा भएको कमी, औद्योगिक कच्चा पदार्थको आयात तथा उत्पादनमा आएको कमी, घरजग्गा कारोबारमा आएको शिथिलता, उद्योग, निर्माण र थोक तथा खुद्रा व्यापारमा आएको कमी, वित्तीय क्षेत्रमा देखिएको लगानीयोग्य पूँजीको कमी, बाह्य क्षेत्र सुधारका लागि सरकारले अबलम्बन गरेको आयात नियमन लगायतका कारणले चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर २.१६ प्रतिशत (आधारभूत मूल्यमा) हुने अनुमान रहेको छ। उपभोक्ता मूल्यमा भने कुल गार्हस्थ्य उत्पादन वृद्धिदर १.८६ प्रतिशत हुने अनुमान रहेको छ। चालु आर्थिक वर्षमा कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर क्रमशः २.६९ प्रतिशत, ०.५६प्रतिशत र २.३३ प्रतिशत हुने अनुमान छ।

नेपालको कुल स्थिर पूँजी निर्माणमा निजी क्षेत्रको हिस्सा ७६.९ प्रतिशत रहेको छ। पेट्रोलियम पदार्थको मूल्यमा भएको उच्च वृद्धि, आपूर्ति जन्य अवरोधले सिर्जना भएको मुद्राफीति, उच्च ब्याजदर लगायतका कारण सरकारी प्रयासका बाबजुद पनि निजी लगानी अपेक्षित रुपमा वृद्धि हुन नसक्दा आर्थिक वृद्धिदर न्यून रहने देखिएको हो।

प्रश्न नं.२८

दैनिक शेयर कारोवार कूल २० अर्ब रुपैयाँ पुगेको हाल घटेर १ अर्ब रुपैयाँमा सिमित भएको हो कि होइन? गत आ.ब. को असारसम्म विद्युतीय मार्फत भएको कारोवार ६२ खर्व रुपैयाँ नाघेकोमा चालु आ.ब.को फागुनसम्म ३६ खर्ब रुपैयाँमा समित भएको कि होइन?यसले नेपालको अर्थतन्त्रमा के कस्तो हानी पुग्छ?

उत्तरः

धितोपत्र बजारमा शेयरको कारोवारको उतारचढाव भइरहेको छ । यसमा विभिन्न कारणाहरु रहेको अवस्था छ । विश्वव्यापी रुपमा नै शेयर बजार उत्साहजनक नरहेको अवस्था छ नै । नेपालमा पनि विगतभन्दा शेयर कारोवारमा कमी आएको छ । शेयर बजारमा हुने कारोवारबाट अर्थतन्त्रमा प्रत्यक्ष/अप्रत्यक्ष असर पर्न जान्छ । शेयरबजारलाई चलायमान बनाउन लगानीको सुरक्षा दिन विभिन्न सुधारहरु भईरहेका छन् ।

प्रश्न नं. २९

सन २०१७ सेप्टेम्बर १४ मा गरिएको एमसीसी सम्झौताको धारा ५ दफा ५.१ (ख) (३) मा एमसीसी वित्तीय व्यवस्थाको उपयोग वा प्रस्तुत सम्झौताको निरन्तर कार्यान्वयन वा कार्यक्रमले वर्तमान वा भविष्यमा लागू हुने प्रचलित कानून वा संयुक्त राज्य अमेरिकाको व्यवस्थाको नीति उल्लंघन गरेमा सम्झौता अन्त्य वा निलम्बन हुने उल्लेख छ। सम्झौताको यो धारा दफा अनुसार नेपालको सार्वभौमिकतामाथि अमेरिकी हस्तक्षेप भएन र ? के नेपाल अमेरिकी उपनिवेश हो र ? अमेरिकाको वर्तमान र भविष्यको अमेरिकी कानून र नीति नेपालले किन पालना गर्ने ?

उत्तरः

एमसीसी कम्प्याक्ट सम्झौताको दफा५.१ (ख)(३)मा अमेरिकाको कानून वा नीति उलंघन गर्ने गरी एमसीसी अनुदान उपयोग गर्न नपाइने कुरा उल्लेख भएको छ । यो दफा एमसीसी अनुदान सहायताको उपयोगमा मात्र लागू हुने हुँदा यसले नेपाल सरकारको सार्वभौमिकता सीमित गर्दैन ।

प्रश्न नं. ३०

नेपालमा कति ओटा बैंक र फाइनान्स कम्पनीहरु सञ्चालित छन् र ती वित्तीय संस्थाको शेयर विभागजन के कस्तो छ ? वोर्ड अफ डिरेक्टर एवम् सीइओहरु को को हुन्? उनीहरुको सुविधा र पारिश्रमिकको व्यवस्था के कस्तो छ ?

उत्तरः

हाल नेपालमा २१ वटा वाणिज्य बैंकहरु र १७ वटा फाइनान्स कम्पनीहरु छन् । वित्तीय संरचनाहरु (बैंक तथा फइनान्स) मा ५१ प्रतिशत सँस्थापकको शेयर रहने व्यवस्था छ भने ४९ प्रतिशत सर्वसाधारणको शेयर स्वामित्व रहने व्यवस्था छ । बैंक तथा वित्तीय संस्थामा ७ जना सञ्चालक रहने र तीमध्ये १ जना स्वतन्त्र सञ्चालक रहने व्यवस्था छ । बैंक तथा वित्तीय संस्थाको सञ्चालन व्यवस्थापनका लागि एक जना प्रमुख कार्यकारी अधिकृत रहने व्यवस्था छ । विभिन्न संस्था (बैंक तथा वित्तीय संस्था)ले फरक फरक सुविधा र पारिश्रमिक उपलब्ध गराएका छन्। सरकारी स्वामित्वका संस्थाको सेवा सुविधा र पारिश्रमिक कम रहेको छ भने निजीक्षेत्रका बैंक तथा वित्तीय सुविधमा केही वढी रहेको पाईन्छ ।

प्रश्न नं. ३१

वैंकिङ्ग क्षेत्रकै ऋणवाट वैंकिङ्ग क्षेत्रकै शेयर खरिद गरिएको हुँदा शेयर वजार ओरालो लागेको सत्य हो ? वजेटको धेरै अंश वस्तु एवं सेवा आयात तथा अनुत्पादक क्षेत्रमा खर्च हुँदा अर्थतन्त्रमा संकट आएको हो ?

उत्तरः

शेयर वजार घटवढ हुनुमा वैंकिङ्ग ऋणको प्रयोग भएकोले होइन । समग्र अर्थतन्त्रको अवस्थाले गर्दा शेयर वजारमा पनि प्रभाव पर्न गएको हो । बार्षिक वजेट र नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने क्रममा स्वदेशमा उपलव्ध हुन नसक्ने वस्तु तथा सेवा प्रचलित ऐन/कानून वमोजिम वाहिरवाट आयात गर्ने नियमित प्रकृया हो ।मुलुकले व्यापार घाटा व्यहोर्दै आएको सही हो । आयातलाई व्यवस्थापन गर्दै निर्यात प्रवर्द्धन गर्ने सरकारको नीति रहेको र सोही अनुसार आवश्यक रणनीति र कार्ययोजना तर्जुमा भई कार्यान्वयन भइरहेको छ।

प्रश्न नं. ३२

सरकारी वित्तीय संस्थाले निजी वित्तीय संस्थासँग प्रतिस्पर्धा किन गर्न सकेन ? यसो हुनुमा सरकारी अधिकारीहरु जिम्मेवार छैनन र ?

उत्तरः

हाल सरकारी वित्तीय संस्थाहरुको कार्यसम्पादन स्तर राम्रो रहेको छ । सरकारी वैंकहरु प्रभावकारी ढंगले संचालन भई मुनाफा आर्जन गर्न सफल भएका छन् । सरकारी वित्तीय संस्थाहरुले सरकारको नीति तथा कार्यक्रमका साथै सार्वजनिक खरिद ऐन/नियमावली कार्यान्वयन गर्ने गरेका छन् । सरकारी वित्तीय संस्थाहरु सेवा प्रवाह, गुणात्मकता, सक्षमता, र प्रभावकारितामा सवल, प्रतिस्पर्धी र उम्दा सावित भएका छन ।

प्रश्न नं.३३

अर्थमन्त्रीजीको मौद्रिक नीति अन्तर्गत कर्जाको व्याज घटाउने अभिव्यक्ति र नेपाल राष्ट्र वैंकका गभर्नरको वित्तीय नीतिमा सुधार गरी राजस्व वढाउने, वाह्य एवम् आन्तरिक ऋण वढाउने साथै पुँजिगत खर्च वढाउने अभिव्यक्ति दोहोरीको रुपमा कहिलेसम्म चालु हुने होला ?

उत्तरः

मौद्रिक नीतिको कार्यान्वयन नेपाल राष्ट्र वैंकवाट हुने हुँदा उक्त नीतिमा भएका नीतिगत व्यवस्था एवं कार्यक्रमको कार्यान्वयन प्रभावकारी वनाउने, अर्थतन्त्रलाई स्थायित्व दिने र अर्थतन्त्रका विविध पक्षमा सुधार गर्ने लक्ष्यसहित नेपाल राष्ट्र वैंकवाट वैंकिङ्ग क्षेत्रको नियमन एवम् अनुगमन गर्ने कार्य भइरहेको छ ।

वित्तीय नीतिका नीतिगत व्यवस्था तथा कार्यक्रमहरुको कार्यान्वयन प्रभावकारी वनाउने, अर्थतन्त्रलाई गतिशील वनाउने, वित्तीय अनुशासन कायम गर्ने र समग्रमा अर्थतन्त्रलाई सवल वनाउने कार्य सरकारले गरिरहेको छ । खर्च व्यवस्थापन प्रभावकारी वनाउने, राजस्व संकलन प्रभावकारी वनाउने लगायतका नियमित र निरन्तर संचालन भइरहने कार्यहरु नीति तथा कार्यक्रममा समावेश गरिएको छ । वित्त नीति र मौद्रिक नीति वीच तादाम्यता मिलाई आर्थिक नीति कार्यान्वयन गरिने छ । समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै आर्थिक क्रियाकलाप विस्तार गर्ने नीतिहरु एक अर्काका परिपुरक हुने गरी परिचालन गरिनेछ ।

प्रश्न नं. ३४

४५ वर्षअघि सरकारको आन्तरिक र वाह्य ऋण कति थियो, व्यापार घाटा कति थियो, अहिले कति पुग्यो ?

उत्तरः

आज भन्दा ४५ वर्ष अघि आर्थिक वर्ष २०३५/३६ मा सरकारको आन्तरिक ऋण रू.१ अर्ब २२ करोड ४६ लाख र वैदेशिक ऋण रू.१ अर्ब ३२ करोड ९ लाख गरी तिर्न बाँकी सार्वजनिक ऋण रू.२ अर्ब ५४ करोड ५५ लाख रहेको थियो। चालु आर्थिक वर्षको जेठसम्ममाआन्तरिक ऋण रू.१० खर्ब ९९ अर्ब ७२ करोड ३३ लाख र बाह्य ऋण रू.१० खर्ब ७३ अर्ब ५२ करोड ३९ लाख गरी तिर्न बाँकी सार्वजनिक ऋण

रू.२१ खर्ब ७३ अर्ब २४ करोड ७२ लाख पुगेको छ । कुल गार्हस्थ उत्पादनको अनुपातमा मुलुकको तिर्न वाँकी सार्वजनिक ऋण २०८० जेठ मसान्तमा ४०.४ प्रतिशत रहेको छ । यस्तो अनुपात २०३६ असार मसान्तमा ९.७ प्रतिशत थियो ।

त्यसैगरी, आज भन्दा ४५ वर्ष अघि आर्थिक वर्ष २०३५/३६ मा कुल वस्तु निकासी रू.१ अर्ब २९ करोड ६८ लाख र वस्तु पैठारी रू.२ अर्ब ८८ करोड ४७ लाख रहेको थियो। उक्त आर्थिक वर्षमा मुलुकको कुल वस्तु व्यापार घाटा रू.१ अर्ब ५८ करोड ७९ लाख रहेको थियो। आर्थिक वर्ष २०७८/७९ मा कुल वस्तु निकासी रू.२ खर्ब ३ करोड १० लाख र वस्तु पैठारी रू.१९ खर्ब २० अर्ब ४४ करोड ८४ लाख रहेको थियो। उक्त आर्थिक वर्षमा मुलुकको कुल वस्तु व्यापार घाटा रू.१७ खर्ब २० अर्ब ४१ करोड ७४ लाख रहेको थियो। चालु आर्थिक वर्षको जेठसम्म ११ महिनाको अवधिमा वस्तु व्यापार घाटामा सुधार भई रू.१३ खर्ब ३७ अर्ब ३९ करोड कायम भएको छ ।

प्रश्न नं.३५

सरकारले १ खर्व रुपैंया लाग्ने वहुवर्षीय ठेक्का ५० करोड रुपैयामा शुरु गर्ने गरेको हो कि होइन ? स्रोतको व्यवस्थापन नगरी ४ खर्व रुपैयाँको योजना ठेक्का लगाएको सत्य हो ?

उत्तरः

विगतमा मापदण्डको अभावमा यदाकदा स्रोतको सुनिश्चितता नगरी बहुवर्षीय ठेक्काको सहमति दिने गरिएको पाइएको भएता पनि आगामी वर्षको बजेटमा विद्यमान बहुवर्षीय ठेक्का सम्वन्धी मापदण्डमा परिमार्जन गरी बजेटमा सहमति माग गरेको आर्थिक वर्षमा आयोजनाका लागि विनियोजित रकमको अधिकतम ४ गुना भन्दा बढी नहुनेगरी स्रोतको सहमति दिने व्यवस्था गरिएको छ। राष्ट्रिय गौरबका आयोजना बाहेक अन्यका हकमा स्रोत सहमतिको अवधि बढीमा ३ वर्षको रहने र स्रोत सहमति प्रदान गरेको मितिले ९ महिनाभित्र ठेक्का सम्झौता नभएमा सहमति स्वतः रद्ध हुने व्यवस्था गरिएको छ। साथै आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्डको आधारमा स्रोत सहमति दिने गरिएको छ ।

प्रश्न नं.३६

सरकारले आगामी आ.व.देखि साउन महिनामै सम्पुर्ण ठेक्का लगाई पुँजिगत खर्च र विदेशी अनुदान रकम समयमै खर्च गर्ने तयारी गरेको सत्य हो ?

उत्तरः

आगामी आर्थिक वर्षको वजेट कार्यान्वयन कार्ययोजना असार मसान्तभित्र नै तर्जुमा गरी कार्यान्वयनमा लगिने, स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने मन्त्रालय वा निकायले साउन मसान्तसम्म कार्यविधी र निर्देशिका तयार गरी लागू गर्ने व्यवस्था गरिएको छ । त्यसैगरी आयोजना कार्यान्वयनका लागि कार्तिक महिनाभित्र ठेक्का व्यवस्थापन गरिसक्नुपर्ने व्यवस्था गरिएको छ ।

प्रश्न नं.३७

सरकारले कर्मचारीलाई तलव खुवाउन समेत आन्तरिक ऋण उठाएको सत्य हो कि होइन ? अर्थतन्त्र विग्रिएसँगै कामदार वर्गका नेपालीलाई खाद्यान्न र अन्य सामान खरिद गरी पेट धान्न गाह्रो भइरहेको सरकारलाई जानकारी छ कि छैन ?

उत्तरः

कर्मचारीलाई तलब नेपाल सरकारको स्रोतबाट दिने गरिएको छ। पूँजीगत खर्च तथा अन्य विकास खर्च भुक्तानीमा आन्तरिक ऋण प्रयोग गर्ने गरिएको छ । अर्थतन्त्रका सूचकहरुमा केही चाप देखिएपनि हाल अधिकांश सुचकहरु क्रमशः सन्तोषजनक हुँदै गएका छन् ।

प्रश्न नं.३८

५ वर्ष यताको विप्रेषण प्रवाह कस्तो छ ? विप्रेषण रकम वृद्धि हुनु भनेको नेपालको परनिर्भरता वढनु होइन र ? आत्मनिर्भर अर्थतन्त्रको लागि के कस्तो योजना वनिरहेको छ ?

उत्तरः

५ वर्ष अघि आर्थिक वर्ष २०७४/७५ मा रू.७ खर्ब ५५ अर्ब ५ करोड ८६ लाख बराबरको विप्रेषण आय भित्रिएकोमा गत आर्थिक वर्षमा यस्तो आय रू.१० खर्ब ७ अर्ब ३० करोड ६८ लाख पुगेको छ। चालु आर्थिक वर्षको वैशाखसम्म १० महिनाको अवधिमा रू.१० खर्ब ५ अर्ब बराबरको विप्रेषण आय भित्रिएको छ। आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनमा विप्रेषण आयको अनुपात २०.४ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७४/७५ मा यस्तो अनुपात २१.८ प्रतिशत रहेको थियो। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा विप्रेषण आय उच्च भएको देशमा नेपाल पनि रहेको छ।

विश्वव्यापीरुपमा हेर्दा प्रायः सबै मुलुकहरुमा उदारीकरणको नीति अवलम्बन गर्ने गरिएको छ। फलस्वरुप, एक देशबाट अर्को देशमा गई रोजगारी गर्ने परिपाटीको विकास तीव्ररुपमा बढ्दै गएको छ। उदारीकरण र विश्वव्यापीकरणको लहरको कारण समग्र विश्वनै एउटा Global Village को रुपमा परिणत भएको छ । सन् १९९० को दशकबाट नै नेपालले पनि उदारीकरण र विश्वव्यापीकरणलाई आत्मसात् गर्दै आएको छ। यस्तो अवस्थामा वैदेशिक रोजगारीको लागि जान खोज्ने नेपाली कामदारलाई रोक्ने कुनै कानून तथा सरकारको नीति नरहेको व्यहोरा जानकारी गराउन चाहन्छु।

अवश्यपनि, देशभित्र नै उत्पादनशिल तथा मर्यादित रोजगारीको लागि उपयुक्त वातावरणको सिर्जना गर्ने सरकारको उद्देश्य रहेको छ। आन्तरिक रोजगारीलाई सरकारले प्रमुख प्राथमिकतामा राखेको छ र सोही बमोजिम सरकारको वार्षिक नीति तथा कार्यक्रम, आवधिक योजना तथा क्षेत्रगत नीति तय हुँदै आएको छ। त्यसैगरी, वैदेशिक रोजगारीबाट फर्केका नेपाली कामदारको ज्ञान, सीप, दक्षता र अनुभवलाई देशभित्रनै उपयोग गर्ने गरी नीति तथा कार्यक्रम सञ्चालन हुँदै आएका छन् । साथै, सरकारले वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण आयलाई उत्पादनशील क्षेत्रमा उपयोग गरी आय, उत्पादन र रोजगारी अभिवृद्धि गर्ने नीति अवलम्बन गर्दै आएको छ। अतः स्वदेशभित्र नै रोजगारीको उपयुक्त अवसर सिर्जना गरी वैदेशिक रोजगार माथिको निर्भरता क्रमशः घटाउँदै लैजानु सरकारको प्रमुख उद्देश्य रहेको व्यहोरा यस गरिमामय सदन समक्ष अवगत गराउन चाहन्छु।

प्रश्न नं.३९

नेपाल राष्ट्र वैंकले वैशाख ३० गते सार्वजनिक गरेको मौद्रिक नीतिको त्रैमासिक समिक्षामा के कस्तो लचकता अपनाइएको छ ? यसले नेपालको अर्थतन्त्रमा के कस्तो सुधार आउने हो ?

उत्तरः

नेपाल राष्ट्र वैंकले मौद्रिक नीतिको त्रैमासिक समीक्षामा वैंकदरलाई १ प्रतिशतले घटाउने र २ करोडसम्मको ऋणलाई पुनःसंरचना एवं पुनर्तालिकीकरण गर्ने सुविधा दिई मौद्रिक नीतिमा केही लचकता अपनाएको छ । यसवाट व्याजदर कम हुनजाने र तरलता प्रवाह वढ्ने अपेक्षा गरिएको छ । त्यस्तै ऋणको पुनःसंरचना र पुनर्तालिकीकरणवाट साना ऋणीहरुले ऋण तिर्ने समय पाएका छन । यी कार्यवाट अर्थतन्त्रमा सकारात्मक सुधार हुने अपेक्षा गरिएको छ ।

प्रश्न नं.४०

२०७२ सालको भुकम्प पीडितहरुमध्ये के कतिले क्षति भएको घर पुनःनिर्माण गरि सको ? काठमाण्डौ उपत्यकाको भक्तपुर, ललितपुर, काठमाण्डौको पुरानो वस्ती, चोक, गल्लीका घरहरु अझै पुनःनिर्माण किन भएन ? घर पुनःनिर्माण गर्न वाँकी भुकम्प पीडितहरुलाई अनुदान र सहुलियतको व्याजको ऋण वृद्धि गर्ने गराउने सरकारी योजना के भइरहेको छ ?

उत्तरः

यसअघि भुकम्प पिडितलाई आवास निर्माणको लागि ३ किस्तामा रकम उपलव्ध गराइएको थियो । कुनै किस्ता छुट भएको भए प्रगतिको आधारमा अनुदान दिने गरिएको छ ।

प्रश्न नं.४१

वजेट तयार भइसकेपछि यसको प्राथमिकता र सिद्धान्त, नीति तथा कार्यक्रम र विनियोजन विधेयक र आर्थिक विधेयक सदमा पेश गरी छलफल गर्नुको औचित्य छ ? मन्त्री र शासक दलको योजनामा मात्र खर्च गर्नु के वजेट मन्त्रीहरुको निजी ढुकुटी हो ? संसदमा सांसदहरुले सुझाएको योजनाअनुसार वजेट किन वन्दैन ?

उत्तरः

नेपालको संविधानको धारा ११५ मा कानून बमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन भन्ने व्यवस्था छ । त्यसैगरी संघीय कानून बमोजिम बाहेक नेपाल सरकारले कुनै ऋण लिने र जमानत दिन मिल्दैन । संविधानको धारा ११९ मा नेपाल सरकारको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा संघीय संसदका दुवै सदनको संयुक्त बैठकमा राजस्व अनुमान, संघीय सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकम र संघीय विनियोजन ऐन बमोजिम व्यय हुने आवश्यक रकम समेत खुलाई वार्षिक अनुमान पेश गर्नुपर्ने व्यवस्था रहेको छ । संविधानको धारा १२० मा विनियोजन ऐन बमोजिम व्यय हुने रकम सम्बन्धित शीर्षकमा उल्लेख गरी विनियोजन विधेयकमा राखिनेछ भन्ने व्यवस्था रहेको हुँदा संविधानमा उल्लेखित प्रावधान बमोजिम नै संसदमा पेशगरी सरकारको नीति तथा कार्यक्रम, राजस्व र व्ययको अनुमान, विनियोजन विधेयक र अर्थ विधेयक उपर अनिवार्य रुपमा छलफल गर्नुपर्ने व्यवस्था रहेको छ ।

नेपालको संविधान र आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ वमोजिम विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता, सरकारको नीति तथा कार्यक्रम संसदमा पेश भई व्यापक छलफल पश्चात प्राप्त सुझावको आधारमा विनियोजन विधेयक र आर्थिक विधेयक वन्ने गरेको छ । मन्त्री र शासक दलको योजनामात्र वजेटमा समावेश गरिने गरेको भन्ने विषय सत्य होइन । आगामी दिनमा प्रदेशगत तथा जिल्लागत सन्तुलनमा थप ध्यान दिइनेछ । माननीय सांसदले सुझाएका सुझावलाई आधार मानेर नै वजेट तर्जुमा गर्ने गरिएको छ ।

प्रश्न नं.४२

जीवन र निर्जीवज वीमाको नाममा विमितलाई ठगी गर्ने काम भइरहेको जनगुनासोवारे सरकारको मत के छ ? निजी वीमाको नाममा ठगी झन वढेको जनगुनासो कसरी सम्वोधन हुँदैछ ?

उत्तरः

जीवन र निर्जीवन वीमाका नाममा विमितलाई ठगी गर्ने जनगुनासोका सम्वन्धमा नेपाल वीमा प्राधिकरणवाट नियमित अनुगमन तथा सुपरीवेक्षण भइरहेको छ । प्राप्त जनगुनासोको अनुसन्धान गरी कारवाही गर्ने कार्य पनि प्राधिकरणले गरिरहेको छ । वीमामा ठगी हुन नदिन प्रकृया पारदर्शी वनाउने, सुचना प्रविधिमा आधारित वनाउने, वीमा साक्षरता र जागरण वढाउने कार्य भइरहेको छ ।

प्रश्न नं.४३

सार्वजनिक खरिद ऐन र नियम क र ख वर्गका ठेकेदारहरु अनुकुल हुनेगरी सरकारले पारित गराएको सत्य हो कि होइन ?

उत्तरः

सार्वजनिक खरिद अनुगमन कार्यालय प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत रहने भएकोले यस प्रश्नको जवाफ तहाँवाट प्राप्त हुने व्यहोरा अनुरोध छ ।

प्रश्न नं.४४

पाँच वर्ष यता विदेशी मदिरा के कति परिमाणमा आयात भयो र त्यसवाट के कति राजस्व रकम उठ्यो ? जनतालाई मदिरा खुवाएर राजस्व उठाउनु सरकारको कर्तव्य हो ? मदिरा उत्पादन र आयातमा प्रतिवन्ध कहिलेदेखि लगाइने हो ?

उत्तरः

चालु आर्थिक वर्षको वैशाखसम्म १० महिनाको अवधिमा विभिन्न प्रकारका मदिरा गरी कुल २६ लाख ४० हजार ६ सय २ लिटर (रू.२ अर्ब २३ करोड वरावर मूल्य)परिमाणमा मदिराको आयात भएको छ। यसबाट रू.२ अर्ब ९९ करोड बराबरको राजस्व सङ्कलन भएको छ। पछिल्लो ५ वर्षको मदिरा आयातको परिमाण, र राजस्व संकलन तालिकामा उल्लेख गरिएको छ।

तालिका १ : पछिल्लो ५ वर्षको मदिराको आयातको परिमाण

मदिराकोप्रकार	इकाई	आर्थिकवर्ष				
		२०७५/ ७६	२०७६/ ७७	२०७७/ ७८	२०७८/ ७९	२०७९/८०*
तयारी मदिरा	लिटर	६३९१३५	५०११५७	५३३९८६	७६०४६४	४२७७५४
माल्ट स्प्रिट	लिटर	५२७५०६५	५९५९४११	४६६९१८०	४५९६०१२	१५१२२५६
मदिराको कच्चा पदार्थ	लिटर	७४४८७०	५९५७१७	४१११६२	५६७८२८	३०८४३२
वाइन	लिटर	६८९५२४	७३६८८३	४१९१४१	७४३६६३	३३९३८९
वियर	लिटर	३१६८६२	२३३११३	१२२८५७	११०४०५	५२७७१
जम्मा	**लिटर**	**७६६५४५७**	**८०२६२८०**	**६१५६३२५**	**६७७८३७१**	**२६४०६०२**

स्रोतःभन्सार विभाग, २०८० * वैशाखसम्म

तालिका २: पछिल्लो ५ वर्षको मदिराको आयातबाट संकलित राजस्व (रू. १० लाखमा)

मदिराकोप्रकार	आर्थिकवर्ष				
	२०७५/ ७६	२०७६/ ७७	२०७७/ ७८	२०७८/ ७९	२०७९/८०*
तयारी मदिरा	१९१७.२८	१७६६.२९	१९१२.१२	२८५९.७०	१६६०.८५
माल्ट स्प्रिट	६२३.५७	८६२.४६	६९७.२६	७५९.९८	२९७.८७
मदिराको कच्चा पदार्थ	१०६७.७६	१०८६.२३	८६२.९६	११६२.८९	६८९.४२
वाइन	४८५.९०	५९७.६४	३५३.५८	६७१.६०	३०९.७३
वियर	९४.३१	९६.७१	५५.६४	५४.८०	२७.३८
जम्मा	**४१८८.८१**	**४४०९.३२**	**३८८१.५६**	**५५०८.९७**	**२९८५.२५**

स्रोतःभन्सार विभाग, २०८०

* वैशाखसम्म

मद्यपान/धुमपान लगायतका वस्तुको उपभोगलाई निरुत्साहित गर्नको लागि सरकारले रेडियो, टेलिभिजन, पत्रपत्रिका लगायतका सञ्चारमाध्यममा यस्ता बस्तुहरुको विज्ञापनमा रोक पनि लगाउँदै आएको छ। सरकारले नीति तथा कार्यक्रम तथा सञ्चारमाध्यम मार्फत मद्यपान बिरुद्ध जनचेतना अभिवृद्धि समेत गर्दै आएको छ। साथै, मदिराको उपभोगलाई निरुत्साहन गर्ने अभिप्रायले सरकारले मदिराजन्य वस्तुमा वर्षै पिच्छे करको दर (भन्सार महसुल र अन्तःशुल्क) पनि बढाउँदै लगेको छ । त्यसैगरी, मदिरा बिक्रीको ईजाजत पत्र लिएर मात्र तोकिएको समयमा मदिराको बिक्री वितरण गर्न पाउने ब्यवस्था समेत सरकारले गर्दै आएको छ। मदिराको आयातमा सरकारले भन्सार महसुल र अन्तःशुल्क बढाउँदै जानुले मदिराको आयातमात्र नभएर उपभोगलाइ समेत क्रमशः निरुत्साहित गर्दै लगिएको छ ।

प्रश्नकर्ताः मा.तेजुलाल चौधरी

प्रश्न नं.४५

हवाई मार्ग हुँदै नेपाली नागरिकले लाख दुईलाखको सामानहरु ल्याउन पाइरहेको छ । तर छिमेकी सीमाक्षेत्रवाट सर्वसाधारण जनताहरु दैनिक उपभोग्य सामानहरु ल्याउँदा किन त्यति धेरै सास्ती खेप्नु परिरहेको छ ? माननीय मन्त्रीज्यू खुल्ला सिमानावाट तस्करहरुले अनेक सेटिङ्ग गरी सजिलै सामान भित्र्याउने तर सर्वसाधारण जनतालाई सास्ती दिएर ठुलै अपराधी समातेको नाटक किन हुँदै छ ?

उत्तरः

भन्सार ऐन, २०६४ तथा भन्सार नियमावली, २०६४ साथै आर्थिक ऐन, २०८० र नेपाल राजपत्र मिति २०८०/०२/१५ गतेको खण्ड ७३ अतिरिक्तांक ५ मा प्रकाशित यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका माल वस्तु सम्वन्धी जारी आदेशको सुचनामा भएको व्यवस्था अनुसार सामानहरु ल्याउन पाउने व्यवस्था रहेको र सोही अनुसार प्रशासन भइरहेको छ । खुल्ला सिमानावाट हुने चोरी पैठारी नियन्त्रण गर्न राजस्व चुहावट नियन्त्रण सम्वन्धी विभिन्न संयन्त्रहरु कृयाशील रहेको र सो सम्वन्धमा अन्तर निकाय समन्वय समेत गर्ने गरिएको छ । सर्वसाधारण जनतालाई सास्ती दिने गरिएको छैन । चोरी पैठारी

नियन्त्रण गर्ने राज्यको जिम्मेवारी वहन गर्ने कार्यमात्र गरिएको हुँदा माननीयज्यूहरुलाई सोही अनुरुप विषयवस्तु ग्रहण गरिदिन अनुरोध छ ।

रक्षा मन्त्रालय

माननीय रक्षामन्त्रीसँग

प्रश्नकर्ताः मा. प्रेम सुवाल

प्रश्न नं.४६

स्वास्थ्य र अनुशासनको लागि १८ वर्ष पुगेका युवालाई अनिवार्य सैनिक तालिम दिनुपर्ने होइन र?

उत्तरः

१. नेपालमा अध्ययनरत छात्रछात्राहरुमा अनुशासन, चरित्र, स्वास्थ्य, भ्रातृत्व एवम् देशभक्तिको भावनाले ओतप्रोत पार्दै आफ्नो मातृभूमिप्रति बढी जिम्मेवार बनाउन तत्कालीन मन्त्रिपरिषद्बाट मितिः२०२२/०६/११ मा निर्णय भई सोही समयदेखि राष्ट्रिय सेवा दलको स्थापना गरी प्रत्येक वर्ष छात्रछात्राहरुलाई नेपाली सेनाले राष्ट्रिय सेवा दलको तालिम प्रदान गर्ने गरेको छ ।चालु आ.ब. मा ७७०० जनालाई यस्तो तालिम प्रदान गरिएको व्यहोरा अनुरोध छ।

२. नेपालमा अनिवार्य सैनिक तालिमको व्यवस्था नरहेको व्यहोरा समेत अनुरोध छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीसँग

प्रश्नकर्ताः मा. प्रेम सुवाल

प्रश्न नं.४७

प्रेसलाई सुरक्षित बनाउने विषय सरकारको प्राथमिकतामा नपरेको, एक वर्षमा ५५ ओटा प्रेस स्वतन्त्रता हनन् भएको, यसबाट ९३ जना पत्रकार प्रभावित भएको, आठ ओटा समाचार संस्थामा क्षति पुगेको, छिटोछिटो धनाढ्य हुन चाहने समूहबाट प्रेसमाथि आक्रमण भएको, प्रेसमाथि नियन्त्रण गर्न सरकार आफै लागेको सञ्चार क्षेत्रको आरोपबारे सरकारको भनाई के छ ?

उत्तर :

श्रमजीवी पत्रकारहरुको हक, हित, सुविधा र सुरक्षाको समयोचित व्यवस्था गरी स्वच्छ पत्रकारिता विकास गर्न श्रमजीवी पत्रकार सम्बन्धी ऐन २०५१ र श्रमजीवी पत्रकार सम्बन्धी नियमावली, २०५३ का साथै न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिस कडाइको साथ लागू गरिएको छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता प्रति बलियो प्रतिवद्धताका साथै बहुलवादी र स्वतन्त्र प्रेसको पक्षमा नेपार सरकार प्रष्ट रुपमा उभिएको छ । सरकार अभिव्यक्ति स्वतन्त्रतालाई मानव अधिकारको संवाहकको रुपमा प्रवर्धन गर्दछ । साथै संविधानमा उल्लिखित संचारको हकको प्रचलन तथा निर्वाध प्रेस स्वतन्त्रताको अभ्यासद्वारा सूचना तथा ज्ञानमा आधारित सूचना-समाजको निर्माण गर्दै

लोकतन्त्रलाई अझ उन्नत बनाउन लागि परेको जानकारी नेपाल सरकारको तर्फबाट यस सम्मानित सदनमा गराउन चाहन्छु ।

प्रश्न नं.४८

आगामी आवदेखि विज्ञापनको भाषा र व्यक्ति नेपाली नै हुनुपर्ने व्यवस्था गरिने के सत्य हो ?

उत्तर :

उपरोक्त सम्बन्धमा विद्यमान विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ६ को ३ मा " विदेशी विज्ञापनलाई नेपालका संचार माध्यमले प्रसारण गर्दा डबिंग गरी प्रसारण गर्न पाईने छैन" भन्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन भईरहेको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रीसँग

प्रश्नकर्ताः मा. प्रेम सुवाल

प्रश्न नं.४९

नेपाली सेनाको जिम्मामा निर्माण भईरहेको काठमाण्डौं –बारा द्रुर्तमार्गको झण्डै ५ खर्ब रुपैयाँलाई देशको सन्तुलित विकास, विद्यालय, कलेज, र विश्वविद्यालय स्थापना र सञ्चालनमा लगानी गरिएको भए नेपाली जनतालाई प्रत्यक्ष लाभ हुने होईन र?

उत्तर :-

देशकै राजधानी काठमाण्डौंलाई तराई/मधेश भुगागसँग जोड्ने छिटो र छरितो मार्गको अत्यन्तै आवश्यक्ता देखिएको छ । Fast track निर्माणले काठमाण्डौं र तराई/मधेशको आवत जावत एवं ढुवानी खर्चमा उल्लेख्य कमि आई समग्र अर्थतन्त्रलाई गति दिन सहयोग हुनेछ। सन्तुलित विकासका लागि विद्यालय, कलेज र विश्वविद्यालय स्थापना र सञ्चालनका साथै समग्र अर्थतन्त्रको विकासका लागि सडक निर्माण अत्यन्तै महत्वपूर्ण हुनेगर्दछ । पूर्वाधारको भरपर्दो विकास नभई अर्थतन्त्र दिगो नहुने भएकोले सडक पूर्वाधार विकासका लागि मेरुदण्ड मानिन्छ। अत काठमाण्डौं-बारा द्रुर्तमार्ग निर्माण गर्नु अत्यन्तै आवश्यक छ।

प्रश्न नं.५०

सरकारले पूर्व पश्चिम राजमार्ग चौडा गर्नुभन्दा कृषि, उर्जा , शिक्षा, स्वास्थ्यमा बजेट बढाएको भए आन्तरिक उत्पादन बढ्ने र देश आत्मनिर्भर हुने होइन र ? श्रीलंकाको अर्थतन्त्र कमजोर हुनासाथ

शहरको बीचमा निर्माणाधीन सयौं भवनको बजेटसमेत आन्तरिक उत्पादन बढ्ने शिर्षकमा खर्च गरेको सरकारलाई जानकारी छ कि छैन ?

उत्तर :

विकासशिल राष्ट्र नेपालका लागि कृषि, उर्जा, शिक्षा, स्वास्थ्य एवम् भौतिक पुर्वाधारका क्षेत्रहरूमा लगानी गरी देशको अर्थतन्त्रलाई बलियो बनाउनु आवश्यक रहेकोमा सबै क्षेत्रहरूको आफ्नै मौलिक महत्व रहि यी क्षेत्रहरू एक अर्काको परिपुरक समेत रहेको हुनाले कुनै एकको विकासलाई रोकी अर्कोमा लगानी गर्न उचित नहुने देखिन्छ । राजमार्गको विस्तार र स्तरोन्नतिले ग्रामिण क्षेत्रलाई व्यापारिक क्षेत्रसम्म जोडी यातायातमा सहजता ल्याउने हुदाँ यसले कृषि, उर्जा, शिक्षा र स्वास्थ्यका क्षेत्रको बिकासमा पनि महत्वकांक्षी भुमिका खेल्ने गर्दछ। देशको दिर्घकालिन विकासलाई मध्यनजर गरी राजमार्ग फराकिलो बनाउनु आवश्यक छ । तसर्थ, सरकार विभिन्न साना बजेटका प्रतिफल नदिने आयोजनाहरू जस्तै भ्युटावर, बाटो तथा न्युनतम आवश्यकता परिपुर्ति नभएका ठाउँमा निर्माण हुने संरचनाहरुको बजेटलाई कटौती गरी कृषि, उर्जा, शिक्षा र स्वास्थ्यका क्षेत्रमा लगानी गर्ने र देशलाई आत्मनिर्भर तथा समृद्ध बनाउने कार्यतर्फ तत्पर रहेको छ ।

प्रश्न नं.५१

सुरुमा ६४ अर्ब रुपियाँ लागत अनुमान गरिएको काठमाडौं-बारा द्रुतमार्ग अहिले ४०० अर्बभन्दा बढी लागत अनुमानमा पुऱ्याएर रक्षा मन्त्रालयमार्फत काम सुरु गराउनु पर्ने अवस्था किन भयो ?

उत्तरः

६४ अर्ब लागत अनुमानबाट सुरु गरिएको काठमाडौं-बारा द्रुतमार्ग कारिब एक दशक अगाडी सम्झौता भएको आयोजना हो । यस आयोजनमा पहिलेको अनुमानमा ३ वटा **Tunnel** राखिएकोमा आवश्यकता अनुरुप अहिले ६ वटा **Tunnel** राखिएको हुनाले लागत अनुमान बढेको देखिन्छ । अहिले रक्षा मन्त्रालय मार्फत काम सुरु गराइएकोमा **Design Standard** परिवर्तन भई मुद्रास्फितिका कारण **Price Adjustment** समेत भएको हुनाले नयाँ लागत अनुमान ४०० अर्बको नभई २१३ अर्बमा काम सुरु गराइएको छ ।

प्रश्न नं.५२

नेपालमा रेल सेवा शुरु भएको कति वर्ष भयो? रेल सेवाको हालको अवस्था के कस्तो छ ? हाल कति किलोमिटर दुरीमा रेल सेवा सञ्चालित छ? बिजुलीबाट रेल सेवा कहिले देखि चल्ने हो ?

उत्तरः

नेपालमा सन् १९२७, २६ फेब्रुअरी अर्थात् वि.सं. १९८३, फाल्गुन ५ मा ब्रिटिस इण्डिया सरकारले बनाइदिएको रक्सौलदेखि अमलेखगञ्जसम्मको करिब ३९ कि.मि. लामो दूरीको न्यारोगेज ट्रयाकमा रेल सेवाको सुरूवात भएको थियो । नेपाल गभरमेन्ट रेल्वे (**NGR**) भनिने यो रेलमा १२ वटा यात्रु वाहक कोच र ८ वटा मालवाहक डिब्बाहरू (**Wagon**) थिए । वाष्प यन्त्रले (**Steam Powered**) चल्ने यो रेल सेवा सन् १९६५ सम्म सञ्चालनमा रहेको थियो । त्रिभुवन राजपथको निर्माण पश्चात् उक्त सडक मार्गद्वारा वीरगन्ज जोडिए पछि यो रेल सेवा बन्द भएको थियो ।

नेपालमा दोस्रो रेल सेवा पनि ब्रिटिस सरकारकै सहयोगमा सन् १९३७ अर्थात् वि.सं. १९९४ देखि भारतको जयनगर देखि नेपालको जनकपुरसम्म सञ्चालनमा रहेको थियो । नेपाल जयनगर-जनकपुर रेल्वे (**NJJR**) भनिने यो रेल सेवा ४५ कि.मि. दूरीमा चल्दथ्यो र यो पनि न्यारोगेज कै ट्रयाक थियो । केही समयपछि रेल सेवालाई बिजलपुरासम्म विस्तार गरिएको थियो । सन् २००१ मा आएको बाढीले यस रेल्वेको दुईओटा पुल भत्काई दिएकाले बिजलपुरासम्मको रेल सेवा बन्द हुन पुग्यो । तत्पश्चात् जनकपुर-जयनगर मात्र सञ्चालन भैरहेको यो रेल सेवा वि.सं. २०७० सालबाट न्यारोगेजको सट्टा ब्रोडगेजमा स्तरोन्नती र बर्दिबाससम्म बिस्तार गर्ने कार्य सञ्चालन गर्न वि.स. २०७८ सम्म बन्द गरिएको थियो । भारतीय सहयोगमा ब्रोडगेज स्तरमा स्तरोन्नति कार्य वि.सं. २०७० मा प्रारम्भ भएको जयनगर- जनकपुर-बर्दिवास रेल्वे परियोजनाको हाल जयनगरदेखि जनकपुरको कुर्थासम्मको ट्रयाक तथा स्टेशन एवम् हल्टको निर्माण भई २०७८ चैत्र २० गतेबाट रेल सेवा संचालनमा रहेको छ ।

साविकमा सरकारी संगठन संरचना अन्तर्गत नै रक्सौल-अमलेखगंज र जयनगर-जनकपुर रेल सेवा संचालन भै आएकोमा वि.स. २०२२ सालमा नेपाल यातायात संस्थान स्थापना भएपछि सो संस्थान अन्तर्गत रेल सेवा पनि गाभिएको थियो। वि.स. २०५८ सालमा नेपाल यातायात संस्थान खारेज भयो । त्यसपछि चलिरहेको जनकपुर जयनगर रेल सेवा लगायत मुलुकका अन्य भागमा रेल सेवा संचालन र विस्तार गर्न उद्देश्यले वि.स. २०६१ सालमा नेपाल रेल्वे कम्पनीको स्थापना गरियो । कम्पनीमा सबै शेयर लगानी नेपाल सरकारकै निकायहरुको रहेको छ। वि.स. २०७० साल माघबाट जयनगर - जनकपुर रेल सेवा बिस्तारका लागि बन्द गरिएको परिस्थितिमा कर्मचारीहरुलाई यथावत राखी व्ययभार वहन गरिरहनु उचित नभएकोले अस्थायी कर्मचारीहरुलाई केही सुविधा दिएर तथा स्थायी कर्मचारीहरुलाई पनि स्वैच्छिक अवकाशको अवसर दिएर हटाइएको थियो ।

हाल नेपालमा नेपाल रेल्वे कम्पनी लिमिटेड अन्तर्गत भारतको जयनगरबाट जनकपुर हुँदै कुर्था (धनुषा जिल्ला) सम्म ३५ कि.मि. खण्डमा दुईवटा यात्रुवाहक रेल संचालनमा रहेका छन् ।

DEMU (Diesel Electric Multiple Unit) Model का दुई रेल नेपाल सरकारले खरिद गरी नेपाल रेल्वे कम्पनी अन्तर्गत संचालन भई दैनिक दुईपटक सेवा दिइरहेका छन् ।

नेपाल रेल्वे कम्पनीसँग जनशक्ति नभएकाले विनियमावली स्वीकृति, कर्मचारीहरूको कार्य विवरण, पाठ्यक्रम आदि तयार गरेर प्रतिस्पर्धात्मक परीक्षा प्रणालीबाट छनोट गरी तालिम प्रदान गरी दक्षता हासिल नभएसम्मका लागि भारतीय कोकण रेल्वे कम्पनीबाट जनशक्ति उपलब्ध गरी रेल सञ्चालन गरिएको छ । भारत सरकारले कुर्था (धनुषा) देखि बिजलपुरा (महोत्तरी) सम्मको १७ कि.मि. खण्डमा ट्रयाक निर्माण कार्य सम्पन्न गरी मिति २०८०/०२/१८ मा हस्तान्तरण गरेको छ । बिजलपुरादेखि बर्दिबास खण्डको १७ कि.मी. का लागि नेपाल सरकारले जग्गा अधिग्रहण कार्य गरिरहेको छ । जग्गा अधिग्रहण सम्पन्न भएपछि भारत सरकारले यस खण्डमा रेल्वे ट्रयाक र स्टेशनहरू निर्माण गरी हस्तान्तरण गरिदिने छ । यो खण्डमा निर्माण सम्पन्न भए पश्चात जयनगर-जनकपुर-बर्दिबास खण्डको कुल लम्बाई ६९ कि.मिको हुनेछ ।साथै बर्दिबासमा पूर्व-पश्चिम रेल्वे लाहनसँग समेत जोडिने छ।

त्यस्तै नेपालमा संचालनमा रहेको रक्सौल (भारत)-सिर्सिया (वीरगंज) मालवाहक रेल सेवा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको नेपाल इन्टरमोडेल यातायात विकास समिति मार्फत संचालन भएको छ। यसैगरी अर्को भारत सरकारको अनुदान सहायतामा निर्माणाधिन कटहरी (मोरङ)- बिराटनगर- बथनाहा (भारत) १८ कि.मि. मध्ये ८ कि.म खण्डको निर्माण कार्य सम्पन्न भइ यस खण्डमा मालबाहक रेल सेवा संचालन गर्ने विषय छलफल गरी टुङ्याउने र नेपाल-भारत सरकार बीच बुझ्ने/बुझाउने क्रममा रहेको छ।

प्रश्नकर्ताः मा. दिलेन्द्र प्रसाद बडु

प्रश्न नं.५३

दार्चुला-टिंकर सडकमध्ये नेपाली सेनाले निर्माण गर्ने सडक खण्डको पछिल्लो DPR अनुसार कुल लम्बाई कति छ र कहिलेसम्म निर्माण गर्ने योजना छ?

उत्तरः दार्चुला टिंकर सडकमध्ये नेपाली सेनाले निर्माण गर्ने सडक (तुषारपानी-टिंकर खण्ड) सडक खण्ड हो। पछिल्लो "DPR" अनुसार उक्त सडक खण्डको लम्वाई ७९ कि.मि. रहेको छ ।

नेपाल सरकार मन्त्रीपरिषदको निर्णयानुसार मिति २०७७/०१/१४ गते तथा २०७८/१०/१७ गते सडक निर्माणको जिम्मेवारी नेपाली सेनालाई प्रदान भएको जसमा निर्माण सम्पन्न गर्ने मिति सम्बन्धमा निर्दिष्ट समयसीमा उपलब्ध नगराईएको साथै निर्माण सम्पन्न गर्न निकै ठूलो व्ययभार रहने भएकोले यसको

सम्पन्न हुने अवधि वजेट उपलब्धताको आधारमा तय हुनेछ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सकेसम्म छिटो उक्त सडक सम्पन्न गर्ने लक्ष्यका साथ अघि बढेको छ ।

प्रश्न नं.५४

विटुले-पारिवगर-खण्डेश्वरी सडकलाई उत्तरमा चीनको सिमा नाका "उरै" सम्म जोड्ने गरी चमेलिया कोरिडोर निर्माण गर्नेतर्फ सरकारको के योजना छ?

उत्तर:

उल्लेखित सडक निर्माण गर्दा उक्त क्षेत्रका नागरिकलाई सहजता हुने कुरा सत्य हो।उक्त खण्डमध्ये हाल विटुले पारिवगर खण्डेश्वरी सडक खण्डमा १० कि.मि. स्तरोन्नतिको कार्य भईरहेको छ । बाँकी मध्ये मकरीगाड- खण्डेश्वरी-उरै भञ्ज्याङ सडक करिब ४५ कि.मि. लम्वाई मा नयाँ Track निर्माण गर्नुपर्ने आवश्यक्ता देखिएको । निर्माण भईरहेको खण्ड वाहेक अन्य खण्ड हरु वजेट उपलब्धताको आधारमा प्रस्ताव गरिने ।

प्रश्न नं.५५

सडकतर्फ राष्ट्रिय गौरवका योजनाका रुपमा सुचिकृत गर्ने आधारहरु के के हुन ? दार्चुला-तिंकर सडक आयोजनालाई राष्ट्रिय गौरवको योजनामा समावेश किन नगरिएको हो?

उत्तरः

राष्ट्रिय अर्थतन्त्रको जीवनरेखाका रुपमा रही मूलुकको आर्थिक-सामाजिक रुपान्तरणमा महत्वपूर्ण योगदान गर्न सक्ने ,आर्थिक विकासका साथसाथै सामाजिक रुपान्तरणप्रादेशिक , रोजगारी सिर्जना , सन्तुलनमाकोशेढुङ्गा सावित हुन सक्नेनिश्चित समयावधिभित्र सक्ने लक्ष्यका रणनैतिक , सडकहरुलाई आधार लिई सडक तर्फ राष्ट्रिय गौरवका योजनाका रुपमा सुचिकृत भएका छन । राष्ट्रिय गौरवको आयोजनाको रुपमा समावेश हुनुपर्ने देशभर धेरै आयोजनाहरु छन तर वजेटको सिमितताको कारणले समावेश गर्न सकिएको छैन। राष्ट्रिय गौरवको आयोजनामा नभएतापनि मन्त्रालयले महाकाली कोरिडोरलाई उच्च महत्व दिई निर्माण कार्य भईरहेको व्यहोरा अनुरोध गर्दछु ।

प्रश्न नं ५६

काठमाडौं-तराई जोड्ने द्रुत मार्ग (Fast Track) निर्माण सम्पन्न गर्ने प्रारम्भिक लक्ष्य र वर्तमान लक्ष्य तथआ प्रारम्भिक अनुमानित बजेट र वर्तमान अनुमानित बजेटमा कति फरक छ ?

उत्तर :

उल्लेखित प्रश्नका सम्बन्धमा तयार गरिएको जवाफ देहाय बमोजिम रहेको छ ।

१. <u>आयोजनाको सम्पन्न गर्ने प्रारम्भिक लक्ष्य</u>

(क)मिति २०७४।०१।२१ गते नेपाल सरकार मन्त्रीपरिषद्बाट "काठमाडौँ-तराई मधेश फाष्ट ट्रयाक सडक आयोजनाको काठमाडौँ-निजगढ खण्डको निर्माण व्यवस्थापन नेपाली सेनाबाट गर्ने निर्णय भएको थियो । साथै, सोही निर्णयमा " उक्त फाष्ट ट्रयाक सडक (द्रुतमार्ग) को ४ (चार) वर्षभित्र निर्माण सम्पन्न गर्ने" समेत उललेख भएको थियो ।

(ख)मिति २०७६।०५।०१ गते नेपाल सरकार मन्त्रीपरिषद्बाट स्वीकृत भएको विस्तृत आयोजना प्रतिवेदन बमोजिम डिजाइन कार्यको लागि ६(छ) महिनासहित निर्माण सम्पन्न अवधि ४ वर्ष ६ महिना रहेको थियो ।

(ग) आयोजनाको अन्तराष्ट्रिय परामर्शदाता सँग मिति २०७७।०२।०२ मा सम्झौता भएकोले उक्त मितिबाट आयोजनाको डिजाइन कार्य शुरु हुने हुँदा निर्माण सम्पन्न गर्ने प्रारम्भिक लक्ष्य २०८१ मङ्सिर रहेको छ ।

२. <u>आयोजना सम्पन्न गर्ने वर्तमान लक्ष्यः</u>

(क)मिति २०८०।०१।०५ गते नेपाल सरकार मन्त्रीपरिषद्बाट "काठमाडौँ-तराई मधेश द्रुतमार्ग सडक आयोजनाको निर्माण अवधि २०८३ चैत्र मसान्तसम्म थप गर्ने" निर्णय भएको छ ।

(ख)नेपाल सरकार मन्त्रीपरिषद्बाट निर्दिष्ट समयावधिमा नै निर्माण सम्पन्न गर्ने आयोजनाको लक्ष्य रहेको छ ।

३. <u>आयोजनाको प्रारम्भिक अनुमानित बजेट</u>

मिति २०७६।०५।०१ गते नेपाल सरकार मन्त्रीपरिषद्बाट स्वीकृत भएको विस्तृत आयोजना प्रतिवेदन बमोजिम आयोजनाको अनुमानित कुल लागत **VAT, Contingency, Physical Contingency** र **Price Escalation** सहित रू.२,१३,९५,३२,२०,५२७।८१ (दुई खर्व तेह्र अर्ब पन्चानब्बे करोड बत्तिस लाख बिस हजार पाँच सय सत्ताइस रुपैँया एकासी पैसा) रहेको छ ।

४. <u>आयोजनाको वर्तमान अनुमानित बजेट</u>

मिति २०८०।०४।३० गते नेपाल सरकार मन्त्रीपरिषद्बाट स्वीकृत परिमार्जित विस्तृत आयोजना प्रतिवेदन बमोजिम आयोजनाको कुल लागत रू. २,११,९३,००,००,०००।०० (दुई खर्व एघार अर्ब त्रिनानब्बे करोड) रहेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीसँग
मा. प्रेम सुवाल
प्रश्न नं.५७

मुगु जिल्लाको पुलु स्वास्थ्य चौकीमा एक सुत्केरी महिलाको सालनाल ढुंगा हानेर काटिएको 'हेर्ने कथा EP 104' मा प्रसारित भएको सरकारलाई जानकारी छ कि छैन? नेपालीको यस्तो दयनीय अवस्था कुन कुन जिल्लामा छ? सरकारले यसको सम्बोधन कहिले गर्ने हो?

उत्तरः

मुगु जिल्लाको पुलु स्वास्थ्य चौकीमा एक सुत्केरी महिलाको सालनाल ढुंगाले काटिएको 'हेर्ने कथा EP 104' मा प्रसारित श्रव्य दृश्य कथा सम्वन्धमा उक्त सुत्केरी महिला स्वास्थ्य संस्थामा नभै स्वास्थ्य संस्थामा जाने क्रममा वाटोमै एक्लै सुत्केरी भएको अवस्थामा स्वास्थ्यकर्मीले बाटोमै भेटी सुत्केरी गराउने डेलिभरी सेट सहित जाँदा बाटोमा सुत्केरी भइसकेपछि सुत्केरी आँफैले ढुंगाले नाल काट्ने प्रयास गरेको र स्वास्थ्यकर्मीले सुरक्षित सुत्केरी सामाग्रीबाट नाल काटेर बच्चा र आमा दुवैलाई स्वास्थ्य संस्थामा प्रसूति पश्चात सेवा प्रदान गरी डिस्चार्ज गरेको कुरा श्रव्य दृश्यमा उल्लेख भएको ।

नेपाल सरकारले वि.सं. २०६३ देखि देशभरी आमा सुरक्षा कार्यक्रम लागु गराई वि. सं. २०७८ सालमा आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका संशोधन गरी सरकारी र स्वीकृती प्राप्त निजी तथा गैर सरकारी स्वास्थ्य संस्था बाट निम्न अनुसारका सुविधाहरु उपलब्ध गराउँदै आएको छ।

- स्वास्थ्य संस्थाबाट प्रदान गरिने सुरक्षित प्रसूति सेवा (सामान्य, जटिलतायुक्त, शल्यक्रियाद्वारा गरिने प्रसूति सेवा) निःशुल्क उपलब्ध हुने गरेको छ ।
- प्रसूति सेवा प्राप्त गर्ने महिलालाई यातायात खर्च तराई, पहाड र हिमालमा क्रमश रु १०००, रु २००० र रु ३०००उपलब्ध हुने व्यवस्था छ ।
- गर्भवती जाँच सेवा प्राप्त गरी स्वास्थ्य संस्थामा प्रसूति हुने महिलालाई उत्प्रेरणा रकम स्वरुप रु ८०० उपलब्ध हुने व्यवस्था गरिएको छ ।
- महिला सुत्केरी भएको २४ घण्टा पश्चात डिस्चार्ज भई घर गइसकेपछि पुनः सुत्केरी भएको ४२ दिनभित्र प्रसूति सम्वन्धी जटिलता उत्पन्न भई पुनः स्वास्थ्य संस्थामा आएमा सो महिलालाई जटिलता व्यवस्थापन गरिएको संस्थाबाट यातायात खर्च सहित निःशुल्क सेवा प्रदान हुन्छ ।

सुत्केरी हुने कुरा आकस्मिक भएको र जुनसुकै बेला पनि हुन सक्ने भएकोले प्राय भौगोलिक रूपले विकट स्थान र सडक पँहुच नपुगेको स्थानमा यस्तो अप्रत्याशित घटना हुन सक्ने सम्भावना हुन्छ ।

नेपाल सुरक्षित मातृत्व तथा नवजात शिशु मार्गचित्र २०३० अनुसारको लक्ष्य हासिल गर्नका लागि ८ पटक गर्भवति जाँच र ४ पटक उत्तर प्रसूति जाँचको व्यवस्था गरिएको र सुत्केरी सेवा स्वास्थ्य संस्थामै हुनुपर्ने व्यवस्था गरिएको छ ।

हाल नेपाल भर करिब ३१०० प्रसूति केन्द्रबाट प्रसूति सेवा प्रवाह भै रहेको छ ।स्थानीय तह तथा अस्पतालमा सुत्केरी गराउने क्रममा कुनै जटिलता उत्पन्न भएमा नजिकको शल्यक्रिया सहितको प्रसूति केन्द्रमा पुर्याउनको लागि प्रेषण कोषको व्यवस्था छ साथै दुर्गमका हिमाली र पहाडी जिल्लाका अस्पतालमा १ जना कुरुवा सहित ६ दिनका लागि निःशुल्क खाना बस्न Maternity Waiting Home को व्यवस्था गरिएको छ । नेपाल सरकारको स्थायी जनशक्तिले मात्र प्रसूति केन्द्रहरु सन्चालन हुन कठिनाई भएकोले अल्पकालको लागि नेपाल भरी १५१९जना करार अनमी नियुक्ती गरिएको छ साथै शल्यक्रिया सहितको प्रसूति सेवा प्रवाहका लागि अस्पतालहरुमा प्राविधिक जनशक्ति कम भएका स्थानमा प्रसूति तथा स्त्री रोग विशेषज्ञ, MDGP, एनेस्थेसियोलोजिष्ट वा एनेस्थसिया सहायक, ओटी नर्स को लागि समेत वजेट व्यवस्था गरिएको छ । साथै मागका आधारमा थप करार जनशक्ती नियुक्तिका लागि बजेट व्यवस्था गरिएको छ । स्थानीय तहले प्रसूति केन्द्र स्थापना गर्न सक्ने व्यवस्था समेत गरिएको छ ।

यी सम्पूर्ण माथी उल्लेखित पहलहरुले गर्दा नेपालको मातृ मृत्यु दर सन् १९९६ मा ५३९ प्रति लाख जिवित जन्ममा रहेकोमा सन् २०२१ मा १५१ प्रति लाख जिवित जन्ममा झरेको छ र स्वास्थ्य संस्थामा सुत्केरी हुने दर सन १९९६ मा १० प्रतिशत बाट सन् २०२१ मा ८० प्रतिशतमा पुगेको छ ।

जनस्वास्थ्य सेवा नियमावली २०७७ को अनुसूचि १ ग ले सुरक्षित मातृत्व सेवालाई आधारभूत स्वास्थ्य सेवाका रुपमा व्याख्या गरेको छ । यस सेवाको समयानुकुल सुधार तथा सुदृढीकरणका लागि सम्पूर्ण अधिकार स्थानीय तहमा निहित छ ।

प्रश्नकर्ता : मा. दिलेन्द्र प्रसाद वडू

प्रश्न नं.५८

सरकारी अस्पतालहरुमा आकस्मिक सेवाको क्षमता वृद्धि र सेवा सुधारतर्फ सरकारको के योजना छ?

उत्तरः

क] उपचारात्मक सेवा महाशाखामा आकस्मिक सेवा सम्बन्धीको व्यवस्थाहरू

आकस्मिक स्वास्थ्य सेवाको क्षमता वृद्धि र सेवा सुधारको लागि विशेषतः आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवा व्यस्थापन शाखा, उपचारात्मक सेवा महाशाखा, स्वास्थ्य सेवा विभाग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विभिन्न कार्यक्रम गर्दै आइरहेको छ र आगामी आर्थिक वर्षमा पनि यी कार्यक्रमहरुलाई निरन्तरता दिई थप नयाँ कार्यक्रमलाई विशेष प्राथमिकताका साथ अगाडी बढाउने योजना रहेको छ ।

१. स्वास्थ्यकर्मी क्षमता अभिवृद्धिको लागि भई आएका कार्यक्रमहरुः

- आकस्मिक स्वास्थ्य सेवाको स्तरीय उपचार पद्धति)Emergency Health Service - Standard Treatment Protocol (EHS-STP)) को निर्माण गरी २०७८ जेष्ठमा माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूबाट स्वीकृत गरियो साथै मिति २०७८ २२ गते-४-राष्ट्रिय स्तरमा सार्वजनिकरण गरियो।
- स्वास्थ्यकर्मीहरुलाई Primary Trauma Care (PTC) र Basic Life Support (BLS) सम्बन्धी तालिम दिदै आइरहेको र सो को लागि सातै प्रदेशको प्रदेश स्वास्थ्य तालिम केन्द्रमा रु.१५/१५ लाख बजेट विनियोजित गरिएको छ।

सातै प्रदेश समावेश हुने गरी केन्द्र र प्रदेशस्तरमा आकस्मिक स्वास्थ्य सेवाको स्तरीय उपचार पद्धति EHS-STP सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरियो ।

आ.व.	कार्यक्रम	मिति	स्थान	समेटिएका प्रदेश	विनियोजित बजेट आ.व २०७९/८०
२०७८/७९	EHS-STP सम्बन्धी प्रशिक्षक प्रशिक्षण अभिमुखीकरण कार्यक्रम -	२०७८/०८/७-९	धुलिखेल	सातै प्रदेश अन्तर्गतका प्रदेश स्वास्थ्य निर्देशानलय र स्वास्थ्य संस्थाबाट स्वास्थ्यकर्मी (Paramedics/Nurses/MDGP/MO)-३०	२०७८/७९
२०७९/८०	EHS-STP सम्बन्धी प्रशिक्षक प्रशिक्षण अभिमुखीकरण कार्यक्रम -	२०७९/०९/२७-२९ गते	धुलिखेल	सातै प्रदेश अन्तर्गतका प्रदेश स्वास्थ्य निर्देशानलय र स्वास्थ्य संस्थाबाट स्वास्थ्यकर्मी (Paramedics/Nurses/MDGP/MO)-४० जना	प्रत्येक प्रदेशमा EHS-STP सम्बन्धी अभिमुखीकरण कार्यक्रमको लागि रु. १०/१० लाख र किताब छपाईको लागि रु. ८/८ लाख विनियोजित गरिएको
		२०७९/११/१४-१६ गते	बिराटनगर, कोशी प्रदेश	कोशी प्रदेश, मधेस प्रदेश अन्तर्गतका निजि तथा सरकारी स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मी (MDGP/MO)-२५ जना	
		२०७९/१२/१-३ गते	नेपालगंज, लुम्बिनी प्रदेश	लुम्बिनी, कर्णाली, सुदुरपश्चिम प्रदेश अन्तर्गतका निजी तथा सरकारी स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मी (MDGP/MO)-२५ जना	
		२०७९/१२/८-१० गते	पोखरा, गण्डकी प्रदेश	बागमती र गण्डकी प्रदेश अन्तर्गतका निजि तथा सरकारी स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मी (MDGP/MO)-२५ जना	

२.**स्वास्थ्य सेवा गुणस्तर सुधारका लागि भई आएका कार्यक्रमहरु :**

- स्वास्थ्य संस्थाको गुणस्तर सुधारका लागि न्यूनतम सेवा मापदण्डः केन्द्रप्रदेश तथा स्थानीय , तहका११९अस्पतालहरुमा लागू गरिएको छ र नियमित अनुगमन तथा मूल्यांकन भइरहेको छ।

कार्यक्रम	**मिति**	**विनियोजित बजेट आ .व . ०८०/२०७९**
विभिन्न तहका अस्पतालहरुका लागि न्यूनतम सेवा मापदण्ड सम्बन्धी चेकलिस्ट निर्माण	२०७५ साल	
सबै स्वास्थ्य संथा न्यूनतम सेवा मापदण्ड (MSS)लागू गर्ने।	२०७६ भदौ १३ प्रदेशस्तर बाट सुरुवात भई हालसम्म ११९ अस्पतालहरुमा लागू गरिएको छ ।	स्वास्थ्य संस्थाको नियमित अनुगमन तथा मूल्यांकनको लागि सातै प्रदेशमा ८८ लाख विनियोजित गरिएको छ।/

- आवश्यकता अनुसार निजी तथा सरकारी अनुगमन तथा मूल्यांकन गरिरहेको छ।
- क्लिनिकल अडिट)Clinical Audit) सम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयन चरणमा रहेको छ ।
- आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि आवश्यक औषधी, औजार/उपकरण खरिदको लागि प्रदेश र स्थानीय तहमा बजेट विनियोजन गरिएको छ ।
- आ.व. २०७७/७८ मा गरिब तथा विपन्न वर्गका लागि निशुल्क आकस्मिक स्वास्थ्य सेवा प्रवाहका लागि कार्यविधि निर्माण गरी १५ वटा अस्पतालहरुमा बजेट विनियोजन गरियो ।

आगामी आर्थिक वर्षको लागि थप नयाँ कार्यक्रम :

- हाल सम्म चार वटा बिशिष्टिकृत अस्पतालहरुका लागी न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard (MSS)) सम्बन्धि चेकलिस्ट तयार गरी सचिव स्तरीय बैठक बसी सार्वजनिकरण गरि सकिएको र आगामी आ मा सो अस्पतालहरुको नियमित.व.अनुगमन तथा मूल्यांकनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट बजेट विनियोजन गरिएको छ ।
- आगामी आमा आकस्मिक स्वास्थ्य सेवा प्रवाह सम्बन्धी.व. राष्ट्रिय कार्यशाला गोष्ठी गर्ने ।

- Advance Cardiac Life Support (ACLS) सम्बन्धी तालिम प्याकेज निर्माण गरी देश भरिका स्वास्थ्य संस्थाका आकस्मिक विभागमा कार्यरत स्वास्थ्यकर्मीलाई तालिम दिने ।
- न्यूनतम सेवा मापदण्ड (MSS) अनुगमन तथा मूल्यांकनको आधारमा आकस्मिक सेवा विभागमा देखिएका कमि कमजोरीहरुलाई समेटी कार्ययोजना तयार गरी आकस्मिक सेवा सुदृढीकरणमा सहयोग गर्ने ।
- आगामी आ.व. मा आकस्मिक स्वास्थ्य सेवाको सुदृढीकरणको लागि बजेट बिनियोजन गरी कार्यक्रम गर्ने ।

ख] HEOC द्वारा आपतकालीन प्रतिक्रिया सम्बन्धी गतिविधिहरू:

१. अस्पतालको प्रकोप पूर्वतयारी प्रतिक्रिया योजना (Hospital Disaster Preparedness Response Plan) को विकास/अद्यावधिक - 25 हब अस्पतालहरू
२. आगो सुरक्षा (Fire Safety)
३. अस्पताल आगो सुरक्षामा भर्चुअल टेबलटप अभ्यास
४. विश्वव्यापी प्रकोप चेतावनी र प्रतिक्रिया नेटवर्क रोडशो (Global Outbreak Alert and Response Network Roadshow)
५. हब-स्याटेलाइट सम्मेलन
६. केन्द्र र प्रादेशिक स्तरमा हब-स्याटेलाइट अस्पताल नेटवर्क बैठकहरू
७. आपतकालीन सञ्चालन केन्द्र समन्वय
८. हेल्थ क्लस्टर (Health Cluster) समन्वय
९. आपतकालीन चिकित्सा टिम ब्याग प्याक, WHO ट्रमा ब्याग प्याक हस्तान्तरण
१०. स्थिति रिपोर्ट- COVID-19, पोखरा एयर दुर्घटना, डेंगु प्रकोप, हैजा प्रकोप आदि।
११. सिमुलेशन अभ्यास (Simulation exercises) - काठमाडौं र प्रदेश स्तर
१२. राष्ट्रिय र प्रदेशस्तर प्रेषण केन्द्र प्रणाली
१३. आधारभूत आपतकालीन हेरचाह र आपतकालीन हेरचाह टूलकिट
१४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका विभिन्न क्रियाकलापमा समन्वय र सूचना व्यवस्थापन
१५. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका विभिन्न समितिका सदस्य सचिव
१६. इमरजेन्सी मेडिकल लजिस्टिक वेयरहाउस (Emergency Medical Logistics Warehouse)
१७. हब अस्पतालहरूको resource mapping
१८. स्वास्थ्य र जनसंख्या मन्त्रालय, प्रान्तीय मन्त्रालय, हब अस्पताल, स्वास्थ्य साझेदारहरूको लागि सम्पर्क अद्यावधिक

ग] राष्ट्रिय तालिम केन्द्रबाट आकस्मिक सेवा सम्बन्धी प्रदान गरिने तालिमहरू :

1. आधारभूत प्राथमिक उद्दारकर्ता तालिम – फिल्ड टेस्ट भइ सकेको र तालिम व्यवस्थापन तयारीमा
2. एम्बुलेन्स चालक तालिम – ५०० जनालाई तालिम दिइसकेको, करिब २०० एम्बुलेन्समा GPS जडान भई प्रेषण केन्द्र मार्फत एम्बुलेन्स संचालन रहेको
3. Basic Emergency Medical Technician training – करिब १०० जना स्वास्थ्यकर्मीहरुलाई तालिम प्रदान
4. Hospital Preparedness for Emergencies

प्रश्नकर्ता : मा. प्रेम सुवाल

प्रश्न नं.५९

थोरै सहायताले प्राकृतिक रुपमा स्वास्थ्य नवजात शिशुको जन्म गराउने दक्ष प्रसुतिकर्मिहरुको क्षेत्र मिडवाईफ शिक्षालाई प्रवर्धन गर्न सरकारले के कस्तो नीति, कार्यक्रम र बजेटको व्यवस्था गरेको छ?

उत्तरः

मिडवाईफ्री शिक्षा र सेवा सम्बन्धी नीतिगत व्यवस्था

१. राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को

६.८.८. गुणस्तरीय स्वास्थ्य सेवाको लागि समयानुकूल विविध विधाहरू (मिडवाइफ, अस्पताल व्यवस्थापन, मेडिकल लिडरसिप, स्वास्थ्य अर्थशास्त्र आदि) मा विशिष्टिकृत जनशक्ति उत्पादनका लागि आवश्यक प्रबन्ध गरिनेछ।

६.२०.२. मातृशिशु स्वास्थ्य, बालस्वास्थ्य, किशोर-किशोरी स्वास्थ्य, प्रौढ तथा जेष्ठ नागरिक लगायत विभिन्न उमेर तथा जोखिम समूह लक्षित सेवाहरूको सुदृढीकरण गर्दै **प्रोफेसनल मिडवाईफ्री तथा नर्सिङ सेवा विस्तार** गरिनेछ।

६.२०.४. सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सेवालाई सुदृढ गर्न **प्रत्येक वडामा दक्ष प्रसूतिकर्मीको** व्यवस्था गरिनेछ।

२. पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१)

७.३. स्वास्थ्य तथा पोषण अन्तर्गत रणनीति ३ को कार्यनीति ५ मातृ मृत्युदर घटाउन तथ्यमा आधारित मिडवाइफ शिक्षा तथा सेवा लगायत विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

३. नर्सिङ्ग तथा मिडवाइफ्रि रणनीति (२०७७/७८-८७/८८)

उद्देश्य १ स्वास्थ्य सेवा सबै नागरिकको समतामूलक पँहुचका लागि नर्सिङ्ग तथा मिडवाईफ्रि सेवाको गुणस्तर अभिवृद्धि गर्न जनशक्तिको व्यवस्थापन गर्ने ।

उदेश्य २ अन्तर्राष्ट्रिय मापदण्ड अनुसार नर्सिङ्ग तथा मिडवाईफ्री शिक्षा प्रणालिको सुदृढीकरण गर्दै गुणस्तर अभिबृद्धि गर्ने।

उद्देश्य ३ नर्सिङ्ग तथा मिडवाईफ्री शिक्षा र सेवाको नियमन, अनुगमन र सुपेरीवेक्षण प्रणालिको विकास र विस्तार गरी नर्सिङ्ग तथा मिडवाइफ्री क्षेत्रको सुदृढीकरण गर्ने।

मिडवाईफ्री शिक्षा र सेवा सम्बन्धी कार्यक्रमहरु

१. स्नातक तह मिडवाईफ्रि शिक्षा हाल ५ वटा शिक्षण संस्थाहरुमा १८८ जना अध्ययनरत छन्।
२. प्रमाणपत्र तह मिडवाईफ्रिको पाठ्यक्रम विकास भई स्वीकृत भईसकेको तर हालसम्म पनि कार्यक्रम संचालन नभएको।
३. मिडवाईफ प्रशिक्षकहरुको लागि १४ दिने प्रशिक्षक प्रशिक्षण तालिम संचालनमा रहेको।
४. मिडवाईफ प्रशिक्षकहरुका लागि ब्रिज कोर्ष तयार भईसकेको ।

मिडवाइफहरुको अवस्थाः

१. हाल ५१ जना मिडवाईफहरुले स्नातक तह मिडवाईफ्रि शिक्षा हासिल गरी नेपाल नर्सिङ्ग परिषदमा दर्ता भइसकेका छन्।
२. मिडवाईफहरु परोपकार प्रसुति तथा स्त्री रोग अस्पताल ,राष्ट्रिय ट्रमा सेन्टर ,कान्ति बाल अस्पताल , मि र स्टाफ नर्सको पदमा कार्.न.कर्णालि स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अ ,वीर अस्पतालयरत छन्।

मिडवाईफ्रि जनशक्तिको आंकलन

जनशक्तिको प्रकार	सन् २०२५	सन् २०३०	जम्मा
मिडवाईफ प्रशासक (स्नाकोत्तर तह)	३०	४०	७०
मिडवाईफ अधिकृत (स्नातक तह)	२५०	३७०	६२०
मिडवाईफ(प्रमाणपत्र तह)	३९००	६०००	९,९००
जम्मा	४१८०	६४१०	१०,५९०

स्रोतः नेपालको स्वास्थ्य जनशक्ति सम्बन्धी राष्ट्रिय रणनीति, २०७७/७८-२०८६/८७ को अनुसूचि-१ पाना नं ४६

प्रमाणपत्रतह मिड्वाइफ्री शिक्षा शुरु गर्ने सम्भावित अस्पतालहरु

Potential Health Facilities Eligible for PCL Midwifery Education Program based on the Number of deliveries in FY 2021/2022 (HMIS)

Name of the Health Facilities	Province	District	Total Number of Deliveries	Remarks
Kalaiya District Hospital	Madhesh	Bara	3,298	According to Nepal Nursing Council's Minimum Requirement for PCL Midwifery Education Program (2018) for the intake size of 30 students the hospital must have at least 1,500 birth per year recognized by the MoHP/University Hospitals. According to Medical Education Commission to run PCL Nsg/Midwifery there should be 100 beds hospital.
Bhim Hospital	Lumbini	Rupandehi	3,265	
Rapti Provincial Hospital	Lumbini	Dang	2,873	
Mahakali Hospital	Sudhurpashchim	Kanchanpur	2,654	
Prithvi Bir Hospital	Lumbini	Kapilbastu	2,241	
District Hospital	Koshi	Udayapur	2,135	
Tikapur Hospital	Sudhurpashchim	Kailali	1,974	
District Hospital Siraha	Madhesh	Siraha	1,831	
Mahamadpur Health Post	Madhesh	Rautahat	1,826	
Pyuthan Hospital	Lumbini	Pyuthan	1,707	
Inaruwa Hospital	Koshi	Sunsari	1,647	
Mechi Hospital	Koshi	Jhapa	1,560	
Malangawa District Hospital	Madhesh	Sarlahi	1,559	
Prithvi Chandra Hospital	Lumbini	Nawalparasi	1,550	

मिडवाईफ्री शिक्षा र सेवाका लागि बजेटको व्यवस्थापन

नेपाल सरकार र साझेदार संस्थाबाट स्नातक तहको मिडवाईफ्री शिक्षाको लागि केहि विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको छ। विकास साझेदार संस्थाहरुबाट मिडवाईफ प्रशिक्षकहरुलाई तालिम लगायत गुणस्तरीय शिक्षाको लागि शिक्षण संस्थाहरुलाई प्रावधिक सहयोग प्रदान गरिएको।

मिडवाईफ्री कार्यक्रमका चुनौतिहरु

१. नेपालको स्वास्थ्य जनशक्ति सम्बन्धी राष्ट्रिय रणनीतिमा मातृ मृत्यु दरलाई घटाउन सन् २०३० सम्म ९५ (नौ हजार नौ सय) ९००,रमाणपत्र तहका मिडवाईफहरुको आवश्यकता उल्लेखित गरिएता पनि हालसम्म प्रमाणपत्र तह मिडवाईफ्रि शिक्षा शुरु नभएको।

२. मिडवाईफहरु सही ठाँउमा पदस्थापना नभएको।

३. मिडवाईफहरु मिडवाईफ्री प्रशिक्षकको रुपमा दर्ता नभएको ।

४. ५,१०१५ शैयाको अस्पतालको बर्थ,िङ सेन्टरमा प्रमाणपत्र तहका मिडवाईफहरुलाई परिचालन गर्न।

प्रश्नकर्ता : मा. प्रेम सुवाल

प्रश्न नं.६०

नेपालका १८ प्रतिशत जनसङ्ख्याले पोषणयुक्त खाना नपाएको सत्य हो कि होइन? अहिलेको यो अवस्थालाई सुधार गर्ने सरकारको के कस्तो योजना छ?

उत्तरः

- भर्खरै सार्वजीकिकरण गरिएको नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण प्रतिवेदन, २०२२ का अनुसार नेपालका १३ प्रतिशत जनसङ्ख्यामा खाद्य असुरक्षा रहेको पाइएको छ, जसमध्य सबैभन्दा बढी ३२ प्रतिशत कर्णाली प्रदेशमा र सबैभन्दा कम ८ प्रतिशत गण्डकी प्रदेशमा रहेको छ। सोहि सर्वेक्षणका अनुसार पाँच वर्षमूनिका करीब २५ प्रतिशत बालबालिकामा पुड्कोपन (दीर्घ कुपोषण) रहेको छ। त्यसैगरी ८ प्रतिशत बालबालिकामा ख्याउटेपन देखिएको छ। यी सबै सूचकले नेपालमा कुपोषण (न्यून पोषण)को समस्या विद्यमान रहेको देखाउँछ। तर विगतका सर्वेक्षणहरूसँग तुलना गर्दा पोषणको अवस्थामा सुधार आएको देखिन्छ जस्तैः सन् २०१६ मा ५१.८ प्रतिशत जनसंख्यामा खाद्य असुरक्षा रहेकोमा हाल १३ प्रतिशतमा झरेको छ। त्यसैगरी पाँच वर्षमूनिका ३६ प्रतिशत बालबालिकामा पुड्कोपन रहेकोमा हाल २५ प्रतिशतमा झरेको छ। साथै पाँच वर्षमूनिका बालबालिकामा ख्याउटेपन ११ प्रतिशत रहेकोमा हाल ८ प्रतिशतमा झरेको छ।

- नेपाली नागरिकको पोषणको अवस्था सुधार गर्न बहुक्षेत्रीय पोषण योजना – दोस्रो (२०७५/७६-२०७९/८०), स्वीकृत भई कार्यान्वयनमा रहेको छ। त्यसैगरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयको नेतृत्वमा नेपालका विभिन्न ८ जिल्लामा खाद्य तथा पोषण सुरक्षा आयोजना सञ्चालन भईरहेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गत पोषण विशेष (Nutrition Specific) कार्यक्रमहरू विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिरहेको छ। हाल देशभर सञ्चालनमा रहेका पोषण सम्बन्धी कार्यक्रमहरू देहायबमोजिमका रहेका छन्।

    १. Maternal, Infant and Young Child Nutrition
    २. Growth Monitoring and Promotion
    ३. Control and Prevention of Iron Deficiency Anaemia
    ४. Control and Preventions of Vitamin A Deficiency Disorders
    ५. Control and Prevention of Iodine Deficiency Disorders
    ६. Control of Intestinal Helminths Infestations
    ७. Promotion of Food Based Dietary Guideline
    ८. Roller Mill Fortifications/Flour Fortification with Micro-nutrients
    ९. School Health and Nutrition Program (Adolescent IFA distribution)

केहि जिल्लालक्षित पोषणका कार्यक्रमहरू देहायबमोजिम रहेका छनः

१. Integrated Infant and Young Child Feeding and Multiple Micronutrient Powder (Balvita) Community Promotion Program – ५२ जिल्ला
२. Integrated Management of Acute Malnutrition Program (IMAM) – ५६ जिल्ला
३. Comprehensive Nutrition Specific Interventions (CNSI) Program – ५२ जिल्ला
४. Maternal and Child Health and Nutrition (MCHN) Program – ६ जिल्ला

५. Maternal Baby Friendly Hospital Initiative (MBFHI) – १० जिल्ला

प्रश्नकर्ता : मा. दिलेन्द्र प्रसाद बडु

प्रश्न नं. ६१

दार्चुलाको जिल्ला अस्पताल र गोकुलेश्वर अस्पतालमा विशेषज्ञ सहित डाक्टरहरूको दरवन्दी कति कति छ र कार्यरत डाक्टरहरू कति छन्? सरकारले निःशुल्क उपलब्ध गराउने भनिएको औषधी र स्वास्थ्य उपकरणहरूको उपलब्धताको अवस्था के छ?

उत्तरः

- उल्लेखित प्रश्नका सम्बन्धमा दार्चुला जिल्ला अस्पताल (सुदूरपश्चिम प्रदेश मातहत) र गोकुलेश्वर अस्पताल (स्थानीय तह मातहत) मा चिकित्सको दरवन्दी र हाल कार्यरत अवस्था देहायबमोजिम रहेको छः

अस्पताल	स्वीकृत दरवन्दी	हाल कार्यरत
दार्चुला जिल्ला अस्पताल	• मे.सु. – १ जना • मेडिकल अधिकृत (मे.अ.) – २ जना • जम्मा – ३ जना	• मे.अ. (छात्रवृत्ति करार) – ४ जना • निक साइमन इन्स्टिच्युटको तर्फबाट ○ एम.डि.जी.पी. – १ जना ○ मे.अ. – १ जना
गोकुलेश्वर अस्पताल	• मे.सु. – १ जना • मे.अ. – २ जना • जम्मा – ३ जना	• मे.अ. – १ जना

- उपकरणका सम्बन्धमा हाल दार्चुला जिल्ला अस्पतालको ठूलो यु.एस.जी. मेशिन (USG Machine) विग्रिएको र हाल पोर्टेबल यु.एस.जी. मेशिनले काम चलाईरहेको अवस्था छ। यु.एस.जी. मेशिनको लागि प्रदेश सरकारलाई आग्रह गरिएको र प्रदेश सरकारबाट त्यसको लागि केही समय लाग्ने प्रतिक्रिया प्राप्त भएको जानकारी उपलब्ध भयो। साथै डिजिटल एक्सरे मेशिन (DR X-Ray Machine) विग्रिएको र हाल CR X-Ray मेशिन मात्र सञ्चालनमा रहेको अवस्था जानकारी प्राप्त भयो। अक्सिजन प्लान्टको फिल्टर परिवर्तन गर्नुपर्ने भएकोले पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको अवस्था समेत जानकारी प्राप्त भयो।

- औषधीको सम्बन्धमा हाल दार्चुला जिल्ला अस्पतालमा Aspirin, antacid, inj. Ampicillin, Artemether plus lumefantrine, Artesunate, Atropine, Benjathine penicillin, calamine lotion, carbamazepine, activated charcoal, chloriquine, clove oil, diclofenac, furesemide, gentamycin, gentian violet, glimepiride, inj.hydrocortisone, losartan, methyldopa, neomycin oint, nitrofurantoin, permethrin, tetracycline, zinc जस्ता औषधीहरूको अभाव रहेको जानकारी प्राप्त भयो।

- हाल जिल्ला अस्पतालहरू प्रदेश सरकार मातहत सञ्चालन हुने तथा प्रदेश लोकसेवा आयोग समेत गठन भई पदपूर्ती गर्ने कार्य भईरहेको हुँदा सो मातहतका स्वास्थ्य संस्थाहरूको बारेमा अद्यावधिक विवरण सम्बन्धित प्रदेशसँग उपलब्ध हुन सक्ने साथै स्थानीय तह अन्तर्गत सञ्चालित स्वास्थ्य संस्थाहरूको अद्यावधिक विवरण सम्बन्धित स्थानीय तहबाट उपलब्ध हुन सक्ने व्यहोरा अनुरोध छ।

प्रश्न नं. ६२

दार्चुलाको महाकाली र चौलानी नदी तटीय क्षेत्रमा अत्यावश्यक देखिएको सर्पदंश उपचार केन्द्र स्थापना कहिलेसम्म हुन्छ?

उत्तरः

- उल्लेखित प्रश्नका सम्बन्धमा हाल दार्चुला जिल्लाको सदरमुकाममा सर्पदंश उपचार केन्द्र रहेको र तहाँबाटै उपचार भईरहेको छ। महाकाली र चौलानी नदी तटीय क्षेत्रमा सर्पदंश उपचार केन्द्र स्थापना स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, ईपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले सुदूरपश्चिम प्रदेश, प्रदेश स्वास्थ्य निर्देशनालयसँग समन्वय गरिरहेको र आवश्यक प्रक्रिया पुर्याएर आएपश्चात एन्टी स्नेक भेनम लगायतका औषधी र उपकरण प्रदान गर्ने उल्लेख भएको।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री

प्रश्न नं.६३

नेपालमा सरकारी विद्यालय र कलेज, सार्वजनिक शैक्षिक गुठी अन्तर्गतका विद्यालय र कलेज, निजी गुठी अन्तर्गतका विद्यालय र कलेज, निजी कम्पनी अन्तर्गतका विद्यालय र कलेजको सङ्ख्या के कति छन् ? ललितपुरको युलेन्स स्कूलमा कक्षा १ मा भर्ना शुल्क २ लाख २५ हजार र मासिक शुल्क ६० हजार उठाएको कानुनसम्मत हो र ? ग्यालेक्सी, जेम्स, रातो बङ्गला, त्रियोग, काष्ठमण्डप, प्रिमियर, लिटिल एन्जेल्स स्कूलमा पनि तोकिएभन्दा बढी भर्ना र मासिक शुल्क उठाइएको सत्य हो ?

उत्तर :

माननीय प्रेम सुवालले राख्नु भएको जिज्ञासाका लागि माननीज्यूलाई धन्यवाद दिन चाहन्छु । माननीयज्यूको प्रश्नको जवाफ यस प्रकार राख्न चाहन्छु ।

वि. सं. २०७९ को तथ्याङ्क अनुसार नेपालमा २७,३४३ सामुदायिक विद्यालय, ७,३७३ संस्थागत विद्यालय र १,३१६ परम्परागत तथा धार्मिक विद्यालय गरी जम्मा ३६,०३२ वटा विद्यालय छन् । त्यसैगरी उच्च शिक्षातर्फ १५० ओटा आङ्गिक र १,२७७ ओटा सम्बन्धनप्राप्त गरी जम्मा १,४३६ ओटा क्याम्पसहरू रहेका छन् । वर्तमान कानुन अनुसार हरेक संस्थागत विद्यालयले विद्यार्थीहरूसँग लिने शुल्कका विषयमा सम्बन्धित स्थानीय तहबाट अनुमति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहबाट अनुमति प्राप्त नगरी शुल्क लिनु गैरकानुनी हुने व्यहोरा माननीयज्यूलाई अवगत गराउन चाहन्छु ।

प्रश्न नं.६४

सरकारी र सामुदायिक विद्यालयलाई प्रभावकारी बनाउने दायित्व भएको सरकार निजी विद्यालय प्रवर्धनमा किन लागेको होला ?

उत्तर :

माननीय प्रेम सुवालले राख्नु भएको जिज्ञासाका लागि माननीज्यूलाई धन्यवाद दिन चाहन्छु । माननीयज्यूको प्रश्नको जवाफ यस प्रकार राख्न चाहन्छु ।

नेपालभर सञ्चालित विद्यालयहरू कानुन बमोजिम नै स्थापना भएका हुन् । सामुदायिक विद्यालयहरूले मात्र सरकारबाट नियमित रूपमा अनुदान पाउँछन् । निजी विद्यालयको हकमा सरकारले नियमन गर्दछ । त्यस्ता विद्यालयहरूलाई कुनैपनि किसिमको अनुदान उपलब्ध गराइने व्यवस्था छैन । सरकार सामुदायिक विद्यालयहरूको स्तर उकास्नका लागि विभिन्न कार्यक्रमहरूमार्फत प्रयत्नशील रहेको व्यहोरा माननीयज्यूलाई अवगत गराउन चाहन्छु ।

प्रश्न नं.६५

त्रिभुवन विश्वविद्यालय अन्तर्गतको आरआर क्याम्पसको स्नातक तहका विद्यार्थीको अङ्ग्रेजी विषयको गत बैशाखको दोस्रो साता प्रकाशित नतिजामा नियमित उपस्थित विद्यार्थीलाई अनुपस्थित देखाइएको, कहिल्यै कक्षामा नआउने विद्यार्थीलाई आन्तरिकमा ३० अङ्कमा २५ अङ्क दिइएको, १८ सय विद्यार्थीमध्ये ९० प्रतिशत विद्यार्थीको नतिजामा त्रुटि भएको, ५० प्रतिशतभन्दा बढी विद्यार्थीहरूको नतिजामा शिक्षकले दिनु भएको नम्बरभन्दा फरक आएको सत्य हो कि होइन ? ठगिएका विद्यार्थीको यो नतिजा कसरी सुधार हुनछ ? दोषीलाई के कस्तो कारबाही भयो ?

उत्तर :

माननीय प्रेम सुवालले राख्नु भएको जिज्ञासाका लागि माननीज्यूलाई धन्यवाद दिन चाहन्छु । माननीयज्यूको प्रश्नको जवाफ यस प्रकार राख्न चाहन्छु ।

माननीयज्यूले भनेजस्तै त्रिभुवन विश्वविद्यालय अन्तर्गतको आरआर क्याम्पसको स्नातक तहका विद्यार्थीको अङ्ग्रेजी विषयको नतिजा प्रकाशन मानवीय त्रुटिका कारणले हुन गएको हो । सो त्रुटिका सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन दिइएकामा सबै त्रुटिहरू संशोधन गरी विद्यार्थीहरूले नतिजा प्राप्त गरिसकेका छन् र सो समस्या समाधान भैसकेको छ । अबका दिनमा यस्ता त्रुटिहरू हुन नदिनका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको व्यहोरा समेत माननीयज्यूलाई जानकारी गराउन चाहन्छु ।

मा. प्रेम सुवाल

प्रश्न नं.६६

वैदेशिक रोजगारीमा जाने युवा बढेसँगै स्नातक अध्यापन हुने क्याम्पसमा विद्यार्थी थोरै भएको र नयाँ पुस्ता शिक्षामा अगाडि नबढेको सत्य हो कि होइन ?

उत्तर :

माननीय प्रेम सुवालले राख्नु भएको जिज्ञासाका लागि माननीज्यूलाई धन्यवाद दिन चाहन्छु । माननीयज्यूको प्रश्नको जवाफ यस प्रकार राख्न चाहन्छु ।

नेपालबाट युवाहरूबिच वैदेशिक रोजगारीमा आकर्षण बढ्दै गईरहेको छ । नेपालमा रोजगारीको अभाव रहेका कारणले मात्र नभई आफ्नो जीवनस्तरमा छोटो समयमै सुधार गर्ने युवाहरूको आकाङ्क्षाका कारण पनि यसो हुन गएको हो । त्यसमाथि विदेशमा पढ्न जाने विद्यार्थीहरूका कारणपनि नेपालका क्याम्पसहरूमा विद्यार्थी कम हुँदै गएको पनि छ । सँगसँगै प्राविधिक तर्फका विषयहरूमा नेपालका विश्वविद्यालयहरूमा विद्यार्थीहरूले सिट नपाएको अवस्था पनि छ । नयाँ पुस्ता प्राविधिकतर्फका उच्चशिक्षामा आकर्षित छन् । सरकारले पनि आगामी दिनमा साधारणतर्फका विषयमा भन्दा प्राविधिकतर्फका विषयमा जोड दिने नीति लिने कुरामा माननीयज्यूलाई विश्वस्त पार्न चाहन्छु ।

प्रश्नकर्ता :मा. तेजुलाल चौधरी

प्रश्न नं.६७

माननीय मन्त्रीज्यू सामुदायिक विद्यालयहरूमा सहरी क्षेत्रका विद्यार्थीको तुलनामा ग्रामीण क्षेत्रमा थोरै शिक्षक कार्यरत रहेको अध्ययनका क्रममा पाइएको छ।शिक्षक विद्यार्थीको असमान अनुपातलाई व्यवस्थित गर्न स्थानीय तह, जिल्ला र प्रदेशगत रूपमा समेत दरबन्दी मिलान गरिने कार्यविधिमा उल्लेख छ।कार्यविधि अनुसार तराई मधेसमा विद्यार्थीको अनुपातमा किन शिक्षकको दरबन्दी मिलान हुन सकेको छैन?

उत्तर :

माननीय तेजुलाल चौधरीले राख्नु भएको जिज्ञासाका लागि धन्यवाद।माननीज्यूले भन्नुभएजस्तै शिक्षक विद्यार्थीको अनुपात मिलान गर्ने गरी दरबन्दी मिलान गर्ने कार्य सुरुवात गरिएको हो।देशभरमा रहेको खुद पुल दरबन्दीको जम्मा सङ्ख्या ३३३९ रहेको छ।जसमध्ये जिल्लाभित्र मिलान हुने दरबन्दी १०९० र जिल्ला बाहिर जाने दरबन्दी २२४९ रहेको छ।हालसम्म दरबन्दी मिलानको नवौं चरणबाट ३३३९ खुद पुल

दरबन्दीमध्ये १६३८ दरबन्दी एक स्थानीय तहबाट अर्को जिल्ला/स्थानीय तहमा स्थानान्तरण भईसकेको छ। दशौं लट दरबन्दी स्थानान्तरण प्रक्रियाका लागि २५० भन्दा बढी दरबन्दी विवरण प्राप्त भएको छ र सो को मिलानका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट आवश्यक कार्य भईरहेको छ। ३३३९ दरबन्दीको मिलान र प्रस्तावित ऐनमा समेत *राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटा स्वत दरबन्दीमा परिणत हुने* र *सार्वजनिक विद्यालयमा कायम रहेका शिक्षक दरबन्दीलाई विद्यार्थी सङ्ख्या, विषयगत तथा कक्षागत आवश्यकता र भौगोलिक अवस्था समेतका आधारमा मन्त्रालयले दरबन्दी मिलान गरी स्थानीय तहमा हस्तान्तरण गर्ने* कुरा समावेश गरिएकाले तराई मधेसमा समेत शिक्षक विद्यार्थी अनुपातमा शिक्षक दरबन्दीको व्यवस्था हुने कुरा माननीयज्यूलाई जानकारी गराउन चाहन्छु।

प्रश्न नं.६८

२०८०/०३/१२ को संसदमा माननीय शिक्षा मन्त्रीज्यूले नेपालमा देखिएको नर्सिङ् शिक्षाको समस्या केही नेपाल ऐन संशोधनमार्फत समाधान गरिनेछ भन्नुभयो तर संसदमा टेबल गरिएको केही नेपाल ऐन संशोधन विधेयक २०८० मा सो ऐन संशोधनको बुँदा समावेश गरिएको छैन। तपाईं संसदमा झुठा आश्वासन दिने? कि संसदमा जसले जे भने पनि हुने गरी गणतन्त्र ल्याएको हो हामीहरूले?

उत्तर :

माननीय तेजुलाल चौधरीले राख्नु भएको जिज्ञासाका लागि धन्यवाद। मिति २०८०/०३/१२ को संसदमा मैले संसदमा विचाराधिन केही नेपाल ऐन संशोधन विधेयक २०८० ले नर्सिङ् शिक्षाको समस्या समाधान गर्नेछ भनेको होइन। राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ मा ५० बेडका अस्पताललाई १०० बेडको अस्पतालमा स्तरोन्नति गर्ने व्यवस्था भएकामा कोभिड-१९ समेतको प्रभावबाट सो मापदण्ड पूरा गर्न सम्भव नभएकाको हकमा थप ५ वर्ष समय प्राप्त हुने गरी केही नेपाल ऐन संशोधनमार्फत समस्या समाधान गर्ने प्रयत्न गरिएको कुरा उल्लेख गरेको हुँ। नर्सिङ् लगायतका शिक्षाका क्षेत्रमा देखिएका समस्याका सम्बन्धमा सरकार गम्भीर छ र त्यसलाई हामी सबैले मिलेर समाधान गर्नुपर्छ भन्ने कुरामा सरकारको निरन्तर प्रयत्न रहने कुरामा माननीयज्यूलाई आश्वस्त गर्न चाहन्छु।

प्रश्नकर्ता :मा. प्रदिप पौडेल

प्रश्न नं.६९

लामो र गौरवमय इतिहास बोकेको त्रिभुवन विश्वविद्यालय आज वेथितिको अखडा बन्दै गएको छ। शैक्षिक कार्यतालिका सुनिश्चित छैन। प्रशासनिनक अवस्था लथालिङ्ग भएका छन्। शैक्षिक गुणस्तर खस्किँदै गएको छ। शैक्षिक प्रमाणपत्र लिन घण्टौं लाइन लाग्नुपर्छ। उपकुलपति, रजिष्ट्रार,रेक्टर लगायतका पदहरूको नियुक्तिमा राजनीतिक हस्तक्षेप, विवाद र लुछाचुँडी झनै बढ्दै गएको छ। विश्वविद्यालयको समग्र प्राज्ञिक गरिमा खस्किँदै गएको छ। विश्वविद्यालय सुधारका लागि शिक्षा मन्त्रीज्यूका योजना र कार्यक्रम के के छन्? संसदलाई जानकारी गराउन माग गर्दछु।

उत्तर :

माननीय प्रदीप पौडेलले राखु भएको जिज्ञासाका लागि धन्यवाद। मुलुककै जेठो त्रिभुवन विश्वविद्यालयमा केही समस्याहरू रहेका छन्। विश्वविद्यालय अनुदान आयोगले सबै विश्वविद्यालयको परामर्शमा निर्माण गरेको एकीकृत शैक्षिक क्यालेन्डर कार्यान्वयनसँगै शैक्षिक कार्यतालिका बमोजिम कार्यसञ्चालन भई विश्वविद्यालयबाट सञ्चालन हुने कार्यहरू समयमा नै सम्पन्न हुनेछन्। त्रिभुवन विश्वविद्यालयमा हुने नियुक्तिहरू त्रिभुवन विश्वविद्यालय ऐनलगायतका नियम कानुन बमोजिम नै हुने गरेका छन्। नियुक्तिमा भागबण्डा वा राजनीतिक हस्तक्षेप जस्ता अवस्था राजनीतिक कारणले नै सिर्जना भएका हुन्। यस्ता कुराको अन्त्यका लागि देशका सबै राजनीतिक दलहरूको प्रतिवद्धता आवश्यक पर्छ। स्वायत्ततायुक्त विश्वविद्यालयको सुधारका लागि यसका संरचना क्रियाशिल हुनुपर्छ। यसका लागि सबै पक्षको सहकार्य र सहयोग आवश्यक पर्छ। सहकुलपतिका हैसियतले त्रिभुवन विश्वविद्यालय सुधारका लागि आवश्यक नीति तथा रणनीतिको निर्माणका लागि विश्वविद्यालय अनुदान आयोग र विश्वविद्यालयका पदाधिकारीसँग निरन्तर बैठक तथा छलफल गरी आवश्यक निर्देशन दिने कार्य गरेको छु। शैक्षिक क्यालेन्डरको कार्यान्वयन, समयमा नै निष्पक्ष नियुक्ति, राजनीतिक हस्तक्षेपको अन्त्य, विश्वविद्यालयका कार्यक्रमहरूका सुधारका लागि म लागिपरेको छु र यसका लागि माननीयज्यू लगायत सिङ्गो संसदको सहयोगको समेत अपेक्षा गरेको छु।

वन तथा वातावरण मन्त्रालय

मा.प्रेम सुवाल

प्रश्न नं.७०

जलवायु परिवर्तनले नेपालमा शुन्य दशमलव ६ डिग्रीले तापक्रम बढेको र यसले मौसम पुर्वानुमानमा कठिनाई भएको सत्य हो की होइन ?

उत्तर

जलवायु परिवर्तन विश्वव्यापी रुपमा देखापरेको गम्भीर समस्या हो। नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेका राष्ट्रहरुमा पर्दछ। नेपालको सन् १९७१-२०१४ सम्मको मौसम सम्बन्धि प्राप्त तथ्याङ्कहरुको अध्ययन तथा विश्लेषण गर्दा नेपालमा औषत अधिकतम तापक्रम वृद्धि प्रतिवर्ष ०.०५६ डिग्री सेल्सियस रहेको पाईएको छ। यस सम्बन्धमा वन तथा वातावरण मन्त्रालय र जल तथा मौसम विज्ञान विभागबाट थप तथ्याङ्कहरु संकलन गरी अध्ययन तथा विश्लेषणको थप कार्यहरु भई रहेका छन्।

नेपालमा भई रहेको तापक्रम वृद्धिको असर प्रत्यक्ष रुपमा देखिन थालेको छ। यसको असर विशेष गरी हिमाली क्षेत्रमा देखिन थालेको छ। एक अध्ययन अनुसार हिमाली क्षेत्रको तापक्रम वर्तमान तथा भविष्यमा विश्वको औसत तापक्रमको दाजोमा ०.३ देखी ०.५ डिग्री सेल्सियस बढी हुने अनुमान गरिएको छ। जलवायु परिवर्तनबाट सिर्जित उच्च तापक्रम वृद्धि, अतिवृष्टी र अनावृष्टी, खण्डवृष्टी, खडेरी, पहिरो र बाढी ईत्यादीका नकारात्मक असरहरु नेपालमा विशेषगरी खाद्य सुरक्षा, स्वास्थ्य, जल आपूर्ति, जीविकोपार्जन, मानव सुरक्षा, कृषि उत्पादन, पशुपालन, वन, जैविक विविधता, लगायतका क्षेत्रमा बढिरहेको छ। यसबाट कुनै पूर्वानुमान विना नै समय समयमा मौसमी विपद्हरु देखा परिरहेका छन, जसले गर्दा ठूलो जनधनको क्षति समेत भई रहेको अवस्था छ।

जलवायु परिवर्तनबाट परेको असरको कारणबाट हुने आर्थिक, सामाजिक क्षेत्रको गिरावट र बढ्दो स्वास्थ्य र खाध्य सुरक्षाको समस्याका कारण भविष्यमा जलवायु संकटासन्नता र जोखिम अझ बढ्ने अनुमान गरिएको छ। तसर्थ, वन तथा वातावरण मन्त्रालयले जलवायु परिवर्तनको प्रभाव र असर न्यूनिकरण सम्बन्धमा उच्च प्राथमिकता दिई समय सापेक्ष रुपमा कानूनी तथा नीतिगत दस्तावेजहरु निर्माण तथा परिमार्जन गरी यसको प्रभावकारी कार्यान्वयन गरिरहेको छ। साथै, यस सम्बन्धमा आगामी दिनमा समेत थप अध्ययन तथा अनुसन्धान गरी प्रभावकारी कदमहरु चाल्नको लागि यस मन्त्रालय प्रतिवद्ध छ।

प्रश्नकर्ता मा. तेजु लाल चौधरी

प्रश्न नं.७१

वन ऐन, २०७६ को दफा ४२ को उपदफा (१) र वन नियमावली, २०७९ को नियम ९० बमोजिम प्रवर्द्धक भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई संलग्न अनुसूचीका सर्तहरु पालना गर्नेगरी कल्याणपुर-गाईघाट सडकखण्ड निर्माण गर्न सप्तरी र उदयपुर जिल्लाको राष्ट्रिय वनको १५.८३१ हेक्टर वन प्रयोग गर्न दिइने निर्णय नेपाल सरकार मन्त्रिपरिषदबाट निर्णय भइसकेको भएपनि माननीय मन्त्रीज्यू किन काम भइरहेको छैन?

उत्तर

निर्णय भएको मितिः म.प.बै.सं. १७/०७९ मिति २०७९/४/२६

निर्णयको व्यहोरा

वन ऐन, २०७६ को दफा ४२ को उपदफा (१) र वन नियमावली, २०७९ को नियम ९० बमोजिम प्रवर्द्धक भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई संलग्न अनुसूचीका सर्तहरु पालना गर्नेगरी कल्याणपुर-गाईघाट सडकखण्ड निर्माण गर्न सप्तरी र उदयपुर जिल्लाको राष्ट्रिय वनको१५.८३१ (पन्ध्र दशमलव आठ तीन एक) हेक्टर वन प्रयोग गर्न र तहाँ रहेका ३२१९ वटा रुखहरु हटाउन स्वीकृति दिने (प्रस्ताव र अनुसूचीको प्रतिलिपि पाना ३ संलग्न छ) ।

वन तथा भू-संरक्षण विभागमा पठाईएको वन तथा वातावरण मन्त्रालय (वन तथा जलाधार महाशाखा) को च.नं. ७१ मिति २०७९/६/४ गतेको मन्त्रिपरिषदको निर्णय सम्वन्धमा भन्ने विषयको पत्र, (पत्रको प्रतिलिपि संलग्न छ) ।

वन तथा भू-संरक्षण विभाग, ववरमहल, काठमाण्डौंको च.नं. ३०४ मिति २०७९/६/५ गतेको प्रकृया पुरा भएपश्चात सम्झौंता हुने सम्बन्धमा भन्ने विषयको पत्र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार, काठमाण्डौंमा पठाएको, (पत्रको प्रतिलिपि संलग्न छ) ।

उदयपुर र सप्तरी जिल्लामा वन नियमावली, २०७९ को नियम ९१ को उपनियम (९) बमोजिम जग्गा प्राप्त गर्न नसकिएको भनी सोही नियमावलीको नियम ९२ मा उल्लिखित जग्गा प्राप्ति

सहजीकरण समितिले सिफारिस गरेको (उदयपुर र सप्तरी जिल्लाको जग्गा प्राप्ति सहजीकरण समितिको निर्णय संलग्न छ) ।

संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सडक डिभिजन लहानको च.नं. ९२९ मिति २०८०/२/३० गते वन तथा भू-संरक्षण विभाग, ववरमहल, काठमाण्डौंलाई आवश्यक प्रकृया अगाडी बढाउने भन्ने सम्वन्धमा पत्राचार भएको, सो पत्रमा वन नियमावली, २०७९ को अनुसूची ५१ बमोजिम वन विकास कोषमा रकम जम्मा गर्नको लागि आवश्यक प्रक्रिया अगाडी बढाई दिनका लागि अनुरोध भई आएको, (पत्रको प्रतिलिपि संलग्न छ) ।

यसप्रकार जग्गा प्राप्ति सहजीकरण समितिको सिफारिस अनुसार वन नियमावली, २०७९ को अनुसूची ५१ बमोजिम वन विकास कोषमा सम्वन्धित मन्त्रालयले रकम जम्मा नगरेको कारणले नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय कार्यान्वयन हुन नसकेको देखिन आउदछ ।

माननीय सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
मा.प्रेम सुवाल

प्रश्न नं.७२

कतिपय देशमा हरेक पालिकामा एउटा एउटा नमूना विद्यालय र हरेक प्रदेशमा ५-५ ओटा नमूना अस्पताल बनाइएजस्तै नेपालमा कुन कुन पालिकामा नमूना विद्यालय र कुन कुन प्रदेशमा नमूना अस्पताल बनाइएको छ ?

उत्तरः नमूना विद्यालय सम्बन्धी तथ्याङ्क शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा नमूना अस्पताल सम्बन्धी तथ्याङ्क स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मार्फत उपलब्ध हुने व्यहोरा अनुरोध छ।

प्रश्न नं.७३

निजामती कर्मचारी,सेना, प्रहरी, सशस्त्र प्रहरी, शिक्षक, प्राध्यापकलगायत निवृत्तिभरण पाउनेहरुको संख्या कति छन् ? यी सबैको लागि मासिक के कति रकम निवृत्तिभरण भुक्तानी गर्नु पर्दछ ?

उत्तरःनिवृत्तिभरण पाउने कर्मचारीहरुको निवृत्तिभरण रकमको भुक्तानी सम्बन्धी कार्य अर्थ मन्त्रालय अन्तर्गतको निवृत्तिभरण व्यवस्थापन कार्यालयको कार्यक्षेत्र भित्र पर्ने व्यहोरा अनुरोध छ ।

प्रश्न नं.७४

कर्मचारीलाई घरपायक सरुवाको व्यवस्था गरिए पाँचथरका कर्मचारी दार्चुलामा पदस्थापन हुन नपर्ने, जीवन धान्न सहज हुने र भष्ट्राचार पनि नियन्त्रण हुने होइन र?

उत्तरः निजामती कर्मचारीको सरुवा निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० मा भएको प्रावधान बमोजिम हुने गरेको छ।निजामती कर्मचारी सरुवालाई व्यवस्थित गर्न निजामती सेवा ऐनमा समावेश गरिएका केही प्रमुख व्यवस्था यस अनुसारका छन्।

<u>निजामती सेवा ऐन २०४९ र नियमावली २०५० मा भएका सरुवा सम्बन्धी प्रावधानहरु</u> :

दफा १८ (१) **भौगोलिक क्षेत्रको अनुभव** दिलाउनको लागि सरुवाको प्रावधान रहेको र यस्तो सरुवा गर्ने अधिकार अख्तियारवालासँगमात्र रहने व्यवस्था रहेको छ ।

दफा १८ (३)मा निजामती कर्मचारिको सरुवा गर्दा अख्तियारवालाले सरुवा गर्दा वर्षमा एकपटक तोकिए बमोजिमको समयावधी सरुवापत्रमा तोकी सरुवा गर्ने व्यव्स्था रहेको (**विशेषज्ञताको सेवा लिने पद,स्थानीय स्तरमा अन्यत्र कतै पनि निजको कार्यालय नभएको,विशिष्ट क्षेणी तथा राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी बाहेक अन्यको हकमा**)

भौगोलिक क्षेत्र	काम गरिसकेको अवधि	सरुवा गर्न मिल्ने भौगोलिक क्षेत्र	काम गर्नु पर्ने अवधि
“क" वा “ख"	कम्तिमा डेढ वर्ष	“ग" वा “घ"	कम्तिमा २ वर्ष
“ग" वा “घ"	कम्तिमा २ वर्ष	क" वा “ख"	कम्तिमा २ वर्ष

दफा १८(४)मा सामान्य प्रशासन मन्त्रालयको सहमती लिई देहायको हकमा अवधि नपुगी सरुवा गर्न मिल्ने प्रावधान रहको

क.अशक्तता

ख. विशेष जिम्मेवारी दिनु परेमा

ग. विभागिय कारवाही गर्नु परेमा

घ. निज कार्यरत स्थानमा राख्न उपयुक्त नभएमा

ङ. दरबन्दी कटौतीका कारण कर्मचारी फाजिलमा परी निजलाई जिल्लाको अन्य कार्यालयमा समायोजन गर्न नमिलेमा

च. **राजपत्र अनङ्कित कर्मचारीलाई घर पायक** सरुवा गर्नु।

दफा १८(५)मा सरुवा गर्दा रिक्त पद भए सम्म राजपत्र अनङ्कित श्रेणीमा **कर्मचारीको पति पत्नि सरकारी सेवामा भए एउटै जिल्ला खटाउने** व्यवस्था रहेको छ ।

दफा १८(७) मा लोकसेवा आयोग बाट जुन अञ्चलको लागि सिफारिस भएको हो त्यही अञ्चलका कार्यालय बाहेक अन्यत्र ५ वर्ष सरुवा नहुने प्रावधान रहेको ।

दफा १८(७) अवधि नपुगी गरिएको सरुवामा कर्मचारिलाई बन्दोबस्तीको लागि निश्चित रकम उपलब्ध गराउने व्यवस्था रहेको छ ।

प्रस्तावित संघिय निजामती ऐनले तीनै तहको प्रशासन सयन्त्रको सरुवा प्रणाली व्यवस्थित बनाइ कर्मचारीलाई उत्प्रेरित गर्दै प्रभावकारी सेवा प्रवाह र भ्रष्टाचार नियन्त्रणमा सहयोग हुने अपेक्षा लिन सकिन्छ ।

प्रश्न नं.७५

स्थानीय तहका कर्मचारी स्थानीय तहकै नागरिकलाई प्राथमिकता दिइए प्रभावकारी हुने र भष्ट्राचार पनि नियन्त्रण हुने होइन र?

उत्तरः

नेपालको संविधान २०७२ को धारा २२७ अनुसार स्थानीय तहको कर्मचारी र कार्यालय व्यस्थापन प्रदेश कानून बमोजिम हुने व्यवस्था रहेको छ । हाल विभिन्न प्रदेशहरुले आफ्नै कर्मचारी व्यवस्थापन तथा प्रदेश लोकसेवा आयोग सम्बन्धी कानून निर्माण भइसकेको र सोहिअनुसार स्थानीय तहको रिक्त पदहरुमा विज्ञापन भइ पदपूर्ति रहेको अवस्था छ। प्रस्तावित सङ्घीय निजामती सेवा विधेयकले प्रदेश निजामती सेवा सम्बन्धी कानून र स्थानीय सेवा व्यस्थापन सम्बन्धी कानूनलाई दिशानिर्देश गर्दै सबै तहमा प्रभावकारी सेवा प्रवाह साथै भ्रष्टाचार नियन्त्रणमा सहयोग पुर्याउने विश्वास लिन सकिनेछ।

सहरी विकास मन्त्रालय

माननीय सहरी विकास मन्त्रीसँग

प्रश्नकर्ता : मा.प्रेम सुवाल

प्रश्न नं.७६

काठमाडौं उपत्यकाका वागमती, विष्णुमती, हनुमन्ते, खासाङखुसुङ, धोवीघाट, इच्छुमती, बल्खु, टुकुचालगायत नदीमा भईरहेको अतिक्रमण र प्रदुषण नियन्त्रण गरी स्वच्छ नदी कहिले बनाउने हो ?

जवाफ

वाग्मती र यसका सहायक नदीहरु काठमाण्डौ उपत्यकाको सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक र सभ्यताका प्रतीक हुन । यी नदीहरुमा भइरहेको अतिक्रमण र प्रदुषण नियन्त्रण गरी नदीहरु स्वच्छ र सफा बनाउने साझा दायित्व उपत्यकाका १८ वटै नगरपालिकाहरु, बागमती प्रदेश सरकार, नेपाल सरकार र आम नागरिकको हो ।

वाग्मती नदी र यसका सहायक नदीहरुको उद्गम स्थलदेखि कटुवाल दहसम्मको नदी प्रणाली प्रदुषण मुक्त गराई संरक्षण र संम्वर्द्धन गरी उपत्यकाको वातावरणीय स्वच्छता, पवित्रता र सुन्दरता कायम गर्ने नदी प्रणालीसंग सम्वद्ध ऐतिहासिक, पुरातात्विक एवं साँस्कृतिक सम्पदाहरुको संरक्षण गर्ने, समग्र वाग्मती सभ्यताको पहिचान एवं जगेर्ना गर्नुका साथै एकीकृत जलस्रोत व्यवस्थापन तथा अन्य प्राकृतिक स्रोतको समुचित व्यवस्थापन गर्ने उद्देश्यले नेपाल सरकारले शहरी विकास मन्त्रालय अन्तर्गत रहने गरी अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति गठन गरेको छ ।

समितिको गठन पश्चात समितिले तपशिल बमोजिमका कार्यक्रमहरु कार्यन्वयन गरेको र यसबाट वाग्मती र यसका सहायक नदीहरुमा अनुभुत गर्न सकिने गरी सुधार तथा विकास भइरहेको छ।

तपसिलः

- वाग्मती लगायत यसका सहायक नदी किनारामा ३४.८३ कि.मी. सडक निर्माण सम्पन्न भएको ।
- वाग्मती लगायत सहायक नदी किनारामा ७१.७४ कि.मी. River Training Works सम्पन्न भएको ।
- वाग्मती लगायत सहायक नदी किनारामा ८७.१९ कि.मी. Sewerage Works सम्पन्न भएको।
- गुहेश्वरी, उत्तरगया, गोकर्ण, शंखमुल, जनागल, युयनपार्क र थापाथलीदेखि बल्खुसम्मका विभिन्न स्थानहरुमा वाग्मती सौन्दर्यीकरण र पार्कहरु निर्माण गरिएको ।
- टुकुचा खोलाको फोहर पानी प्रशोधनका लागि टुकुचा र वाग्मती दोभानमा फोहर पानी प्रशोधनशाला निर्माणका लागि Design and Built अवधारणमा खरिद सम्झौता भएको।
- थापाथलीदेखि टेकु दोभानसम्म २०७२ साल भुकम्पले क्षति भएका २८ वटा पुरातात्विक सम्पदाहरुको निर्माण कार्य सम्पन्न भएको ।
- धाप ड्यामको निर्माण कार्य सम्पन्न भएको छ । यसबाट शुख्खा याममा वाग्मती नदीमा प्रति सेकेन्ड ४० लिटर बहाव कायम रहनेछ भने खासखास अवसरहरुमा आवश्यकता अनुसार वाग्मती नदीमा वहाव वृद्धि गर्न सकिनेछ ।
- नागमती ड्याम निर्माणका लागि पूर्व तयारीका कार्यहरु भइरहेको छ । उक्त ड्यामको निर्माण पश्चात वाग्मतीमा शुख्खा याममा समेत वाग्मती नदीमा प्रति सेकेन्ड ४०० लिटर बहाव कायम रहनेछ
- बाग्मती नदी संरक्षण र सौन्दर्यीकरण कार्यका लागि काठमाण्डौको गोकर्णदेखि गुह्येश्वरीसम्मको क्षेत्रमा अनाधिकृत ढंगले निर्माण गरिएका २७ वटा घरटहराहरू हटाईएको छ । त्यस्ता संरचना हटाउने कार्य जारी रहेको छ ।
- नदी किनारा Beautification, संरक्षण एवं व्यवस्थापनका लागि कार्यविधि तयार हुँदै गरेको।
- यस आ.व. मा वाग्मती सभ्यता कोषमा जम्मा भएको रकम मध्ये प्रदेश सरकारबाट प्राप्त रकम अनुसार कृयाकलाप अगाडि बढिरहेको ।
- नयाँ बस पार्कको Left Bank, शोभा भगवती Right Bank, डल्लु पुलमा Right Bank, परोपकारको Left Bank र कालीमाटी Left Bank Underpass को निर्माण कार्य सम्पन्न भएको छ ।

अतः उपरोक्त अनुसारका क्रियाकलाप तथा कार्यक्रमहरु मार्फत वाग्मती नदी र यसका सहायक नदीहरुमा भईरहेको अतिक्रमण र प्रदुषण नियन्त्रण गरी नदीहरु स्वच्छ र सफा बनाउन र नदी किनारामा हरियाली कायम राख्न पहलहरु भइरहेको छ । उपलब्ध स्रोत र साधनका आधारमा यस कार्यलाइ निरन्तरता दिइ यथसंभव छिटो वाग्मती नदी र यसका सहायक नदीहरुलाई स्वच्छ सफा बनाइने छ ।

प्रश्नकर्ता : मा.प्रेम सुवाल

प्रश्न नं.७७

प्रधानमन्त्री, मन्त्री, संसद र उच्च अधिकारीहरु आ-आफ्नो निर्वाचन क्षेत्र छाडेर काठमाडौं उपत्यकामा

घर जग्गा जोडेर बसोवास गर्नु नै देशको सन्तुलित विकासको अवरोध किन होइन ? काठमाडौं उपत्यकामा निजी प्लटिङ्गको अनुमति दिएर कङ्क्रिटको जंगल रोप्ने काठमाडौं उपत्यका विकास प्राधिकरण खारेज गर्ने तयारी छ कि छैन ?

जवाफ

नेपालको संविधानले कुनै पनि नागरिकलाई नेपाल भित्र स्वतन्त्र रुपमा वशोवास गर्न पाउने मौलिक हक प्रदान गरेको छ । कुन व्यक्ति कहाँ बस्ने भन्ने कुरा व्यक्तिको नितान्त निजि छनौट र रुचीको विषय हो ।

काठमाण्डौ उपत्यकामा बढ्दो जनसंख्या तथा शहरीकरणको परिप्रेक्षमा भइरहेका नगरहरुको पुनःनिर्माण, विस्तार र विकासको साथै योजनावद्ध रुपमा भौतिक विकास गर्न काठमाण्डौ उपत्यका विकास प्राधिकरण ऐन, २०४५ बमोजिम काठमाण्डौ उपत्यका विकास प्राधिकरणको गठन भएको हो । ऐन बमोजिम प्राधिकरणलाई उपत्यकाको योजनावद्ध विकासका लागि नियमन, नियन्त्रण र निषेध गर्न सक्ने अधिकार प्राप्त छ । व्यवस्थित शहरीकरणका लागि जग्गा विकास कार्यक्रम विश्वमै एक सफल मोडलका रुपमा रहेको छ । नेपालमा पनि काठमाण्डौ उपत्यका विकास प्राधिकरण लगाएत विभिन्न नगर विकास समिति र स्थानीय तहहरुबाट जग्गा विकास कार्यक्रम संचालन भइरहेको छ । प्राधिकरणले उपत्यका विकास प्राधिकरण ऐन, २०४५, संयुक्त, सामुहिक र योजनावद्ध आवासको विकासका लागि स्वीकृत मापदण्ड, २०६२, काठमाण्डौ उपत्यका भित्रका नगरपालिका र नगरोन्मुख गाउँ विकास समितिहरुमा गरिने निर्माण सम्बन्धी मापदण्ड, २०६४ र वस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७४ बमोजिम मात्र जग्गा विकास कार्यक्रम/योजना सम्वन्धी स्वीकृती दिने गरेको छ । शहरी विकासको एउटा सिद्धान्त नै **Low Rise High Density** भन्ने रहेको छ । निजि क्षेत्रबाट गरिएका यस्ता जग्गा विकास कार्यक्रमहरुले केही हदसम्म भए पनि **Low Rise High Density** कायम गर्न र पूर्वाधार बनेपछि मात्र भवन निर्माण हुने परिपाटीको विकास भएको छ ।

नेपालको संविधानले नै नेपालको राज्यशक्तिको प्रयोग कानून बमोजिम ३ तहका सरकारले प्रयोग गर्न पाउने व्यवस्था गरेको छ । उपत्यकामा रहेका १८ वटै नगरपालिकाहरुले स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी आ-आफ्नो तरिकाले आफ्नो नगरभित्रको योजना तर्जुमा गर्ने र कार्यन्वयन गर्ने हो भने काठमाण्डौ उपत्यका कहिल्यै पनि व्यवस्थित हुन सक्दैन भन्ने कुरामा कुनै दुईमत हुन सक्दैन ।काठमाडौं उपत्यका राजनैतिक तथा प्रशासनिक दृष्टिकोणले १८ वटा नगरपालिका र ३ वटा जिल्लामा विभाजित भएता पनि भौतिक विकासका दृष्टिकोणले उपत्यकालाई एउटै इकाई मानी दिर्घकालीन गुरुयोजनाका आधारमा एकीकृत तवरले योजनावद्ध र व्यवस्थित विकासका लागि काठमाण्डौं उपत्यका विकास प्राधिकरण जस्तो समन्वयकारी र अधिकार सम्पन्न निकायको आवश्यकता अझै पनि रहेको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीसँग

प्रश्नकर्ता : मा. प्रेम सुवाल

प्रश्न नं.७८

नेपालले संयुक्त राष्ट्र संघमा युक्रेनको पक्षमा मत दिएको हुँदा चीन, भारत, प्रजग कोरिया, पाकिस्तान, मंगोलियालाई उपलव्ध भएको रुसको सस्तो पेट्रोलियम पदार्थ नेपाललाई उपलव्ध नभएको होइन र?

उत्तरः

नेपाल आयल निगम लिमिटेड र भारत स्थित इण्डियन आयल कर्पोरेशन लिमिटेड बीच भएको, पेट्रोलियम आयात सम्झौताको आधारमा प्रशोधित पेट्रोलियम पदार्थ एवं खाना पकाउने एल.पि.ग्याँस आयात गर्ने गरिएको छ। यसरी आयात गरिने प्रशोधित पेट्रोलियम पदार्थको मूल्य निर्धारण अन्तर्राष्ट्रिय बजारको प्रतिस्पर्धी मूल्यका आधारमा हुने गरेको छ।

प्रश्न नं.७९

नौ महिना यता मूल्यवृद्धि सात प्रतिशत भैरहेको र यसबाट आम उपभोक्ताको क्रयशक्ति घटिरहेको सत्य हो की होइन ? यसलाई सम्बोधन गर्न सरकारले केकस्तो काम गर्दैछ?

उत्तरः

देशमा विगत नौ महिना यता रहेको मूल्यवृद्धि र त्यसबाट आम उपभोक्ताको क्रयशक्तिमा परेको असरको सम्बन्धमा नेपाल राष्ट्र बैंकले आवधिक रुपमा प्रतिवेदन सार्वजनिक गर्ने गरेको नै छ। अर्थतन्त्रमा देखिने उच्च मुद्रास्फितिका कारण आम उपभोक्ताको क्रयशक्तिमा गिरावट आउन सक्ने अवस्थालाई ध्यान दिई बजारमा अनुचित मूल्य वृद्धि नियन्त्रण गर्न मन्त्रालय सदैव सचेत छ। यसका लागि मन्त्रालय नीतिगत तथा कानूनी तहमा र मातहत निकाय कार्यान्वयन तहमा क्रियाशील रहेको सन्दर्भमा प्रस्तुत समस्याको सम्बोधनका लागि यस मन्त्रालयबाट सम्पादन भैरहेका कार्य देहायानुसार छन्:-

१. उपभोक्ता संरक्षण ऐन, २०७५ र नियमावली, २०७६ कार्यान्वयनमा रहेको,
२. बजारको तह निर्धारण तथा मूल्य निर्धारण मापदण्ड सम्बन्धी अध्ययन गरी प्रतिवेदन तयार गरिएको,
३. बजार अनुगमन निर्देशिका, २०७९ बमोजिम बजारको नियमित अनुगमन, विषयगत अनुगमन तथा संयुक्त अनुगमन गर्ने गरिएको। २०७९ श्रावण १ गते देखि २०८० जेठ ३ गतेसम्म १०६१ अनुगमन टोली परिचालित भई ३१३५ फर्मको बजार अनुगमन भएकोमा ६३८ फर्मलाई कारबाही गरी रु. १,७२,४०,०००।— जरिवाना गरिएको।

४. प्राथमिक कृषि उपजहरु (धान, गहुँ र उखु)को न्यूनतम समर्थन मूल्य निर्धारण गरिएको,

५. स्थानीय सरकारसँग समन्वय गरी स्थानीय उत्पादनको बजारीकरण तथा बिक्री वितरणको प्रबन्ध मिलाइएको,

६. राष्ट्रिय खाद्य सुरक्षा भण्डारण र सार्क खाद्य सुरक्षा भण्डारण गृहमा तोकिए बमोजिम खाद्यान्नको मौज्दात राख्ने व्यवस्था मिलाइएको,

७. नेपाल सरकारबाट ढुवानी अनुदान मार्फत् मुलुकका २४ दुर्गम जिल्लामा खाद्यान्न र १७ दुर्गम जिल्लामा नून सहुलियत मूल्यमा बिक्री वितरणको प्रवन्ध मिलाइएको,

८. साबिकको कर्णाली अञ्चलका हुम्ला, जुम्ला, मुगु, डोल्पा र कालिकोट जिल्लामा जन्म र मृत्यु संस्कारमा बीस किलो चामल निशुल्क रुपमा वितरण गर्ने गरिएको,

९. पेट्रोलियम पदार्थको मूल्य निर्धारणमा स्वचालित पद्दति अपनाइएको,

१०. बजारमा मूल्य स्थिरीकरणका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडबाट चाडपर्व लक्षित सुपथ तथा सहुलियत मूल्य पसल संचालन गर्ने गरिएको।

प्रश्न नं.८०

नेपाललाई वार्षिक ७ देखि १० करोड क्युफिट काठ आवश्यक भएकोमा नेपालको वन क्षेत्रबाट वार्षिक २ करोड क्यूफिट काठमात्रै उत्पादन भइरहेको र बाँकी काठ विदेशबाट आपूर्ति भइरहेको सत्य हो कि होइन? के नेपाल काठ आपूर्तिमा आत्मनिर्भर छैन र? नेपालको साल काठ भारत तस्कर भइरहेको कहिले रोकिने हो?

उत्तरः

आ.व.२०७९/८० पहिलो ९ महिनामा ४ अर्व २९ करोड ७ लाख ८४ हजारको काठ आयात र ३ अर्व २४ करोड २ लाख १९ हजारको काठ तथा काष्ठजन्य वस्तुको निर्यात भएको छ।

प्रश्न नं.८१

गाउँघरको नेपालीलाई विस्थापन गरी शहर र वैदेशिक रोजगारीमा पठाउने र वि
तरकारी भारतबाट किनेर जेष्ठ नागरिकहरुलाई खुवाउने काम सरकारले कहिले

उत्तरः

भारत बाट आयात हुने खाद्य बस्तुमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग अन्तरगतका कार्यालयहरुबाट भन्सार नाकामा विषादी परीक्षण हुने गरेको र सीमा नाकामा भन्सार कार्यालय तथा सुरक्षा निकायबाट निरन्तर निगरानी भैरहेको।

प्रश्नकर्ता : मा. दिलेन्द्र प्रसाद बडु

प्रश्न नं.८२

खाना पकाउने ग्याँसलाई विद्युतीय चुलोबाट प्रतिस्थापन गर्ने योजनाको प्रगतिमा पछिल्लो अवस्था के छ?

उत्तरः

चालु आर्थिक वर्ष २०७९ ८० को बजेट वक्तव्यको बुँदा नम्बर २५३/बमोजिम एल.पी. ग्याँस सिलिण्डर विस्थापित गरी क्रमशः विद्युतीय चुलो प्रयोग गर्ने गराउने व्यवस्थाको लागि/सिंहदरबार परिसर भित्र रहेका सबै मन्त्रालय, संसद सचिवालय लगायतका सरकारी निकायहरु साथै पालेपहरा एवं चमेना गृहहरुलाई पत्राचार भए बमोजिम विद्युतीय चुलो प्रयोग भैरहेको अवस्था छ ।

प्रश्न नं.८३

दोधारा- चाँदनी सुख्खा वन्दरगाह निर्माणको पछिल्लो अवस्था के छ?

उत्तरः-

१. सो आयोजनाको वातावरणीय प्रभाव मुल्याङ्कनको प्रतिवेदन स्वीकृत भईसकेको।
२. भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा आयोजना निर्माण गर्ने गरी सम्झौता प्रक्रिया अन्तिम चरणमा रहेको।

प्रश्नकर्ता : मा. प्रेम सुवाल

प्रश्न नं.८४

नेपालमा सियो बन्यो कि बनेन? नेपाली रोवोट अमेरिका निर्यात भइरहेको सत्य हो र?

उत्तरः

उद्योग विभागमा औषधिजन्य प्रयोजनमा उपयोग हुने सियो र जुत्ता सिलाउने सियो उत्पादन गर्ने उद्योगहरु दर्ता भएको देखिएबाट नेपालमा सियो बन्यो भन्न सकिन्छ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको Nepal Trade Information Portal मा प्रकाशित तथ्याङ्कबाट सन् २०१९ मा Industrial robot निर्यात भएको देखिन्छ।

प्रश्नकर्ता : मा. प्रेम सुवाल

प्रश्न नं.८५

नेपालका हजारौं वस्तुलाई चीनले शून्य भन्सारको सुविधा दिएको छ तर ती कुनै पनि वस्तु नेपालले निर्यात किन गरेन?

उत्तरः

चीनले नेपालका लागि मात्र होइन विश्वका सबै अतिकम विकसित मुलुकको लागि समान रुपमा ९८ प्रतिशत Tariff Lines का वस्तुहरुको आयातमा कोटारहित भन्सार सुविधा दिँदै आएको छ। उक्त

सुविधा उपयोगका लागि चीनले तोकेको गुणस्तर पूरा गर्ने मालवस्तु हुनुपर्छ। प्रयोगशालाको स्तर र त्यसको मान्यता प्राप्त गरेको हुनुपर्छ। चीनको GACC (General Administration of Customs of China) मा दर्ता भएको हुनुपर्दछ।

मुलतः गुणस्तर मापदण्ड पूरा गराउन नसकेको कारण धेरै वस्तु निर्यात गर्न सकिएको छैन तर केही वस्तुहरु (जस्तैः जडिवुटी, चाउचाउ, वेतवासका वस्तु, हस्तकला, गलैचा, पानी आदि) निर्यात भइरहेका

प्रश्नकर्ता : मा. दिलेन्द्र प्रसाद बडु

प्रश्न नं.८६

काठमाडौं उपत्यकाका औद्योगिक क्षेत्रहरूलाई उपत्यकाबाहिर स्थानातरण गर्ने सरकारको प्रतिवद्धता ६ वर्षमा पनि किन पूरा भएन ? भक्तपुर औद्योगिक क्षेत्र विश्व सम्पदा सूची दरवार क्षेत्रसँग जोडिएको र यसको बढ्दो ध्वनी र धुँवा प्रदूषणले मानव स्वास्थ्यमा हानी पुयाएको हुँदा यसै आर्थिक वर्षभित्र भक्तपुर औद्योगिक क्षेत्र उपत्यका बाहिर स्थानान्तरण गर्ने सरकारको तयारी हो कि होइन ?

जवाफः

काठमाण्डौ उपत्यका भित्र रहेका उद्योगहरुलाई काठमाण्डौ उपत्यका बाहिर स्थानान्तरण गर्ने समेत उदेश्यले बागमती प्रदेश अन्तर्गत मकवानपुर जिल्लामा मयूरधाप औद्योगिक क्षेत्र र चितवन जिल्लामा शक्तिखोर औद्योगिक क्षेत्र घोषणा भई काम अघि बढाइएको छ।

शक्तिखोर औद्योगिक क्षेत्रको विस्तृत परियोजना प्रस्ताव तैयारी र वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न भई सकेको छ भने मयूरधाप औद्योगिक क्षेत्रको वातावरणीय क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृतिका लागि वन तथा वातावरण मन्त्रालयमा पेश भएको छ। यी औद्योगिक क्षेत्रको निर्माण पश्चात काठमाण्डौं उपत्यका भित्रका उद्योगहरुलाई क्रमश स्थानान्तरण प्रक्रिया शुरु गरिने छ ।

प्रश्न नं.८७

देशमा संचालित औद्योगिक क्षेत्रहरु पूर्ण क्षमतामा संचालन गर्ने कार्यक्रममा के प्रगति भएको छ ?

उत्तरः

देशमा संचालित औद्योगिक क्षेत्रहरु पूर्ण क्षमतामा संचालन गर्न देहाय बमोजिम गरिएको व्यहोरा अनुरोध छ :

१) औद्योगिक क्षेत्र भित्र वन्द अवस्थामा रहेका उद्योगहरु संचालन गर्न औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडबाट निर्देशन गरिएको।

२) गजेन्द्रनारायण सिह औद्योगिक क्षेत्रमा खालि रहेको १६ वटा औद्योगिक प्लटमा उद्योग प्रवर्द्धन गर्नको लागि प्रस्ताव आह्वान गरिएको ।

३) हेटौडा औद्योगिक क्षेत्रमा वन्द तथा अनुत्पादक रुपमा रहेको १५ वटा उद्योगहरु संचालन गर्नको लागि सार्वजनिक सूचना प्रकासन गरिएको ।

४) बालाजु औद्योगिक क्षेत्रमा वन्द तथा अनुत्पादक रुपमा रहेको ६ वटा उद्योगहरु संचालन गर्नको लागि सार्वजनिक सूचना प्रकाशन गरिएको ।

५) वीरेन्द्रनगर औद्योगिक क्षेत्रमा वन्द अवस्थामा रहेका २ वटा उद्योगहरु यस लिमिटेडले कब्जामा लिई नयाँ उद्योग प्रवर्द्धन गर्नको लागि प्रस्ताव आह्वान गरिएको ।

६) पोखरा औद्योगिक क्षेत्रमा लामो समय वन्द अवस्थामा रहेको १ वटा उद्योग यस लिमिटेडले कब्जामा लिई नयाँ उद्योग प्रवर्द्धन गर्नको लागि प्रस्ताव आह्वान गर्ने प्रक्रियामा रहेको ।

प्रश्न नं.८८

दैजी औद्योगिक क्षेत्र र हरैया विशेष आर्थिक क्षेत्र निर्माणको प्रक्रियाको पछिल्लो अवस्था के छ ?

उत्तर

१) दैजी औद्योगिक क्षेत्र स्थापना सम्बन्धमा हाल सम्मको प्रगतिः

(क) मिति २०७२/१२/०१ मा दैजी औद्योगिक क्षेत्र घोषणा भई सम्भाव्यता अध्ययन कार्य र बिस्तृत परियोजाना प्रतिबेदन (DPR) एवं वातावरणीय प्रभाब मुल्यांकन(EIA) प्रतिवेदन सम्पन्न भएको छ।

(ख) औद्योगिक क्षेत्रको लागि वन क्षेत्रको जग्गा प्रयोगको लागि रुखहरुको छपान, नम्बरिङ र नापजाँच सम्बन्धी कार्य सम्पन्न भई प्राविधिक प्रतिवेदन तयार भएको र मिति ०७९/११/०८ मा दैजी औद्योगिक क्षेत्र सम्पर्क कार्यालय स्थापना भएको छ।

<u>हरैया विशेष आर्थिक क्षेत्र</u>

हरैया विशेष आर्थिक क्षेत्रको EIA प्रतिवेदन स्वीकृतिको लागि वन तथा वातावरण मन्त्रालयमा पठाइएको छ । EIA प्रतिवेदन स्वीकृति निर्माण कार्य शुरु गरिनेछ ।

प्रश्न ८९:

स्वदेशमा नै स्वोजगारीको अवसर सिर्जना गर्नका निमित्त युवाहरुमा नवप्रवर्धनात्मक Start up कार्यक्रम र उद्यमशीलता प्रशिक्षण सँगै पूँजि उपलब्ध गराउने कार्यक्रममा ढिलाई किन?

उत्तरः

स्वदेशमा नै स्वरोजराको अवसर सिर्जना गर्नका निमित्त युवहरुमा नवप्रवर्धनात्मक Start up कार्यक्रम संचालन गर्न सहुलियतपुर्ण कर्जा उपलब्ध गराउने कार्यक्रम कार्यान्वयन गर्न मिति २०७९।११।१० मा स्टार्टअप उद्यम कोष कार्यविधि, २०७९ स्वीकृत भई कार्यविधि अनुसार स्टार्टअप उद्यम गर्ने उद्यमीलाई २ दिन भित्र परियोजना प्रस्ताव पेश गर्न उद्योग विभाग मार्फत मिति २०७९।१२।१६ मा सार्वजनिक सुचना प्रकाशन गरी पेश हुन आएका परियोजना प्रस्तावका सम्बन्धमा विभागमा मुल्याङ्कन गरी पहिलो चरणको मूल्याङ्कन कार्य सम्पन्न भएको छ। कार्यस्थलमा आधारित रोजगार कार्यक्रमको हकमा विभिन्न ४ उद्योगहरु सम्झौतागरी काम अघि बढाएका र उद्योगीको माग बमोजिम कार्यविधि सरलीकरण गर्न प्रक्रिया अघि बढेको।

प्रश्न ९०:-

चालु आ.व.को नीति कार्यक्रम र बजेटमा प्राथमिकता साथ समावेश भएको रुग्ण अवस्थामा रहेका सरकारी उद्योगहरु पुनः संचालनको प्रस्तावि कार्यविधि र प्रक्रिया किन अवरुद्ध भयो?

उत्तरः

रुग्ण अवस्थामा रहेका ७ वटा सरकारी उद्योगहरुको सञ्चालन मोडालिटी तय गरी थप प्रक्रिया अघि बढाउन अर्थ मन्त्रालयको निजीकरण इकाईमा पेश गरिएको।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

प्रश्न नं.९१

अमेरिका, अस्ट्रेलिया र युरोपका देशहरुमा पठाईदिने भनी सर्वसाधारण नेपालीसँग ठगी गरेकाहरुको जानकारी सरकारलाई के-कति छ? ती ठगहरुलाई के-कस्तो कार्वाही भयो? ती ठगहरुको विवरण कस्तो छ?

उत्तरः-

वैदेशिक रोजगार ऐन, २०६४ तथा नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार प्रचलित कानून विपरित आकर्षक जागिर र तलबको प्रलोभन देखाई नेपाली नागरिकलाई अमेरिका, अष्ट्रेलिया युरोप पठाइदिन्छु भनी ठगी गर्नेहरुमाथि नेपाल सरकारले कारबाही गरेको छ। हाल शिक्षा मन्त्रालय अन्तर्गत दर्ता भएका education consultancy हरु र केहिले अनलाइन विज्ञापन गरी उच्च शिक्षामा नभइ रोजगारीका अवसरको नाममा ठगी गरेको उजुरीहरु प्राप्त भएका छन्। वैदेशिक रोजगार विभागका महानिर्देशकको नेतृत्वमा वैदेशिक रोजगारीका क्रममा देखिएका सबै प्रकारका ठगी नियन्त्रण गर्नका लागि अन्तर-निकाय प्रतिनिधित्व हुने गरी एक कार्यदल गठन भई ठगी गर्ने संस्था एवं व्यक्तिलाई कारबाही एवं क्षतिपूर्ति भराउने लगायतका कार्य प्रारम्भ भएको छ। education

consultancy हरुले उच्च शिक्षा सम्बन्धी परामर्श प्रदान गर्ने र वैदेशिक रोजगारीका अवसरहरु जोडिएको विषयमा वैदेशिक रोजगार विभागबाट ईजाजतपत्र लिनुपर्ने अनिवार्य व्यवस्था गर्न अन्तर-मन्त्रालय समन्वय हुन आवश्यक छ।

प्रश्न नं.९२

अन्तर्राष्ट्रिय श्रमिक दिवसको दिन बिदा घोषणा गरिएको छ तर यो दिनमा पनि कतिपय मजदुर गुजारको लागि काम गर्न बाध्य छन्। यस्तो किन होला ? नेपालमा कति लाख श्रमिक छन् ? त्यसमध्ये महिला र पुरुष कति छन् ? सङ्गठित र असङ्गठित श्रमिक कति छन् ? कृषि र गैर कृषि क्षेत्रका श्रमिक कति छन् ?

उत्तरः- विश्वका अधिकांश मुलुकहरुमा मे १ लाई अन्तर्राष्ट्रिय श्रमिक दिवसको रुपमा मनाउने चलन छ। नेपालमा पनि यो दिन श्रमिकको सम्मानमा सार्वजनिक बिदा घोषणा गरिएको छ। सार्वजनिक बिदा घोषणा हुँदा समेत पनि कतिपय मजदुर काम गर्न बाध्य छन् भन्ने विषयमा हालसम्म कुनै उजुरी प्राप्त भएको छैन। नेपाल कृषिप्रधान देश भएको सन्दर्भमा अधिकांश नागरिकहरुको मुख्य पेशाको रुपमा कृषि पेशा रहेको छ।

प्रश्न नं.९३

स्वदेशमा रोजगारीको व्यवस्था श्रमिकको सामाजिक सुरक्षा र वेशिक रोजगारीलाई व्यवस्थित गर्न भनी २०३८ सालमा स्थापना गरिएको तत्कालिन श्रम मन्त्रालय र हालको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले १७८ देशमा नेपालीलाई वैदेशिक रोजगारीमा पठाउने, मजदुरलाई ठगीमा पार्ने, दिनको ५-१० ओटा शव विदेशबाट फिर्ता ल्याउने बाहेक स्वदेशमा रोजगारीको व्यवस्था र श्रमिकको सामाजिक सुरक्षा सम्बन्धी कुनै काम नगरेको किन होला ?

उत्तरः-

वैदेशिक रोजगार ऐन, २०६४ तथा नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार वैदेशिक रोजगारीका लागि संस्थातत रुपमा १११ र व्यक्तिगत रुपमा १७८ वटा मुलुकमा जान पाउने गरी नेपाल सरकारले खुला गरेको छ। वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार व्यवसाय संचालन गर्ने इजाजतपत्रवाला संस्थाहरुको नियमन-अनुगमनको कार्य, श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले रोजगारदाता-श्रमिकबीच असल सम्बन्ध स्थापित गराउने कार्य, वैदेशिक रोजगार बोर्डले वैदेशिक रोजगारमा जाने नागरिकहरुको कल्याणकारी कार्य, व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठानले वैदेशिक रोजगारीमा जान इच्छुकका लागि सीपमुलक तालिम प्रदान गर्ने कार्य गर्दै आएका छन्। वैदेशिक रोजगारीका क्रममा देखिने सबै प्रकारका ठगीहरुलाई नियन्त्रण गरी यो क्षेत्रलाई थप व्यवस्थित र सुरक्षित बनाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग लगायतका निकायहरु कार्यरत रहेका छन्। हाल नेपाल सरकारले स्वदेशभित्र कार्यरत मजदुर, स्वरोजगारमा रहेका मजदुर, वैदेशिक रोजगारीमा गएका श्रमिकहरु, असंगठित क्षेत्रमा कार्यरत मजदुरहरुका लागि सामाजिक सुरक्षाको कार्यक्रम लागू गरेको छ। सामाजिक सुरक्षा कोषमा हालसम्म ५,२०,७५३ जना योगदानकर्ताहरु सुचिकृत हुनुभएको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीसँग

मा.प्रेम सुवाल

<u>प्रश्न नं ९४</u> :

नेपाली समाजमा बहुविवाह, बालविवाह, बोक्साबोक्सी, छाउपडीको अवशेष र महिला हिंसाको घटना न्यूनीकरण गर्नेतर्फ सरकारको के धारणा छ ?

उत्तरः

अ. पन्ध्रौं योजनामाः लैङ्गिक समानता र महिला सशक्तीकरण .

लैङ्गिक समानता तथा महिला सशक्तीकरण अन्तर्गत महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव हिंसा र शोषणको अन्त्य गर्नु उद्देश्य रहेको छ ।

आ. आ.व. २०७९/८० को नीति तथा कार्यक्रमः

- महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण, दुर्व्यवहार र भेदभाव अन्त्य गर्दै लैङ्गिक उत्तरदायी शासन प्रणालीलाई संस्थागत गर्ने नीति लिईनेछ ।
- हिंसा पीडितको तत्काल उद्धार, पुनःस्थापना र परिवारमा पुनःएकीकरण तथा आर्थिक सशक्तीकरणलाई थप प्रभावकारी बनाईनेछ भन्ने विषय उल्लेख छ।

इ. लैंगिक हिंसा अन्त्यका लागि नेपालले अन्तर्राष्ट्रिय प्रतिबद्धता गरेका विषयहरुः

- मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८
- महिला हकको राजनीतिक अधिकार सम्बन्धी महासन्धि, १९५२
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ (CEDAW)
- महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धी ऐच्छिक प्रोटोकल (१९९९ — २००७)
- संयुक्त राष्ट्रसंघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९
- बाल अधिकार सम्बन्धी अन्तर्राष्टिय सन्धि तथा इच्छाधिन आलेखहरु
- मानव बेचबिखन र विशेष गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम तथा सजायका सम्बन्धमा व्यवस्था भएको पुरक आलेख (२०००) (Palermo Protocol) बेइजिङ्ग कार्य योजना, १९९५
- महिला वर्गको राष्ट्रिय उत्थानका लागि राष्ट्रसंघीय विशेष उपाय, १९९९
- बेइजिङ्ग घोषणा तथा कार्ययोजना, १९९५
- संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२०
- दीगो विकासका लक्ष्य, २०१५ — २०३०

ई. लैङ्गिक हिंसा निवारण सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था

- लैगिंक हिंसा निवारण कोष (सञ्चालन) नियमावली ,२०६७
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१
- बोक्सीको आरोप (कसूर तथा सजाय) ऐन, २०७२
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ र सम्बन्धित नियमावली

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्धारा पुरुष सञ्जाल (Male Leader Network) परिचालन सम्बन्धी कार्यविधि, २०७५
- महिला र बालिका उपर हुने हिंसा निवारणमा पुरुष सहभागिता रणनीति, २०७५
- लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान, कार्यान्वयन कार्ययोजना, २०७६
- मुलुकी देवानी संहिता २०७४, मुलुकी देवानी कार्यविधि संहिता, २०७४
- मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता२०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ कार्यान्वयनमा रहेका छन् ।

नेपाली समाजमा बहुविवाह, बालबिवाह, बोक्साबोक्सी, छाउपडीको अवशेष र महिला हिंसाको घटना न्यूनीकरण गर्ने तर्फ यस मन्त्रालयद्धारा गरिएका प्रयासहरुः

- लैङ्गिक समानताका क्षेत्रमा प्राप्त उपलब्धिलाई संस्थागत गर्दै दिगो विकासका लक्ष्य प्राप्ति र सारभूत लैङ्गिक समानताको स्थापनाको लागि संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यलाई सुदृढ बनाउँदै राज्यका तीनवटै तहमा लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न योजना नीति तथा कार्यक्रम, बार्षिक बजेट तथा सेवा प्रवाहलाई लैङ्गिक मैत्री बनाई समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ जारी गरिएको छ।
- संघ, प्रदेश र स्थानीय सरकारको जिम्मेवारी र भूमिकालाई स्पष्ट गरी राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ ले लिएको उद्देश्य, लक्ष्य र दीर्घकालिन सोच पूरा गर्नको लागि नीतिमा रहेका रणनीति तथा कार्यनीतिको प्रभावकारी रुपमा कार्यान्वयन गर्न राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को कार्यान्वयन कार्ययोजना, २०७७ तर्जुमा गरिएको छ ।
- नेपाल टेलिभिजनबाट पाक्षिक रुपमा कुरीति विरुद्धको सामाजिक चेतनामूलक कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने गरिएको छ। यस कार्यक्रमले हरेक बर्ष निरन्तरता पाउँदै आएको छ।
- संघ, प्रदेश र स्थानीय तहसमेतको समन्वयमा सामाजिक कुरीति, हिंसा, मानव वेचबिखन विरुद्धको अभियान सञ्चालन गरिदै आएको ।
- संघ, प्रदेश र स्थानीय तहले हरेक बर्षको November २५ देखी December १० सम्म विभिन्न कार्यक्रम गरी लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम सञ्चालन गरिंदै आएको छ।
- लैंगिक हिंसाबाट पीडित तथा प्रभावित महिलाको संरक्षण गर्दै मंगलासाहना दीर्घकालीन पुनस्थार्पना केन्द्रबाट ७० जनाले सेवा प्राप्त गरिसकेको र २६ जनालाई पारिवारिक पुनर्मिलन समेत गराईसकिएको साथै नियमित रुपमा ३० जना लैंगिक हिंसाबाट पीडित तथा प्रभावितहरुका लागि दीर्घकालीन पुनस्थार्पना केन्द्र सञ्चालन भईरहेको ।
- लैङ्गक हिंसा विरुद्धको १६ दिने अभियान, कार्यान्वयन कार्ययोजना, २०७६ को कार्यान्वयनको २०७६ देखि प्रत्येक आ.व. मा प्रदेशस्तर तथा जिल्लास्तरमा महिला तथा बालबालिका विरुद्ध हुने सामाजिक कुरीति लगायतका हानिकारक अभ्यास विरुद्ध अभियान कार्यक्रम सञ्चालन गरिएको । स्थानीय तहमा अभियान कार्यक्रम सञ्चालन गर्न स्थानीय तहमा सशर्त अनुदान कार्यक्रम मार्फत संघ संस्थाको सक्रियतामा

सामाजिक कुरीति विरुद्ध अभियानहरु सञ्चालन गरिएको।

- सबै स्थानीय तहमा स्थानीय लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्न १ लाख रुपैयाको दरले रकम समेत पठाई स्थानीय लैङ्गिक हिंसा निवारण कोष स्थापनाको व्यवस्था गरिएको छ हाल स्थानीय लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी सहयोग माग गरेका स्थानीय तहलाई समेत मन्त्रालयले रकम उपलब्ध गराई तत्काल संरक्षण गर्ने व्यवस्था गरिएको ।
- लैगिंक हिंसा निवारणका कोषबाट ७२ जनालाई राहत रकम उपलव्ध गराईएकोमा ११ जनालाई तत्काल उद्धार गरी औषधी उपचार, कानुनी सहायता र मनोपरार्मश सेवा प्रदान गरिएको। ६१ जना हिंसा पीडितलाई अदालतको फैसला अनुसार क्षतिपूर्ति रकम उपलव्ध गराई जीवनयापनमा सहयोग पुगेको ।
- हिंसा पीडित/ प्रभावितहरु महिला/किशोरीहरुको संरक्षणका लागि मंगला साहना दिर्घकालिन पुनर्स्थापना केन्द्र, काठमाडौ र अल्पकालिन आश्रयका लागि २१ वटा जिल्लाका २१ वटा स्थानीय तहमा संचालनमा रहेका सेवा केन्द्रहरुलाई हरेक बर्ष निरन्तरता पाउने गरी बार्षिक रुपमा बजेट विनियोजन गरी दिर्घकालिन र अल्पकालिन रुपमा संरक्षणको व्यवस्था गरिएको।

बालविवाह न्यूनीकरणको लागि गरिएका प्रयासहरुः

- बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ संशोधनको प्रक्रियामा रहेको,
- बाल विवाह अन्त्यका लागि लगानी सहितको रणनीतिक योजना, २०८० को मस्यौदा तयार गरी सरोकारवालाहरु सँग राय, सल्लाह, सुझाव एवम् पृष्टपोषण लिने प्रक्रियामा रहेको,
- बाल विवाह अन्त्यका लागि प्रदेश स्तरीय जनचेतनामुलक कार्यक्रम तथा अन्तरक्रिया भइरहेको,
- बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्था तथा विज्ञहरुसँग अन्तरक्रिया गर्ने गरिएको,
- बालबालिकाको क्षेत्रमा क्रियाशील संघसंस्थाहरुलाई बालविवाहको न्यूनीकरण सम्बन्धी कार्यक्रम गर्न आव्हान गरिएको,
- बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिका लागि आवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई सुझाव दिने गरिएको।
- बालविवाह अन्त्यका लागि भएका कानूनी तथा नीतिगत व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी कार्यक्रमहरु अगाडि बढाइएको,
- गैर सरकारी संस्थाद्धारा स्थानीय तह मार्फत बालविवाह जस्ता हानिकारक अभ्यासको अन्त्यको लागि चालु आ.व. को बजेट मार्फत कार्यक्रम संचालन गरिएको ।

<u>प्रश्न नं ९५</u>

शिशु र महिला बालबालिकाको विकास र आमाहरुको श्रमशक्ति वृद्धिको चालू आ.व. भित्रै स्थानीय तहको प्रत्येक वडामा शिशु स्याहार तथा बालोद्यान केन्द्र स्थापना र सञ्चालन हुन गइरहेको सत्य हो र ?

उत्तरः

- शिशु र महिला बालबालिकाको विकास र आमाहरुको श्रमशक्ति वृद्धिको लागि चालू आ. व. भित्रै स्थानीय तहको प्रत्येक वडामा शिसु स्याहार तथा बालोद्यान केन्द्र स्थापना र सञ्चालन सम्बन्धमा सिंहदरबार परिसर भित्र एक र ललितपुर जिल्लामा एक गरी दुई स्थानमा शिशु स्याहार केन्द्र स्थापना गरी सञ्चालनमा रहेको छ भने अन्य स्थानीय तहमा शिशु स्याहार केन्द्र नरहेको ।
- बालोद्यान केन्द्रका सन्दर्भमा स्थानीय तहसँगको लागत साझेदारीमा गै.स.स.लाई अनुदान उपलब्ध गराई नमूनाको रुपमा मात्र सञ्चालनमा रहेको ।
- आगामी आ.व. मा स्थानीय तहसँगको सहकार्यमा नमूना बाल उद्यान निर्माणको लागि कार्यक्रम प्रस्ताव गरिएको छ ।

<u>प्रश्न नं ९६</u>

ज्येष्ठ नागरिकहरुको स्याहारसुसारको लागि नेपालमा कुन कुन स्थानमा कति ओटा ज्येष्ठ नागरिक आदर निकेतन सञ्चालन भइरहेको छ ? बाँकि ठाउँमा यसै आ.व. भित्र ज्येष्ठ नागरिक आदर निकेतन सञ्चालन हुने हो र ?

उत्तरः

- अशक्त, असहाय, ज्येष्ठ नागरिकको संरक्षण र सुरक्षा गरी जीवनयापनलाई सहज बनाउन नेपाल सरकारबाट सञ्चालित समाज कल्याण केन्द्र पशुपति बृद्धाश्रम सञ्चालनमा रहेको साथै संस्था दर्ता ऐन बमोजिम दर्ता भई विभिन्न स्थानहरुमा ११४ वटा बृद्धाश्रम स्थापना तथा सञ्चालनमा रहेका ।
- गत आ.व. २०७८/७९ सम्म २२५ वटा ज्येष्ठ नागरिक मिलन केन्द्र (दिवा सेवा केन्द्र) स्थापना र सञ्चालनमा रहेका छन् भने यस आ.व. मा थप १० वटा दिवा सेवा केन्द्र स्थापना एवम् सञ्चालन गर्ने कार्यक्रम रहेको ।

प्रश्नकर्ता : मा.सुमना श्रेष्ठ

<u>प्रश्न नं ९७</u> :

वि.स. २०२१ सालमा गठन भएको नेपाल बाल सङ्गठन र यसको सम्पत्तिबारे उठेका प्रश्नहरू सम्बन्धमा संवैधानिक निकायदेखि संसदीय समितिसम्म उजुरी परेको र प्रतिनिधिसभाको महिला तथा सामाजिक समितिले २०७५ भदौ ५ गते उच्चस्तरीय आयोग गठन गरेर यसबारे छानबिन गर्न सरकारलाई निर्देशन दिएको जानकारी सार्वजनिक सञ्चार माध्यमबाट हामीले प्राप्त गरेका छौं । यस सन्दर्भमा वि.स. २०७६ कात्तिक १४ गते सरकारले पुनरावेदन अदालतका पूर्वमुख्य न्यायाधीश हरिबाबु भट्टराईको अध्यक्षतामा उच्चस्तरीय आयोग गठन गरेको थियो । उक्त आयोगले छानविन पश्चात वि.स. २०७७ जेठमा नेपाल सरकारलाई प्रतिवेदन समेत बुझाएको छ । सरकारले अहिलेसम्म प्रतिवेदन सार्वजनिक गरेको छैन । सञ्चारमाध्यममा प्रकाशित विवरण अनुसार संगठनका पदाधिकारी र कर्मचारीलाई कारबाहीको दायरामा ल्याउनुपर्ने आयोगको निष्कर्ष छ ।

१) अहिलेसम्म प्रतिवेदन मन्त्रालयमा प्राप्त भएदेखि के कस्ता छलफलहरू भएका छन्, छलफलमा भाग लिने पदाधिकारीहरूको नाम र सो छलफल भएका कुराहरूको बुँदागत विवरण

२) साथै, अब आउँदो दिनहरूमा छलफल कहिले बस्नेछ र छलफलमा को को सहभागी हुने भन्ने बारे

३) प्रतिनिधि सभा सदस्य वा अन्य जनप्रतिनिधिहरू पनि आउँदा यस्ता छलफलमा भाग लिन मिल्छ कि मिल्दैन?
४) हालसम्म प्रतिवेदन सार्वजनिक नगर्नु पर्ने कारण र यस्तो सार्वजनिक सरोकारको महत्वपूर्ण विषयहरूमा भएको छानविन प्रतिवेदन सार्वजनिक गर्ने सन्दर्भको छलफलका लागि समय सीमा कति दिन सम्म हुन सक्छ?
यी सबै विवरण र जानकारी उपलब्ध गराइदिनु हुन विनम्र अनुरोध गर्दछु।

उत्तर :

१. नेपाल बाल संगठनको समग्र सुधारको लागि सुझाव दिन पुनरावेदन अदालतको पूर्व मुख्य न्यायाधीश श्री हरिबाबु भट्टराईको अध्यक्षतामा गठन भएकव उच्चस्तरीय आयोगको मिति २०७७जेठ १ मा नेपाल सरकारलाई बुझाएको प्रतिवेदनका विषयमा आन्तरिक छलफल भईरहेको ।
२. आन्तरिक छलफल पश्चात छलफल पश्चात छलफलका अन्य मोडालिटीबारे जानकारी हुने नै छ ।
३. यस विषयमा आवश्यकता अनुसार माननीयज्यूहरु तथा जनप्रतिनिधिज्यूसँग पनि छलफल गरिनेछ ।
४. आन्तरिक छलफलमै रहेकाले सार्वजनिक र समय सीमाको सम्बन्धमा यथा समयमा जानकारी हुने नै छ ।
५. नेपाल बाल संगठनको समग्र सुधारका विषयमा सबैको सहयोगको अपेक्षा गरिएको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

माननीय भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रीसँग

मा.प्रेम सुवाल

प्रश्न नं ९८:

सहकारी संस्थाहरुको महासङ्घले तरलता अभाव सल्टाउन सरकारसँग १० अर्व सहुलियत ऋण मागेको र ऋण नपाए जेठ ३ गतेबाट आन्दोलन गर्ने बताएको सत्य हो? कतिपय सहकारी संस्थाले संस्थाको मान्यताबाहिर गएर लगानी गरेको हो कि होइन?

जवाफ :

यस सम्बन्धमा सम्बन्धीत निकायबाट माग गर्दा ति निकायहरुबाट प्राप्त उत्तर यस प्रकार रहेको छ।

सहकारी विभागबाट प्राप्त

सहकारी संस्थाहरुको महासङ्घ राष्ट्रिय सहकारी महासङ्घले तरलता अभाव सल्टाउन सरकारसँग सहुलियत ऋण लिएको विषय साँचो हो। वर्तवान अर्थतन्त्रको अवस्था विश्लेषण गर्दा बजारमा तरलताको समस्या रहेको देखिन्छ। कातिपय सहकारी संस्थाले संस्थाको मान्यताबाहियर गएर लगानी गरेको सम्बन्धमा संधीयता कार्यान्वयनसँगै वि.सं. २०७४ सालमा आएको सहकारी ऐन, २०७४ अनुरुप सहकारी संस्थाहरुको नियमन तीन तहका ७६१ वटा सरकारहरुबाट गरिने भएकाले तहगत क्षमता विकास र बुझाइमा एकरुपता कायम गरी सहकारी सिद्धान्त, मूल्य र मान्यताबाहिर गएर काम गरेका सहकारी संस्थाहरुको नियमनमा थप कडाइ गर्न सरकार प्रतिबद्ध रहेको छ।

प्रश्न नं ९९:

सरकारले सहकारी संस्थाको कार्यक्षेत्र स्थानीय पालिका वा पालिकाको वडामा मात्र सीमित हुने कानून बनाएको

भए जनताको खर्बौं बचत बोकेर कतिपय सहकारी संस्थाका सञ्चालकहरु बेपत्ता नहुने होइन र? त्यस्ता जनविरोधी सहकारी संस्थालाई घुस खाएर दर्ता गरिदिने सरकारी अधिकारीहरुलाई कारवाई किन हुँदैन ?

जवाफ :

यस सम्बन्धमा सम्बन्धीत निकायबाट माग गर्दा ति निकायहरुबाट प्राप्त उत्तर यस प्रकार रहेको छ।

सहकारी विभागबाट प्राप्त

सहकारी संस्थाको कार्यक्षेत्र सम्बन्धमा सहकारी ऐन, २०७४ को दफा १८ र सहकारी नियमावाली, २०७५ को नियम १० मा स्पष्ट व्यवस्थाहरु रहेका छन्। विद्यमान कानून अनुरुप समस्याग्रस्त घोषणा, अनुसन्धानका लागि केन्द्रीय अनुसन्धान ब्यूरोमा लेखी पठाउने, संस्थाका जिम्मेवार पदाधिकारीहरुलाई नियमन निकायमा बोलाई छलफल, सहजीकरण र समस्या समाधानका प्रयासहरु निरन्तर भइरहेको छ।

प्रश्न नं १००

माओवादी सशस्त्र द्वन्द्व तथा गृहयुद्धको बेला नेपालको नापी अधिकारीहरु भारतमा गएर बनाएको नेपाल-भारत सीमा (स्ट्रिप वा धर्से) नक्सामा नेपालीहरुसंग धनीपूर्जा भएको जग्गा तथा सरकारी जग्गा तथा सरकारी जग्गा, जंगल, कलभर्ट, पर्तीसमेत भारततर्फ पारिएको हुँदा नेपाली जनताको आपत्ती र विरोध भइरहेको होइन र ? सो स्केच नक्सा खारेज गरी नयाँ बनाउने के कस्तो कारबाहि भईरहेको छ ?

जवाफ :

यस सम्बन्धमा सम्बन्धीत निकायबाट माग गर्दा ति निकायहरुबाट प्राप्त उत्तर यस प्रकार रहेको छ।

नापी विभागबाट प्राप्त

नेपालका नापी अधिकारीहरु भारतमा गएर बनाएको नेपाल - भारत सीमा (स्ट्रिप वा धर्से) नक्सामा नेपालीहरुसँग धनीपूर्जा भएका जग्गा तथा सरकारी जग्गा, जंगल, कलभर्ट, पर्तीसमेत भारततर्फ पारिएकोभन्ने विषय सत्य नभएको । तराइ क्षेत्रका ५७ वटा नदीनाला सीमा भएका क्षेत्रहरुमासीमाना पहिचान गरी एकिन गर्ने प्रयोजनका लागि नेपाल भारत दुवै पक्षलाई मान्य सुगौली सन्धी ताका तयार भएका विभिन्न आधार नक्सा अनुसार स्थिर सीमा सिद्धान्त (Fixed Boundary Principle) बाट सीमा निर्धारण गर्ने मन्त्रिपरिषद्को मिति २०४५/०८/२२को निर्णय अनुसार उक्त क्षेत्रहरुमा नेपाल भारत सीमा (स्ट्रिप) भएको नक्सा तयार। नदी सिमाना भएका क्षेत्रहरुमा सीमा रेखा यकिन गर्नका लागि Fixed Boundary Principle अपनाइएका कारण र समय समयमा नदीले आफ्नो धार परिवर्तन गर्ने कारणले कतिपय स्थानहरुमा नेपालीहरुले भोगचलन गरी निजहरुकै नाममा कित्तानापी तथा दर्ता समेत भएको जग्गा भारततर्फ पर्न सक्ने तथा कतिपय स्थानहरुमा भारतीयहरुको भोगचलनमा रहेको जग्गा नेपाल तर्फ पर्न सक्ने हुदाँJoint Technical Committee (JTC) को २५औँबैठकबाट यथास्थिती कायम गर्ने (status quo maintain) निर्णय भएको।

नेपाल - भारत परराष्ट्र मन्त्री स्तरीय संयन्त्रको तेस्रो बैठकबाट सीमा सम्बन्धी कार्य गर्न द्विपक्षीय संयन्त्रBoundary Working Group (BWG) गठन भएको र उक्त संयन्त्रलाई दशगजा तथा सीमापारपर्ने जग्गा (no man's land

encroachment and cross-border holdings) को लगत तयार गर्ने र no man's land encroachment and cross-border holdings सम्बन्धी समस्या समाधानका लागि modality तयार गर्ने कार्यादेश तोकिएको भएता पनि सन् २०१९ देखि BWG को बैठक संचालन हुन नसकेका कारण उल्लिखित कार्यमा कुनै प्रगती हुन नसकेको।

प्रश्न नं १०१

भारतसंग जोडिएको इलाम जिल्लाको साढे ५२ किलोमिटर लामो दशगजा नै मिचेर भारतले पक्की सडक बनाएको सम्बन्धमा सरकारले के कारबाही गर्दैछ । नेपाल सरकारलाई तिरो तिर्दै आएको नेपाली भूमिसमेत भारतीय एसएसबीले ३ महिना र ६ महिनामा ग्लोबल पोजिसन सिस्टम जीपीएसमा देखिएको भन्दै अतिक्रमण गरी सीमा स्तम्भ गाड्ने काम गरिरहेको किन रोकिएन ?

जवाफ

यस सम्बन्धमा सम्बन्धीत निकायबाट माग गर्दा ति निकायहरुबाट प्राप्त उत्तर यस प्रकार रहेको छ।

नापी विभागबाट प्राप्त

इलाम जिल्लामा साढे ५२ किलोमिटर लामो दशगजा नै मिचेर भारतले पक्की सडक बनाएको भन्ने विषयमा उक्त क्षेत्रमा ब्रिटिसकालिन समयमा नै सडक निर्माण भएको व्यहोरा सो समयमा तयार भएका विभिन्न नक्साबाट देखिने र उक्त सडकबाट सम्पूर्ण साढे ५२ किलोमिटर क्षेत्रमा दशगजा अतिक्रमण नभइ इलाम कालपोखरी स्थित सीमा स्तम्भ नं. ६०/२, इलाम सन्दकपुर स्थित सीमा स्तम्भ नं. ५८/४, इलाम पशुपतिनगर स्थित सीमा स्तम्भ नं. ७१/५ लगायत अन्य स्थानहरुमा दशगजा अतिक्रमण भएको।भारतीय पक्षबाट नेपालसँग समन्वय नगरी इलाम जिल्ला सन्दकपुर-४, कालपोखरीमा स्थित उक्त सडकलाई पक्की गर्ने क्रममा वि.ओ.पि. कालपोखरीबाट उक्त कार्य रोकिएको र नेपाल सरकार, परराष्ट्र सचिव स्तरीय निर्णयबाट परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय, नापी विभाग र सशस्त्र प्रहरी बल, नेपाल बाट खटिएका कर्मचारी सम्मिलित टोलीबाट उक्त क्षेत्रको स्थलगत निरिक्षण तथा नापजाँच भई परराष्ट्र मन्त्रालयमा प्रतिवेदन पेश भएको।

प्रश्न नं १०२

नेपाल भारतबीच सीमा स्तम्भ ८८५३ ओटा भएको सत्य हो कि होइन ? ती मध्ये हराइएका, भत्काइएका, उखेलिएका, बेपत्ता पारिएका सीमा स्तम्भ कति ओटा छन् ? भारतले आफ्नो भागमा परेको सीमास्तम्भ मर्मत गर्ने नाममा सीमास्तम्भ नेपालतर्फ सारिरहेको सत्य हो कि होइन ?

जवाफ

यस सम्बन्धमा सम्बन्धीत निकायबाट माग गर्दा ति निकायहरुबाट प्राप्त उत्तर यस प्रकार रहेको छ।

नापी विभागबाट प्राप्त

नेपाल - भारत सीमा अन्तर्गत सुस्ता र कालापानी/ लिपुलेक/ लिम्पियाधुरा क्षेत्र बाहेक अन्य स्थानहरुमा ८५५३ सीमा स्तम्भ एकिन गरिएको र सो सीमा स्तम्भ मध्ये सीमा सम्बन्धी कार्य गर्न गठित द्विपक्षीय संयन्त्र Joint Technical Committee(JTC) बाट सन् १९८१ देखि २००७ सम्म ६५२६ सीमा स्तम्भहरुको निर्माण तथा मर्मत

सम्पन्न भएको। सन् २००७ मा JTC को समयावधी समाप्त भए पश्चात सन् २००७ देखि २०१४ का बिच सीमा सम्बन्धी द्विपक्षीय कार्य हुन नसकेको र सो समयमा JTC बाट निर्माण/मर्मत भएका केही सीमा स्तम्भहरु विभिन्न प्राकृतिक कारणहरुबाट बिग्रिएको, भत्किएको तथा हराएको।

नेपाल - भारत पररा्ष्ट्र मन्त्री स्तरीय संयन्त्रको तेस्रो बैठकबाट सीमा सम्बन्धी कार्य गर्न Boundary Working Group (BWG) गठन भए पश्चात उक्त संयन्त्रले सन् २०१४ देखि सीमा सम्बन्धी कार्यहरु गर्दै आइरहेको। सन् २०१४ देखि २०१९ सम्म ८५५३ सीमा स्तम्भ मध्ये ८०५७ सीमा स्तम्भको स्थलगत निरीक्षण सम्पन्न भएको। उक्त निरीक्षणबाट ३३४८ सीमा स्तम्भ मर्मत गर्नुपर्ने र ५२०५ सीमा स्तम्भ निर्माण/पुनर्निर्माण गर्नुपर्ने विवरण प्राप्त भएकोमा सन् २०१९ सम्म १७४२ सीमा स्तम्भ मर्मत भएको र २४४५ सीमा स्तम्भ निर्माण भएको। सो पश्चात नेपाल भारत सीमा सम्बन्धी कार्य गर्ने BWG र सोसँग सम्बन्धित संयन्त्रबाट द्विपक्षीय कार्यहरु हालसम्म हुन नसकेको।

नेपाल - भारत सीमामा रहेका जोर सङ्ख्याका सीमा स्तम्भको निर्माण तथा मर्मतको जिम्मेवारी भारतको र विजोर सङ्ख्याका सीमा स्तम्भको निर्माण तथा मर्मतको जिम्मेवारी नेपालको रहेको छ। यसरी सीमा स्तम्भहरुको निर्माण तथा मर्मतको जिम्मेवारी तोकिएको भएतापनि एक पक्षले आफ्नो जिम्मेवारीमा रहेको सीमा स्तम्भको निर्माण तथा मर्मत गर्ने क्रममा दोस्रो पक्षको अनिवार्य उपस्थिति हुनुपर्ने व्यवस्था रहेकोले भारतले आफ्नो भागमा परेका सीमा स्तम्भ मर्मत गर्ने क्रममानेपाली पक्षको समेत उपस्थिति हुने हुदाँ मर्मत गर्ने नामामा सीमा स्तम्भ नेपालतर्फ सारिरहेको भन्ने कुरा सत्य नरहेको।

प्रश्न नं १०३

२०२१ सालको नापी नक्सामा सार्वजनिक जनिएको साविक दिव्यश्वरी वडा नं. २(ख) कि.नं. १०१२ क्षेत्रफल २८-३-२-० को हनुमन्ते खोलाको खण्डलाई कि.नं. ११२० र ११२१ मा टुक्रा गराई कि.नं. ११२० को क्षेत्रफल १७-१४-२-०खोलाको जग्गा हाल साविक गराई व्यक्तिको नाममा दर्ता गराई व्यक्तिको नाममा दर्ता गरिदिने सम्बन्धित सरकारी अधिकारी र संलग्न दोषीहरुलाई कारबाही किन भएन ? सो खोलाको जग्गा पुनः सार्वजनिक किन गरिएन ?

<u>जवाफ</u>

यस सम्बन्धमा सम्बन्धीत निकायबाट माग गर्दा ति निकायहरुबाट प्राप्त उत्तर यस प्रकार रहेको छ।

<u>नापी विभागबाट प्राप्त</u>

साविकको दिव्यश्वरी वडा नं. २ख मा रहेको हनुमन्ते खोलाले धार परिवर्तन गरे पछि उक्त खोला उकास जग्गा व्यक्तिको नाममा तत्कालीन भूमि प्रशासन कार्यालय भक्तपुरको प.स. ६५/०३०/०३१ मिति २०३१/१/३ को निर्णय बमोजिम कि.नं. १०१२ क्षेत्रफल २८-३-२-० कित्ताकाट भै कि.नं. ११२० र कि.नं. ११२१ कायम भएको नापी कार्यालय भक्तपुरको अभिलेखबाट देखिन्छ ।साविकको दिव्यश्वरी वडा नं. २ख कि.नं. १०१२ क्षेत्रफल २८-३-२-० कित्ताकाट भै कि.नं. ११२० र कि.नं. ११२१ कायम भएको सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट अनुसन्धान जारी रहेकोले हाललाई कुनै किसिमले हक हस्तान्तरण नहुने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको DIV- 2957 मिति २०७८/०४/३१ को पत्रले रोक्का रहेको।

भूमि व्यवस्थापन तथा अभिलेख विभाग प्राप्त

२०२१ सालको सर्भे नापीका बखत जिल्ला भक्तपुर साविक दिव्यश्वरी २ख कि.नं. १०१२ को २८-३-२- नापी कार्यालय भक्तपुरबाट प्राप्त नापी कार्यालय भक्तपुरबाट खोला जनाइएकोमा तत्कालीन भूमि प्रशासन कार्यालयको २०३१/१/२५ को निर्णयले कित्ताकाट गरी कि.नं. ११२० को क्षेत्रफल १७-१४-०-० जग्गा जगन्नाथ आचार्यको नाममा दर्ता भई कि.नं. ११२१ को १०-५-२-० जग्गा यथास्थितिमा रहेको उक्त जगन्नाथ आचार्यको सो कि.नं. ११२० को जग्गा कित्ताकाट भई हाल विभिन्न व्यक्तिको नाममा देखिएकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. अनु/२/०७९/०८० च.नं. Div २-२१८४४ मिति २०७९/८/१ लगायतका पत्रहरुबाट सो सम्बन्धमा छानविन कारवाहीको सिलसिलामा फेला परे सम्मका खोला बगर पर्ति लगायतका सम्पुर्ण सरकारी सार्वजनिक जग्गा समेतको विवरण संलग्न गरी मालपोत कार्यालय, भक्तपुरबाट समेत च.नं. १०२७१ मिति २०७९/१२/५ को पत्रसाथ विस्तृत अध्ययन प्रतिवेदन तयार गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग र भूमि व्यवस्थापन तथा अभिलेख विभाग समेतमा आवश्यक कारवाहीको लागि लेखी पठाइएको।

उल्लेखित कि.नं. १०१२ बाट कि.का गरी दर्ता गर्ने तत्कालीन भूमि प्रशासन कार्यालयको २०३१/१/२५ मा भएको निर्णय मिसिल कार्यालयको अभिलेखबाट फेला नपरेको हुँदा संलग्न कर्मचारी को को थिए भनी एकिन गर्न नसकिएको

प्रश्न नं १०४

२०२१ सालको नापी नक्सामा साविक बालकोट वडा नं. १ कि.नं. ३२ पर्ति वगर क्षेत्रफल २-१०-२-० र कि.नं. ३३ वगर क्षेत्रफल ५-५-८-० खोलाको जग्गा व्यक्तिको नाममा दर्ता गरिदिने सम्बन्धित सरकारी अधिकारी र संलग्न दोषीहरुलाई कारबाही गरी सो जग्गा पुनः सार्वजनिक किन गरिएन ?

जवाफ

यस सम्बन्धमा सम्बन्धीत निकायबाट माग गर्दा ति निकायहरुबाट प्राप्त उत्तर यस प्रकार रहेको छ।

नापी विभागबाट प्राप्त

साविकको बालकोट गा.वि.स. वडा न. १ कित्ता न. ३२ र ३३ कुनै पनि व्यक्तिको नाममा दर्ता नभएको नापी कार्यालय भक्तपुरमा रहेको अभिलेखबाट देखिएको। साविकको बालकोट गा.वि.स. वडा न. १ कि.न. ३२ र ३३ का सम्वन्धमा भक्तपुर जिल्ला अदालतमा मुद्दा चलिरहेको र अख्तियार दुरुपयोग अनुसन्धान आयोग को च.न. DIV 2-16040 मिति २०७९/०६/२५ को पत्रानुसार उक्त क्षेत्रको कित्ताहरुलाई रोक्का राखी अनुसन्धान कार्य भइरहेको ।

भूमि व्यवस्थापन तथा अभिलेख विभाग प्राप्त

मालपोत कार्यालय, भक्तपुरमा रहेको अभिलेख अनुसार बालकोट गा.वि.स वडा नं. १ कि.नं. ३२ क्षे. फ. २-१०-२-० जग्गाको विरहमा खोलोकोल्सी र कि.नं. ३३ क्षे. फ. ५-५-८-० जग्गाको विरहमा खोलो खोल्ची जग्गा नेपाल सरकारको नाममा दर्ता कायम रहेको देखिएको।

साविकको बालकोट गा.वि.स. वडा न. १ कित्ता न. ३२ र ३३ का सम्बन्धमा भक्तपुर जिल्ला अदालतमा मुद्दा चलिरहेको र अख्तियार दुरुपयोग अनुसन्धान आयोग को च.न. DIV 2-16040 मिति २०७९/०६/२५ को

पत्रानुसार उक्त क्षेत्रको कित्ताहरुलाई रोक्का राखी अनुसन्धान कार्य भइरहेको ।

प्रश्न नं १०५

काठमाडौं वडा नम्बर ३२ डिल्लीबजारको कालिकास्थानस्थित ऐतिहासिक धारा पोखरी भएको कित्ता नं २४६ को ३ रोपनीभन्दा बढी सार्वजनिक जग्गा नवीन कला मन्दिरका केही व्यक्तिहरूको साँठगाँठमा दीपक मल्होत्रालाई १६ तलाको व्यापारिक भवन बनाउन दिइएको सत्य हो कि होइन ? यसबारे सम्बन्धित सरकारी अधिकारीहरूमाथि कार्वाई किन गरिएन ?

जवाफ

यस सम्बन्धमा सम्बन्धीत निकायबाट माग गर्दा ति निकायहरुबाट प्राप्त उत्तर यस प्रकार रहेको छ।

नापी विभागबाट प्राप्त

का.जि. का.म.न.पा. वडा नं. ३२ डिल्लीबजारको कालिकास्थान स्थित सिट नं. १०२-११०५-१५ कि. नं. २४६ को फिल्डबुकको ज.ध. महलमा नवीन कला मन्दिरको नाम कायम भएको । उक्त कित्तामा हाल बोडिङ्ग स्कुल सञ्चालनमा रहि उक्त स्कुलको एउटा भवनमा नविन कला मन्दिरको बोर्ड देखिएको। उक्त जग्गामा १६ तलाको भवन नदेखिएको । यस सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट छानविन भईरहेको ।

भूमि व्यवस्थापन तथा अभिलेख विभाग प्राप्त

साविक नापी हुँदा बखत नै नापी गोश्वरा कै ठेलीमा सो जग्गा मोठ कायम देखिन्छ। ज.ध. नवीन कला मन्दिरका नाममा दर्ता कायम जग्गा ज.ध. को वतन का.न.पं. वडा नं. २९ को हाल ३२, अञ्चल बाग्मती जिल्ला काठमाडौं, पंचायत काठमाडौं नगर पंचायत वडा नं. ३२, कि.नं. २४६, क्षे.फ. २-९-१-२ भएको जग्गा मोठ श्रेस्तामा हालसम्म मोठ कायम देखिन्छ। भूमिसुधार तथा मालपोत कार्यालय, काठमाडौंमा रहेको मोठ श्रेस्ताबाट तथा लिज नितिको अभिलेख र भोगाधिकार अभिलेख हेर्दा कोही कसैलाई दिएको नदेखिएको व्यहोरा रहेको छ।

प्रश्न नं १०६

प्रश्नकर्ता : मा. दिलेन्द्र प्रसाद बडु

प्रश्नः राष्ट्रिय भूमि आयोगबाट अहिलेसम्म कति भूमिहीनहरुलाई लालपुर्जा वितरण भयो? चालु आ.व. मा थप कति लालपुर्जा उपलब्ध गराउने लक्ष्य छ?

उत्तरः राष्ट्रिय भूमि आयोगबाट हालसम्म ३,३४० भूमिहिनहरुलाई जग्गाधनी प्रमाण पुर्जा वितरण भएको छ साथै चालु आ.व. २०८०/८१ मा थप २५ हजार भूमिहिनहरुलाई जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराउने लक्ष्य रहेको व्यहोरा अनुरोध छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीसँग

प्रश्नकर्ता : मा. प्रेम सुवाल

प्रश्न नं.१०७

नेपालका होटलहरुमा ३५ लाख पर्यटकहरुलाई सेवा दिने क्षमता भएको स्थायी र अस्थायी गरी ११ लाखभन्दा बढीले रोजगारी पाएको र १६ खर्बभन्दा बढी लगानी भएको सत्य हो र ? होटल व्यवसायीको लगानी उठाउन वार्षिक १८ लाख पर्यटक भित्रयाउनुपर्नेबारे सरकारको तयारी के छ?

उत्तरः

नेपालका एक तारादेखि पाँच तारा डिलक्स होटलसम्म, साधारण प्रकृतिका रिसोर्टदेखि लक्जरी स्तरमा वर्गीकरण भएका रिसोर्टसम्म, साधारण प्रकृतिका हेरिटेज एवम् बुटिक होटलदेखि लक्जरी स्तरमा वर्गीकृत हेरिटेज होटलसम्ममा प्रत्यक्ष रोजगारी पाउने कामदार तथा कर्मचारी एवम् रोजगारदाता गरेर लगभग २३,००० जना संलग्न रहेको तथ्याङ्क रहेको छ।

माथि उल्लिखित प्रकृतिका होटल तथा रिसोर्टहरु नयाँ निर्माण तथा आगामी २ वर्षभित्र सञ्चालनमा आउने अनुमानित हिसाब गर्दा थप ७ हजार हाराहारी कामदार तथा कर्मचारी थपिने अनुमान गर्न सकिन्छ ।

नेपालमा कानूनी रुपमा दर्ता भई इजाजत लिएर सञ्चालित २८ वटा क्यासिनो तथा मिनि क्यासिनोहरुमा करिब १६,००० कर्मचारी तथा कामदार प्रत्यक्ष रुपमा संलग्न रहेका छन्।

पर्यटन विभागमा दर्ता तथा स्तर वर्गीकरण भई इजाजत प्रमाणपत्र प्राप्त गरेर सञ्चालित तारे होटल तथा रिसोर्टहरुमा हालसम्म रु.९० अर्ब हाराहारी प्रत्यक्ष लगानी भएको अभिलेखबाट देखिन्छ। त्यस्तै क्यासिनोहरुमा अधिकृत पूँजी कुल ७ अर्ब तथा अन्य प्रत्यक्ष लगानी गरेको रकम अनुमानित ४ अर्ब र रोयल्टी सहितका अन्य दस्तुर गरेर वार्षिक रु.१ अर्ब ३० करोड हाराहारी लगानी गरेको अनुमान छ।

पर्यटन विभागबाट स्वीकृत भएका BES/IEE, स्वीकृतिका लागि पेश भएका BES/IEE, स्वीकृत भएका EIA, स्वीकृतिको प्रक्रियामा रहेका EIA लाई अध्ययन गर्दा BES/IEE/EIA अनुसार सोही संख्यामा दर्ता हुने प्रक्रियामा ४०० हाराहारीका होटल तथा रिसोर्टहरुमा करिब कूल रु.४० अर्ब हाराहारीमा लगानी प्रकियामा रहेको अनुमान छ।

पर्यटन विभागमा दर्ता तथा नवीकरण भई हाल सञ्चालनमा रहेका सबै १८० तारे होटल तथा १३० रिसोर्ट एवम् हेरिटेज बुटिक होटलहरुमा ५० हजार हाराहारी शैयामा पर्यटकहरुलाई राख्न सकिने अनुमान लगाउन सकिन्छ भने दैनिक १ लाख हाराहारी पर्यटकलाई प्रत्यक्ष सेवा पुऱ्याउन सक्ने सम्भावना देखिन्छ ।

नेपालमा अद्वितीय पर्यटनको सम्भावनाका बावजुद आशातित संख्यामा पर्यटकको आगमन हुन सकेको छैन। खासगरी अन्तर्राष्ट्रिय प्रत्यक्ष हवाई सम्पर्कको सीमितता, पर्याप्त प्रचार-प्रसारको अभाव, गुणस्तरीय पर्यटन सेवाको विकास गर्न्न नसकिनु, स्रोतको सीमितता, भूपरिवेष्ठित भौगोलिक अवस्थिति, लगायतका विविध कारणहरु रहेका छन्। नेपालमा सन् २०१९ मा हालसम्मकै उच्च संख्या, ११ लाख विदेशी पर्यटक नेपाल भित्रिएका थिए। तत् पश्चात् विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण र यसले पारेको असरका कारण अन्य देशहरुमा जस्तै नेपालमा पनि पर्यटक आगमन संख्यामा भारी संख्याले गिरावट आयो तर पुनःकोरोना भाइरस संक्रमणको रोकथाम पश्चात् पर्यटन क्षेत्रमा भएको क्रमिक सुधारसँगै पर्यटक आगमन संख्यामा क्रमशः वृद्धि भइरहेको छ।

पर्यटन क्षेत्र नेपालको तुलनात्मक लाभको क्षेत्रको रुपमा रहेको छ। होटल व्यवसायी लगायत समग्र पर्यटन व्यवसायीहरुलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा लाभ हुने गरी पर्यटन क्षेत्रको समुचित विकास गर्नुका साथै मुलुकको अर्थतन्त्रमा पर्यटन उद्योगको योगदान बढाउनको लागि मन्त्रालयले निम्नानुसार नीतिगत, प्रणालीगत र प्रकृयागत सुधारका उपायहरु अवलम्बन गरेको छ।

१. पर्यटन नीति, पर्यटन ऐन, हवाई नीति, हवाई ऐन, पर्वतारोहण नियमावली, लगायतका पर्यटन सम्बद्ध कानूनहरु संघीयता र बदलिदो परिवेश अनुकुल हुने गरी संशोधनको थालनी गरिएको छ।

२. पर्यटन सेवाको प्रवर्द्धन, पर्यटकीय जनशक्तिको विकास र पर्यटकीय पूर्वाधारको विकास तथा विस्तार र नियमन लगायतका कार्य सम्वद्ध संरचनाहरु (नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान, नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान) लगायतलाई थप प्रभावकारी र छरितो बनाउन, काममा दोहोरोपना हटाउन गाभ्ने तथा टुक्रयाउने कार्यहरुको प्रारम्भ गरिएको छ।

३. कोभिड संक्रमण पछि शिथिल भएको नेपालको पर्यटन क्षेत्रलाई पुरानै अवस्था फर्काउनको लागि मन्त्रालयले तयार पारेको *पर्यटन क्षेत्र पुनरुत्थान कार्ययोजना, २०७९* हाल कार्यान्वयन भइरहेको छ।

४. नेपाल भ्रमण दशक (२०२३ — २०३२) मनाउन मन्त्रिपरिपद्बाट सैद्धान्तिक स्वीकृति प्राप्त भई रणनीतिक कार्ययोजना निर्माणको कार्य भइरहेको छ।

५. सातै प्रदेशमा नयाँ गन्तब्यको खोजी तथा प्रवर्द्धन गर्ने कार्यलाई जोड दिइएको छ।

६. पर्वतारोहण पर्यटनलाई थप प्रवर्द्धन गर्नको लागी नयाँ हिमालहरु आरोहणको लागि खुल्ला गर्ने कार्यलाई निरन्तरता दिइएको छ। मिति २०७९/१२/२८ गतेबाट सिन्धुपाल्चोक जिल्लामा रहेको जुगल हिमाल आरोहणको लागि खुला गरिएको छ।

७. हिमाल आरोहणलाई सुरक्षित र भरपर्दो बनाउनको लागि मौसम भविष्यवाणी गर्ने प्रविधि स्थापना, जिपिएस ट्र्याकिङ लगायत प्रविधिको विकास तथा प्रयोग गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ।

८. नेपालमा रहेका विश्वप्रसिद्ध राउण्ड अन्नपूर्ण पदमार्ग, खुम्बु पदमार्ग, मनास्लु पदमार्ग, ग्रेट हिमालयन ट्रेल लगायतका पदमार्गहरुको थप स्तरोन्नति एवम् विकास कार्यलाई प्राथमिकता राखेर अगाडि बढाइएको छ।

९. पर्यटन विभाग र नेपाल पर्यटन बोर्ड मार्फत नयाँ पदमार्गहरु निर्माण कार्यहरु भइरहेका छन् ।

१०. बिमिस्टेक अन्तर्गत भुटान, श्रीलंका, भारत लगायतका देशहरुसंग जोडिने गरी बुद्ध सर्किट र रामायण सर्किटको अवधारणा अगाडि सारिएको छ।

११. सातै प्रदेशमा पर्यटकलाई लक्षित गरेर सुविधासम्पन्न शीतल आवास, हिल स्टेसन, Integrated Tourist Destination, सिमसार परिपथ लगायतका बृहत पर्यटकीय पूर्वाधार निर्माणको लागि सम्भाव्यता अध्ययनलाई अगाडि बढाइएको छ।

१२. २४१ वटा नयाँ गन्तव्यस्थलहरुको पहिचान गरी स्थानीय तहहरुसँगको साझेदारीमा गन्तव्यस्थलहरुको विकास कार्यक्रम सञ्चालन भइरहेको छ।

१३. भूकम्पको प्रकोपमा परेका र पुरानो भई जीर्ण अवस्थामा रहेका पुरातात्त्विक एवम् सांस्कृतिक महत्वका सम्पदाहरु पुनर्निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।

१४. आन्तरिक हवाई सेवा विस्तारको लागि नयाँ विमानस्थलहरुको निर्माण तथा पुराना विमानस्थलहरुको स्तरोन्नति गर्ने कार्य निरन्तर भइरहेको छ।

१५. पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य सम्पन्न भई पूर्ण क्षमतामा सञ्चालनको लागि हवाई सेवा प्रदायक कम्पनीहरु र विभिन्न राष्ट्रहरुसँग हवाई उडान विस्तारको लागि प्रक्रिया अगाडि बढाइएको छ।

१६. मित्र राष्ट्र भारतसँग नयाँ हवाई रुट विस्तारको लागि प्रक्रिया अगाडि बढाइएको छ।

१७. निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य अगाडि बढाउनको लागि उपयुक्त मोडल तयार गर्ने कार्य प्रक्रिया बढाइएको छ।

१८. पर्यटन क्षेत्रको डिजिटाइजेसनको लागि इ-पेमेन्ट, पर्यटकीय जानकारीमूलक मोवाइल एप, डिजिटल नक्सा, डिजिटल सूचना बोर्ड, मुख्य पर्यटकीय स्थलहरुमा फ्रि वाईफाई सेवा विस्तार, Big Data Management लगायतका कार्यहरुलाई अगाडि बढाइएको छ ।

प्रश्नकर्ता : मा. दिलेन्द्र प्रसाद बडू

प्रश्न नं.१०८

दार्चुला जिल्लाको गोकुलेश्वर विमानस्थल कहिलेदेखि सञ्चालन ल्याउने योजना छ ?

उत्तरः

लगभग २०४३ सालदेखि हवाई उडान शुरु भई २०५१ सालमा हवाई उडान बन्द भएको दार्चुला विमानस्थल, गोकुलेश्वरको "Approach (West Side)" Obstruction मा पर्ने भएकोले सोलाई हटाउने गरि नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय, काठमाडौं र निर्माण व्यवसायी श्री के. एस.कन्स्ट्रक्शन प्रा.लि. धनगढी, कैलाली बीच मिति २०७८/०३/२५ मा भएको निर्माण सम्झौता (Contract No. CAAN/AED/ DAP/Earthwork/077-78/11) बमोजिम दार्चुला विमानस्थल, गोकुलेश्वरमा १३% मू.अ.कर समेत कूल रकम रु.४,५२,१७,१६९.३३ मा १०६३२४.०१ घ.मी. माटो कटिङ्ग र फिलिङ्ग गरि ६०० मी. लामो Earthen Runway निर्माण गर्ने कार्य, ८०२.५० घ.मी. Gabion Wall निर्माण गर्ने कार्य, ८५.२३ घ.मी. . Masonry Wall सहित केही RCC Retaining Wall निर्माण गर्ने कार्य र ७० मी. लामो RCC Box Culvert निर्माण गर्ने कार्य हाल अन्तिम चरणमा पुगेकोले उक्त सम्पूर्ण कार्य यही २०८०/०३/२५ भित्र सम्पन्न हुने व्यहोरा अनुरोध छ। साथै उक्त विमानस्थलको "धावनमार्ग, ट्याक्सीवे र एप्रोन" कालोपत्रे गर्ने, फेन्स निर्माण गर्ने, टावर तथा टर्मिनल भवन, स्टाफ क्वार्टर र सेक्युरिटी क्वार्टर निर्माण गर्ने कार्य पुरा भएपछि यथाशीघ्र उक्त विमानस्थल सञ्चालनमा ल्याउने योजना रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

प्रश्नकर्ता : मा. प्रेम सुवाल

प्रश्न नं.१०९

नेपाल वायुसेवा निगमले वित्तीय संस्थाहरुलाई सावाँ ब्याज गरी २५ अर्ब रुपैया चुक्ता गर्नुपर्ने हो कि होइन? एउटै समयमा स्थापना भएको थाई विमान सेवा लगायतको नाफा भई संसारको धेरै देशमा हवाई सेवा सञ्जाल फैलिने तर नेपाल वायुसेवा निगम सञ्चालन समेत मुश्किल हुने किन? यसको कारण भ्रष्ट्राचार र अनियमितता होइन र?

उत्तरः

वि.सं. २०१५ सालमा स्थापना भएको नेपाल वायुसेवा निगममा स्थापना कालदेखि हालसम्म नेपाल सरकारको ३० करोड पूँजी लगानी रहेको छ। स्थापना कालको ५८ वर्ष पछि निगमले सरकारको जमानीमा दुई/दुई थान A330-200 र A320-200 विमानहरु सञ्चयकोष र लगानीकोषको ऋण सहयोगबाट खरिद गरी सञ्चालनमा रहेका छन्। प्रतिष्पर्धात्मक बजारको लागि निगमले विमानको कमी लामो समयदेखि भोगिरहेको छ।

निगम हालसम्म नेपाल सरकारको वित्तीय अनुदान नलिइकन सञ्चालनमा रहिरहेको र नयाँ गन्तव्यहरु थप गरी सञ्चयकोष र नागरिक लगानी कोषको ऋण भुक्तानी गर्दै आइरहेको छ। २०७९ साल चैत्र मसान्तसम्म निगमले वित्तीय संस्थाहरुलाई सावाँ र ब्याज गरी चुक्ता गर्नुपर्ने रकम रु. ४८,१७,२१,०४,८४०।७९ (अक्षरेपी अठ्चालीस अर्ब सत्र करोड एक्काईस लाख चार हजार आठ सय चालीस रुपैया उनानसी पैसा) रहेको छ।
निगमको व्यावसायिक कार्ययोजना तयार भएको छ। निगमको पुनर्संरचना गरी व्यावसायिक सुधारका लागि एक कार्यदल गठन भई कार्य प्रारम्भ भइसकेको छ। यसै सम्बन्धमा आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा समेत निगमको संस्थागत सुधारको विषय उल्लेख भएको र मन्त्रालयले सोको कार्यान्वयन कार्ययोजना स्वीकृत गरी कार्यसम्पादन गर्नेछ।

प्रश्नकर्ता : मा. प्रेम सुवाल

प्रश्न नं. ११०

नेपालको कुन कुन जिल्लाको कुन कुन क्षेत्रलाई पर्यटकीय गन्तव्य स्थल तोकिएको छ? ती क्षेत्रहरुको सुधारको लागि के कति बजेट खर्च भयो? आगामी बजेटमा के कस्तो खर्चको योजना राखिँदैछ ?

उत्तरः

आ.व. ०७५/७६ मा नेपाल सरकार (मन्त्रिस्तर) को निर्णयबाट पहिचान भई निर्णय भएका १०० पर्यटकीय

गन्तव्य स्थलहरु तपसिल बमोजिम रहेका छन्।

प्रदेश	जिल्ला	स्थापित तथा प्रवर्द्धन गरिनुपर्ने गन्तव्यहरु	नयाँ तथा विकास गरिनुपर्ने गन्तव्यहरु
कोशी	ताप्लेजुङ	पाथीभरा	तिङबुङ पोखरी (सिदिंग्बा गाँउपालिका)
		फुङफुङे झरना (साँवा गाँउपालिका)	
कोशी	पाँचथर		गुरु फाल्गुनन्द सर्किट (लोब्रे कुटी-गजुरमुखीधाम-लाराम्मा-चुक्कीनाम्बा) फिदिम नगरपालिका
कोशी	इलाम	सन्दकपुर-माईपोखरी (सन्दकपुर गाँउपालिका)	
कोशी	तेह्रथुम		तीनजुरे-मिल्के-जलजले TMJ
कोशी	संखुवासभा	अरुण उपत्यका	बालेश्वोर ऐतिहासिक गुफा
कोशी	धनकुटा	भेडेटार नमस्ते झरना (भेडेटार गाँउपालिका)	हलदे पटकेडाँडा पर्यटक ट्रेल (छथर गाँउपालिका)
कोशी	भोजपुर		ट्याम्के डाँडा (मुन्धुम ट्रेल)
कोशी	खोटाङ	हलेसी महादेव	बराह पोखरी (बराह गाँउपालिका)
कोशी	सोलुखुम्बु	स्याङबोचे	पाँचपोखरी (महाकुलुङ गाँउपालिका)
		सगरमाथा	
कोशी	ओखलढुङ्गा	पोकली झरना	थोलेदम्बा डाँडा
कोशी	उदयपुर		उदयपुर गढी
कोशी	झापा	बाँसबारी सिमसार पर्यटन पूर्वाधार केन्द्र	सहिद नेत्रलाल पार्क वितामोड
			गौरादह कृषि पर्यटन क्षेत्र
			अर्जुनधारा पर्यटकीय क्षेत्र
कोशी	मोरङ		धनपालगढी पर्यटकीय क्षेत्र बेलबारी
कोशी	सुनसरी	कोशीटप्पु बन्यजन्तु आरक्ष, धरान	पिण्डेश्वर - दन्तकाली पदमार्ग
		बराहक्षेत्र (बराह गाँउपालिका)	
		तालतलैया (इटहरी उपमहानगरपालिका)	
मधेश	सिरहा		सहलेस दरबार पर्यटन क्षेत्र (लहान)
			नाडी ताल (चन्द्रनगर गाँउपालिका ६ र ७)
मधेश	धनुषा	जानकी मन्दिर धनुषाधाम	धनेश्वर महादेव पर्यटन विकास क्षेत्र, मिथिला नगरपालिका 10)
मधेश	महोत्तरी		जलेश्वर मन्दिर (जलेश्वर नगरपालिका)
मधेश	रौतहट		मरघर सिमसार क्षेत्र
			पतौरा पुरातात्त्विक महादेव मन्दिर पर्यटकीय क्षेत्र
मधेश	बारा	गढीमाई (महागढीमाई नगरपालिका)	सिम्रौनगढ (सिम्रोनगढ नगरपालिका)

मधेश	पर्सा	पर्सा रानीपोखरी	घडिअर्वा पोखरा (विरगंज महानगरपालिका)
		पर्सा राष्ट्रिय निकुञ्ज	
मधेश	सप्तरी		छिन्नमस्ता (छिन्नमस्ता गाँउपालिका)
बागमती	दोलखा	कालिञ्चोक भगवती	जिरी-शैलुङ पर्यटन पदमार्ग
बागमती	सिन्धुली		सिन्धुलीगढी
बागमती	रामेछाप		सुनकोशी राफ्टिङ
बागमती	काभ्रेपलाञ्चोक	नमोबुद्ध	महाभारत ट्रेल (लाँकुरीभञ्ज्याङ्ग फुल्चोकी गुर्दुमडाँडा नारायणस्थान भूभेचुली पदमार्ग)
		पलाञ्चोक भगवती	
बागमती	सिन्धपाल्चोक	भोटेकोशी नदिमा ऱ्याफ्टिङ तथा बन्जीजम्पिङ	पाँचपोखरी (थाङपाल गाँउपालिका)
		हेलम्बु	
बागमती	नुवाकोट	नुवाकोट दरबार	कलचेडी-झिल्केश्वर-देवीघाट-भैरवी-दुप्चेश्वर सर्किट (वेलकोटगढी ७)
		ककनी	
बागमती	रसुवा	गोसाइकुण्ड	तामाङ हेरिटेज ट्रेल
		केन्जीङ उपत्यका	
बागमती	धादिङ	त्रिशुली नदी राफ्टिङ	स्काइ ट्रेल
			रानीझरना क्यानोनिङ्ग थाक्रे ६ धादिङ
बागमती	चितवन	देवघाट	बीस हजारी ताल
		सौराहा	सोमेश्वर गढी पर्यटन विकास माडी नगरपालिका ५
			पटियानी पर्यटकीय क्षेत्र
बागमती	मकवानपुर	दामन	मकवानपुरगढी
		मैत्रीपार्क फार्केल इन्द्रसरोबर	
बागमती	भक्तपुर	नगरकोट	नीलबाराही मन्दिर पार्क मध्यपुर थिमी नगरपालिका
		भक्तपुर दरबार	
		चाँगुनारायण मन्दिर	
बागमती	काठमाडौं	पशुपतिनाथ	दहचोक चन्द्रागिरी नगरपालिका
		बौद्धनाथ	
		स्वयम्भूनाथ	
		नारायणहिटी दरबार	
		चन्द्रागिरी	
		सुन्दरीजल	
		बुढानीलकण्ठ	
बागमती	ललितपुर	पाटन दरबार स्क्वायर	नागदह पर्यटकीय क्षेत्र

			गोदावरी फुलचोकी हाइकिङ गोदावरी नगरपालिका
गण्डकी	गोरखा	मनकामना मन्दिर	चुमभ्याली (चुमनुव्री गाँउपालिका)
		गोरखा दरबार	
		मनास्लु सर्किट ट्रेल (आरुघाट-धार्चे-चुमनुव्री गाँउपालिका)	
गण्डकी	लमजुङ	घलेगाँउ	काउलेपानी
गण्डकी	तनहुँ	बन्दीपुर	तनहुँ कालिका शहीद तथा शान्ति पार्क व्यास ४
			सिद्धगुफा भिमाद
गण्डकी	कास्की	पोखार	मौजा होम स्टे
		सारंगकोट	सिक्लेश पर्यटकीय क्षेत्र
		पञ्चासे	
		पुम्दीकोट	
गण्डकी	मनाङ	तिलिचो ताल	नार्फू ट्रेल (सेभेन पास ट्रेल)
		अन्नपूर्ण पदमार्ग	
गण्डकी	मुस्ताङ	मुक्तिनाथ	लोमान्थाङ दरबार र गुफा क्षेत्र
		जोमसोम	
		दामोदर कुण्ड	
गण्डकी	पर्वत	सालीग्राम सेतीवेणी	दुर्लुङ्ग क्यानोनिङ्ग, केभिङ्ग र होमस्टे (कुश्मा ३)
		गुप्तेश्वर गुफा	महाशीला
गण्डकी	स्याङ्जा	सिरुवारी	सतौ-चण्डिकालिका क्षेत्र पुतलीबजार नगरपालिका
		स्वरेक मैदान प्यारागलाइडिङ भिरकोट नगरपालिका	आलमदेवी (कालीगण्डकी गाँउपालिका)
गण्डकी	बागलुङ	कालिका भगवती मन्दिर (बा.न.पा. 1)	भकुण्डे भैरवस्थान गाजाको दह
			ढोरपाटन आरक्ष क्षेत्र (ढोरपाटन नगरपालिका र निसीखोला गाँउपालिका)
गण्डकी	नवलपरासी पूर्व	मौलाकालिका	दाउन्नेदेवी
गण्डकी	म्यागदी	पुन हिल	घोरेपानी पर्यटकीय क्षेत्र
		तातोपानी	रघुगंगा रुइसे डाँडा देखि धवलागिरी आईस फलसम्म पदमार्ग
		गलेश्वर मन्दिर	
लुम्बिनी	नवलपरासी पश्चिम	बाल्मिकी आश्रम	रामग्राम
लुम्बिनी	रुपन्देही	लुम्बिनी	बाउन्नकोटी वनवाटिका
		ग्लोबल पिस पार्क बुटवल	सैनामैना पर्यटकीय क्षेत्र
लुम्बिनी	कपिलबस्तु	निग्लीहवा	जगदिशपुर ताल

		मायादेवी तिलौराकोट पैदल परिपथ	सागर ताल कपिलबस्तु न.पा. 2 ठूलो बर्दगवा
लुम्बिनी	पाल्पा	तानसेन रानीमहल श्रीनगर	तालपोखरा रम्भादेवी मन्दिर पर्यटन क्षेत्र रामपुर नगरपालिका
लुम्बिनी	अर्घाखाँची	सुपा देउराली	पाँणिनी तपोभूमी (पाणिनी गाँउपालिका)
लुम्बिनी	गुल्मी	सत्यवती पर्यटन तथा धार्मिक क्षेत्र	रेसुङ्गा तपोभूमी रेसुङ्गा नगरपालिका
			रुरुक्षेत्र (रुरु गाँउपालिका)
			भगवती मन्दिर पर्यटकीय क्षेत्र
लुम्बिनी	रुकुम पूर्व	गुरिल्ल ट्रेल	ढोरपाटन-मैकोट-सेफोक्सुन्डो पर्यटन मार्ग
लुम्बिनी	रोल्पा		जलजला
लुम्बिनी	प्युठान	स्वर्गद्वारी	रक गार्डेन ओखरकोट डाँडा झिमरुक
लुम्बिनी	दाङ		बगरबाबा धार्मिक पर्यटकीय स्थल
लुम्बिनी	बाँके	बागेश्वरी मन्दिर	कम्मर शाह मजार धार्मिक पर्यटकीय क्षेत्र डुडुवा गा पा ५
		गावरभ्याली	
		बाँके राष्ट्रिय निकुञ्ज बाघ संरक्षण र साइनेज	
लुम्बिनी	बर्दिया	बर्दिया राष्ट्रिय निकुञ्ज	ओमकेदारेश्वर धाम धार्मिक पर्यटकीय स्थल बासगढी
		डल्ला होमस्टे	शिवमन्दिर धार्मिक पर्यटकीय स्थल जोगीगाँउ बर्दिया नगरपालिका २
		कृष्सार संरक्षण क्षेत्र	
कर्णाली	सल्यान		कुभिन्डे दह
कर्णाली	डोल्पा	शे फोक्सुन्डो राष्ट्रिय निकुञ्ज	त्रिपुरासुन्दरी धार्मिक पर्यटन क्षेत्र
कर्णाली	जुम्ला	सिञ्जा सभ्यता	डुडुल चैत्य
कर्णाली	हुम्ला		लिमी उपत्यका पर्यटकिय स्थल
कर्णाली	मुगु	रारा ताल	रारा सेफोक्सुण्डो Lake to Lake Trekking
कर्णाली	कालिकोट		पाचाल झरना (पाचालझरना गाँउपालिका)
कर्णाली	जाजरकोट		खलंगा दरबार क्षेत्र (भेरी नगरपालिका)
कर्णाली	दैलेख	पञ्चकोशी धार्मिक पर्यटन विकास (पञ्चकोशी ज्वाला क्षेत्र)	कोतगढी-पञ्चदेवल-वेलासपुर-महावु पर्यटकीय विकास नारायण नगरपालिका
कर्णाली	सुर्खेत	काँक्रेविहार	जाजुरा दह पञ्चपुरी न.पा. ८ र ९ (गुप्ती ताल, मदले गुफा, शिव गुफा लगायत)
		देउतीबज्यै विरेन्द्रनगर नगरपालिका	गिद्देडाँडा पर्यटकीय क्षेत्र
		मदन आश्रित पार्क	
कर्णाली	रुकुम पश्चिम		वोतामकोट चित्री पाटन साहसिक पदमार्ग
सुदुरपश्चिम	बाजुरा	बडिमालिका	कोल्टी-बुढीनन्दा-बडिमालिका पदमार्ग
सुदुरपश्चिम	बझाङ		गोरखनाथ मन्दिर पैदलमार्ग दुर्गाथैली 7

सुदुरपश्चिम	डोटी	खप्तड शैलेश्वरी	बडिकेदार धार्मिक पर्यटकीय क्षेत्र
सुदुरपश्चिम	अछाम	रामारोसन	सूर्यकोट मस्तादेवी पर्यटन क्षेत्र मंगलसेन नगरपालिका ३
सुदुरपश्चिम	दार्चुला	अप्पीनाम्पा संरक्षण क्षेत्र	मालिकार्जुन (मालिकार्जुन गा.पा.)
सुदुरपश्चिम	बैतडी	त्रिपुरासुन्दरी	सिद्धनाथ उदयदेव धार्मिक स्थल पाटन नगरपालिका ६
सुदुरपश्चिम	डडेल्धुरा		अमरगढी-उग्रतारा (अमरगढी नगरपालिका)
सुदुरपश्चिम	कञ्चनपुर	चाँदनी-दोधारा क्षेत्र	रौटेला झम्केली ब्रह्मदेवधाम धार्मिक विकास क्षेत्र
			बन्दा ताल कोटीहोम पर्यटकीय क्षेत्र बेलौरी न.पा.
सुदुरपश्चिम	कैलाली	घोडाघोडी ताल	बर्दगोरिया मन्दिरधाम (बर्धगोरिया गाँउपालिका)
		टिकापुर सर्किट	
		भादागाँउ	

माथि उल्लिखित पर्यटकीय गन्तव्यहरु लगायतका पर्यटकीय स्थल तथा गन्तव्यहरुको पूर्वाधार विकासका लागि मन्त्रालयको बजेट उपशीर्षक नं. ३२५०११०६ पर्यटन विभाग,काठमाडौंमार्फत सञ्चालन हुने पर्यटन पूर्वाधार विकास आयोजनाका लागि तपसिल बमोजिमको रकम विनियोजन गरिएकोः

क्र.सं.	**आयोजनाको नाम**	**आर्थिक वर्ष**	**विनियोजित बजेट(लाखमा)**	**कैफियत**
१	पर्यटन पूर्वाधार विकास आयोजना	०७६/७७	७०,९२	
२	पर्यटन पूर्वाधार विकास आयोजना	०७७/७८	१,३०,५५	
३	पर्यटन पूर्वाधार विकास आयोजना	०७८/७९	१,२६,३४	
४	पर्यटन पूर्वाधार विकास आयोजना	०७९/८०	१,०५,१४.६	
५	पर्यटन पूर्वाधार विकास आयोजना	०८०/८१	१,३८,३४	

आ.व. २०८०/८१ का लागि उल्लिखित आयोजना अन्तर्गत देशभरका महत्त्वपूर्ण पर्यटकिय गन्तव्यहरु विकासका लागि धार्मिक साँस्कृतिक तथा एतिहासिक पर्यटकीय पुर्वाधार विशेष कार्यक्रम अन्तर्गत तपसिलका योजनाहरु समावेश गरिएकोः

क्र.सं.	**योजनाको नाम**	**विनियोजित बजेट (लाखमा)**	**कैफियत**
१	छिन्नमस्ता धार्मिक क्षेत्र पुर्वाधार निर्माण, सप्तरी	१००	

२	सिम्रौनगढ साँस्कृतिक पर्यटकीय स्थल पुर्वाधार निर्माण, मधेस	१५०	
३	बराह क्षेत्र धार्मिक क्षेत्र पुर्वाधार विकास, कोशी	१००	
४	तुवाचुंग एतिहासिक साँस्कृतिक क्षेत्र पुर्वाधार विकास, कोशी	१५०	
५	हलेसी धार्मिक पर्यटकीय क्षेत्र पुर्वाधार विकास, कोशी	२००	
६	दुप्चेश्वर धार्मिक पर्यटकीय पुर्वाधार विकास, वागमति	१५०	
७	गढीमाई धार्मिक पर्यटकीय पुर्वाधार विकास, मधेस	१००	
८	दोलखा भिमसेन धार्मिक पर्यटकीय पुर्वाधार विकास, वागमति	१५०	
९	लिगलिगकोट एतिहासिक पर्यटकीय क्षेत्र पुर्वाधार विकास, गण्डकी	१५०	
१०	त्रिवेणीधाम धार्मिक क्षेत्र पुर्वाधार विकास, गण्डकी	१५०	
११	रेसुंगा एतिहासिक क्षेत्र पुर्वाधार विकास, लुम्विनी	१५०	
१२	पञ्चकोशी तिर्थस्थल दैलेख, कर्णाली	१००	
१३	चन्दननाथ धार्मिक पर्यटकीय पुर्वाधार विकास, कर्णाली	१५०	
१४	मुक्तिनाथ अन्नदानक्षेत्र अतिथीभवन पुर्वाधार विकास घरपझोगं ४ मुस्ताङ्ग, गण्डकी	७५	
१५	घटोत्कच मन्दिर धार्मिक पुर्वाधार विकास डडेलधुरा, सुदुर पश्चिम	१५०	
१६	बडीमालिका मन्दिर धार्मिक पर्यटन पुर्वाधार, सुदुर पश्चिम	१५०	
१७	मणिका मन्दिर शुक्लाफाँटा कन्चनपुर धार्मिक पुर्वाधार विकास, सुदुर पश्चिम	१००	
१८	रारा पर्यटकीय क्षेत्र संरचनात्मक सुधार , कर्णाली	१००	
१९	लिमि भ्याली मानसरोवर यात्रा पर्यटकीय पुर्वाधार विकास, कर्णाली	१००	
२०	दंगीशरण पर्यटन पुर्वाधार विकास, लुम्विनी	१००	
२१	ढोरपाटन पर्यटकीय पुर्वाधार विकास, गण्डकी	१००	
२२	दोरम्बा सैलुग पर्यटकीय पुर्वाधार विकास, वागमति	१००	
२३	सभापोखरी तीनजुरे विशेष पर्यटकीय क्षेत्र विकास, कोशी	१००	
२४	बृहत धर्मशाला पुर्वाधार गजेन्द्रमोक्ष दिव्यधाम नवलपरासी, गण्डकी	७५	
२५	खप्तड क्षेत्र पर्यटन पुर्वाधार विकास, सुदुर पश्चिम	१००	

प्रश्न नं. १११

नेपाल सरकारले पर्यटन र होटेललाई उद्योगमा दर्ता गरे पनि त्यस अनुसारको सुविधा सम्बन्धित पक्षलाई उपलब्ध नभएको सत्य हो र ? नेपालका होटलहरुको पर्यटक सेवा क्षमता ३५ लाख भएपनि गतबर्ष ६ लाख मात्र पर्यटक आएको सत्य हो र ?

<u>उत्तरः</u>

१. उद्योग बिभाग र कम्पनी रजिष्ट्रारको कार्यालयमा विधिवत रुपमा कम्पनी दर्ता भई पर्यटन बिभागमा होटलहरु स्तर बर्गीकरण भई इजाजत लिएर सञ्चालन हुने दोश्रो चरणमा हुने कार्य अन्तर्गत पर्ने गर्दछन्। सो क्रममा पर्यटन बिभागबाट होटल सञ्चालन सम्बन्धी मापदण्ड अनुरुपका सेवा सुविधाहरु उपलब्ध हुने गरेका छन्।

२. पर्यटन बिभागबाट अनुदान, बिशेष सहुलियत जस्ता आर्थिक पक्षहरुको सुविधा प्रवाह हुने गरेको छैन। यद्यपी बिभागबाट सम्पादन हुने कार्यहरुमा सरलता र सहजता ल्याउने प्रयासहरु भएका छन्। अनलाईन सेवा प्रवाह, प्रदान हुने सेवाहरु प्रविधिमैत्री एवं स्थलगत रुपमा समेत प्रवाह भएका छन्।

३. होटेल संघ नेपालले ३५ लाख पर्यटक सेवा क्षमता रहेको भने तापनि अध्यागमन विभागद्वारा उपलब्ध गराइएको तथ्यांक अनुसार सन् २०२२ मा ६,१४,१४८ बिदेशी पर्यटकहरु हवाई माध्यमबाट नेपाल भित्रिएका थिए ।

प्रश्न नं. ११२

नेपाल सरकारले पर्वतारोहणका लागि खुल्ला गरेका ४१४ ओटा हिमाल सूचीकृत भएको सत्य हो कि होइन? यी बाहेक अन्य १७३ ओटा स-साना हिमाल खुल्ला गर्ने सरकारको तयारी हो र ? खुल्ला गरिएका र गर्न बाँकी पर्वतहरू कुन कुन जिल्लामा अवस्थित छन् ?

<u>उत्तरः</u>

नेपाल सरकारको विभिन्न मितिको निर्णय अनुसार आरोहणका लागि खुला गरिएको हिमालहरुको संख्या ४१४ रहेकोमा मिति २०७९/१२/२८ मा निर्णय गरी जुगल हिम श्रृंखला अन्तर्गतका थप ५ वटा हिमाल खुला गरी हाल ४१९ वटा हिमाल आरोहणका लागि खुला रहेका छन् ।

नेपालमा रहेका थप आरोहणयोग्य हिमाल सम्बन्धमा अध्ययन गरी आरोहण खुला गर्न सिफारिस सहितको प्रतिवेदन पेश गर्न अध्ययन समिति गर्न गठन भएको छ । नेपाल सरकारको आरोहण संभाव्य हिमाल खुला गर्दै जाने नीति अवलम्बन गरे अनुरुप उक्त कार्य भइरहेको छ ।

<u>हालसम्म आरोहण खुल्ला गरिएका हिमालहरु अवस्थित जिल्लाहरुः</u>

ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, धादिङ, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, रसुवा, गोरखा, लम्जुङ, मनाङ, पूर्वी रुकुम, मुस्ताङ, म्याग्दी, कास्की, डोल्पा, मुगु, हुम्ला, जुम्ला, बझाङ।

प्रश्न नं. ११३

अर्बौं अर्ब रुपैयाँको बजेटमा निर्माण गरिएको पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलको औचित्य पुष्टि नभएको अवस्थामा निजगढ अन्तराष्ट्रिय विमानस्थल निर्माणमा थप अर्बौं रुपैयाँ खर्च गर्नु कति उचित होला?

उत्तरः

नेपालको दूरगामी विकास तथा आर्थिक सम्वृद्धिको लागी नेपाली आकाशमा बढ्दो हवाई ट्राफिक धान्न सक्ने पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल अपरिहार्य अनि अत्यावश्यक छ । पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल भन्नाले आगामी चार-पाँच दशक सम्म नेपालमा बढ्दो हवाई ट्राफिक तथा नयाँ ठूला यात्रु तथा कार्गो विमानहरुको संचालन धान्न सक्ने गरी चरणबद्ध विकास गर्न सकिने वातावरण मैत्री विमानस्थल हो । मौजुदा त्रिभुवन, गौतमबुद्ध तथा पोखरा अन्तराष्ट्रिय विमानस्थलहरुले पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थलको आवश्यकतालाई पूरा गर्न सक्दैनन् (तुलनात्मक मापदण्डको लागी संलग्न तालिकामा दृष्टि दिनु होला) ।

पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा रणनीतिक एवं पहुँच, हवाई ट्राफिक, विमानस्थल क्षमता र विकाशको दूरदृष्टि, उड्डयन तथा हवाई सुरक्षा एवं हवाई आकाश व्यवस्थापन (Air Space Management), शहरीकरण, वातावरण तथा सामाजिक पक्ष, सामाजिक तथा मानव विकास, पारिस्थितिक जैविक विविधता , वन्यजन्तु, वनजंगल तथा पर्यावरण, शहरी विकाश, लागत तथा आर्थिक पक्ष र कानूनी पक्ष समेत सबैको अध्ययनबाट उपयुक्त ठहराइएको - निजगढ अन्तर्राष्ट्रिय विमानस्थल हो जुन विमानस्थल हवाई ट्राफिकको बाहक मात्र नभै देशकै **आर्थिक विकाशको मेरुदण्ड** ठहरिनेछ । निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण तथा संचालन भएपछि नेपालको हवाई आकाश माथिबाट उड्ने गरी प्रस्तावित हिमालयन-२ (काठमान्डौ-गुवाहाटी-कुन्मिंग) र लिमा ६२६ (L-६२६) (काठमान्डौ-महेन्द्रनगर-दिल्ली) लाई दुई तर्फी उडान गर्न सकिने हुन्छ । यसबाट निरन्तर रुपले लामो दूरीमा युरोप, अमेरिका, मध्यपूर्व, पूर्वी एसिया, प्रशान्त क्षेत्रका मुलुकहरुसम्म आउने जाने दुई तर्फी अन्तराष्ट्रिय हवाई उडानहरुको दूरी, समय र **इन्धन खपत समेत उल्लेखनीय रूपमा घट्न जाने** र इन्धनको बचतबाट **कार्बन उत्सर्जन कम** हुन जाने देखिन्छ । साथै नेपालको पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थलमा लामो दूरीका अन्तर्राष्ट्रिय उडानहरुले आकस्मिक अवतरण पनि गर्न सक्ने हुन्छ । नेपाली आकाशमाथि बाट जाने अन्तराष्ट्रिय उडानहरुबाट **नेपालले उल्लेखनीय राजश्व आम्दानी गर्न** सक्दछ ।

भैरहवास्थित गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल र कास्की स्थित पोखरा अन्तराष्ट्रिय विमानस्थल पूर्ण रुपमा संचालन गर्न सम्बद्ध पक्षसँग छलफल अघि बढाइएको छ। गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल काठमान्डौस्थि त त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको Alternate Airport को रुपमा तयार भएको हुँदा यसलाई ILS CAT-II मा Upgrade गरेर चलाएमा मौसमको प्रतिकुलताका कारण त्रि. अ. वि. मा भएको अन्तराष्ट्रिय जहाज अवतरणको समस्यालाई यसले समाधान गर्ने देखिन्छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल भने नेपालको आन्तरिक र अन्तराष्ट्रिय पर्यटनलाई बिस्तार

गर्न छोटो दूरीमा संचालन गर्न मिल्ने अन्तर्राष्ट्रिय विमानहरुको लागि निर्माण गरिएको विमानस्थल हो । यी दुवै विमानस्थलहरुका आ-आफ्नै जटिलताहरु छन् जसले गर्दा पनि नेपाललाई पूर्ण क्षमताको निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको आवश्यकता छ ।

यस निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको काम जति ढिलो भयो, उति महँगो अनि जटिल हुँदै जाने र नेपालको चौतर्फी विकाशको प्रतिफल पनि ढिलो हुँदै जाने हुँदा यसलाई समयबद्ध तवरले तत्काल निर्माण कार्य शुरु गरिहाल्नु अत्यन्त जरूरी छ किनकि विकाश समयमै नभए त्यसको मौकाको मूल्य (Opportunity Cost) समेत देशले त्याग्नु पर्ने हुन्छ जसको फाइदा छिमेकी मुलुकले उठाउने छन् । त्यसकारण निजगढ अन्तराष्ट्रिय बिमानस्थल देश र जनताकै भविष्यको हितमा रहेकोले यसको निर्माणमा थप रकम खर्च गर्नु अर्थपूर्ण र उचित छ ।

तुलनात्मक मापदण्ड तालिका				
सि. नं.	**मापदण्ड**	**निजगढ अन्तराष्ट्रिय विमानस्थल**	**पोखरा अन्तराष्ट्रिय विमानस्थल**	**गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल**
१	प्रकार	पूर्ण क्षमताको ४ एफ (नयाँ ठूला तथा अत्याधुनीक बिमानहरु सबै)	४ डी, न्यारो बडी बिमान मात्र	४ ई, वाइड बडी बिमान (एयर बस ३३०/ बोइंग ७७७ सम्म)
२	भौगोलिक अवस्था	अन्तराष्ट्रिय सिमाना तथा प्राकृतीक अबरोध सबैबाट यथेस्टरुपमा टाढा रहेको	प्राकृतिक अवरोध	अन्तराष्ट्रिय सिमाना २ कि.मी. मै रहेको
३	उडान मार्गदर्शन	जिरो भिजिविलिटीमा पनि जहाज उडान तथा अवतरण गर्न मिल्ने	यान्त्रिक (IFR) तर मौसमको अनुकुलता आवश्यक	यान्त्रिक (IFR) तर मौसमको अनुकुलता आवश्यक
४	अन्तर्राष्ट्रिय ट्रान्जिट हब	सम्भव	असम्भव	असम्भव
५	Long Haul Flights	सम्भव Unrestricted Long Haul Flights	असम्भव	असम्भव
६	अधिकतम यात्रु क्षमता	१५० मिलियन प्रती वर्ष	१ मिलियन प्रती वर्ष	६ मिलियन प्रती वर्ष
७	Future Extension	सम्भव (४ वटा सम्म धावनमार्ग निर्माण	अर्को धावन मार्ग असम्भव	अर्को धावन मार्ग असम्भव

		गर्न सकिने)	(१ मात्र)	(१ मात्र)
नोटः त्रि.अ.बि.को यात्रु क्षमता सन् २०२८ पछी ९ मिलियनमा संतृप्त (Saturate) हुने हुँदा पोखरा र भैरहवा विमानस्थलले पनि हवाई यात्रुको बढ्दो प्रवृति (Trend) लाई थेग्न सक्दैन ।				

प्रश्न नं.११४

नेपाल वायुसेवा निगमले चिनियाँ जहाजको संचालन गर्न किन सकेन ? न्यारोवडीलाई वाइडवडी भनी दुईओटा जहाज खरिद गरिएको र यसमा भएको आर्थिक घोटालामा के कस्तो कार्वाई भइरहेको छ ?

१. चिनियाँ विमानहरुको संचालन सम्वन्धमाः

नेपाल वायुसेवा निगमले नेपाल सरकार मार्फत चीन सरकारबाट अनुदान र सहुलियत ऋणमा प्राप्त भएका २ थान MA-60 र ४ थान Y12E विमानहरु संचालन गरिरहँदा निगमको वार्षिक योजना अनुरुप वित्तिय र व्यावसायिक लक्ष्य हासिल हुन नसकेको तथा विमानहरुको सम्वन्धमा अध्ययन गर्न विभिन्न तहमा गठित विभिन्न समितिहरुको प्रतिवेदनहरुको निष्कर्ष र सुझावमा विमानका प्राविधिक पक्षहरुमा देखिएका कमी कमजोरीहरुलाई समाधान गर्न नसकिएको र निगम र चिनियाँ पक्षहरुबीच पटक पटक भएका सहमति पनि कार्यान्वयनमा आउन सकेको छैन। यसैगरी विभिन्न मितिमा गठित प्राविधिक समितिका प्रतिवेदनहरुले पनि व्यवसायिक तथा आर्थिक लगायत अन्य विभिन्न कारणहरुले गर्दा संचालनमा ल्याउन उपयुक्त नहुने भनी बुझाएका प्रतिवेदनहरुबाट पनि विमान संचालनमा नल्याइएका हुन्। यसरी समग्र पक्ष लगायतको विश्लेषणमा निगम लगातार आर्थिक घाटा र व्यवसायिक उडानलाई ती विमानहरुले सम्बोधन गर्न नसकेको र यसबाट राज्यको आर्थिक दायित्व पुरा गर्ने निगमको कर्तव्य समेत पुरा हुन नसकेको तथा उल्लिखित चिनियाँ विमानहरुबाट ४ वर्ष सञ्चालनमा खुद घाटा रु.१,९०,६९,३३,११४।८३ रहेको छ।

विभिन्न मितिमा भएका अध्ययन प्रतिवेदन अनुसार देखिएका समस्याहरु निम्न बमोजिम रहेका थिए।

क. स्पेयर पार्टसहरुको मुल्य निकै उच्च रहेको।
ख. चिनियाँ विमानहरुको हवाई विमा प्रिमियम निकै महँगो रहेको।
ग. चिनियाँ विमानहरुको पारवहन क्षमता न्यून रहेको।
घ. विश्वसनीय स्तरको मर्मत संभार सेवा उपलब्ध नभएको।
ङ. Y12E विमानको अधिकतम भार।
च. चिनियाँ विमानको पाइलट एवं प्राविधिकहरुको उच्च तालिम शुल्क।
छ. विमान संचालन गर्दा इन्धनको उच्च खपत भई अधिकतम आर्थिक भार हुने।

यसरी लामो समयदेखि पूर्ण रुपमा संचालन हुन नसकि निगममा आर्थिक बोझको रुपमा स्थापित हुँदै गएको, दायित्व थप हुँदै गएको र विभिन्न प्राविधिक कठिनाईहरु समेत झेलिरहनु परेको र समयमा सम्बोधन समेत नहुने भएको

चिनियाँ विमान सम्वन्धमा संचालक समितिबाट मिति २०७७/३/१६ को बैठकबाट मिति २०७७/४/१६ देखि व्यावसायिक संचालनमा नल्याउने निर्णय भएको थियो। यी विविध कारणहरुले गर्दा चिनियाँ विमान संचालनमा नल्याइएको व्यहोरा अनुरोध छ।

A330-200 र दुई थान A320-200 विमानहरु सम्वन्धमा

स्थापना कालको ५८ वर्ष पछि नेपाल वायुसेवा निगमले नेपाल सरकारको जमानीमा ल्याइएको दुई थान A330-200 र दुई थान A320-200 विमानहरु छुट्टाछुट्टै RFP (Request for Proposal) मार्फत खरिद प्रक्रिया पुऱ्याई खरिद गरिएका हुन्। उक्त विमान खरिद सम्वन्धमा आर्थिक अनियमितता प्रमाणित भएको देखिँदैन।

माननीय खानेपानी मन्त्रीसँग

प्रश्नकर्ता मा. प्रदिप पौडेल

प्रश्नः सरकारको नीति छ, " एक घर एक धारा" । तर कतिपय ठाउँमा न धारा छन्, न पानी नै । कतिपयमा धारा छन् पानी आउँदैन । कतिपयमा पानी आए पनि स्वच्छ र गुणस्तरीय पिउने पानी आउँदैन । सहर होस् वा गाउँ, पहाड होस् या तराई, धेरै ठाउँमा पानीको हाहाकार उस्तै छ । मन्त्रीज्यूलाई मेरो प्रश्न छ, काठमाडौं उपत्यका लगायत देशभरीका नागरिकले स्वच्छ पानी खान कहिले पाउँछन् ।

उत्तरः शुरूवाती चरणमा सबै नागरिकको पहुँचको आधारमा हुने गरी खानेपानीको विकास हुँदै आएको । सार्वजनिक धाराको अवधारणामा नागरिकलाई सहजताकासाथ छोटो समयमा पानी उपलब्ध गराउने गरी खानेपानी आयोजनाहरू कार्यान्यवन हुँदै आएकोमा हाल नेपाल सरकारको नीति "एक घर एक धारा" बमोजिम खानेपानी आयोजनाहरू कार्यान्वयन भईरहेका छन् । सार्वजनिक धारामार्फत एकै धाराबाट धेरै घरधुरीलाई खानेपानी उपलब्ध हुँदैआएकोमा अब प्रत्येक घरमा धारा हुने गरी तीनै तहका सरकार अन्तर्गतका कार्यक्रमहरूबाट खानेपानी आयोजनाहरू निर्माण भईरहेका छन्। तथ्याङ्कले करिव ९५% जनसंख्यालाई आधारभूत खानेपानी उपलब्ध भएको देखिएतापनि यो समग्र प्रणालीको कभरेज (Coverage) हो । सम्पन्न प्रणालीहरूमध्ये धेरैको सामान्य तथा मुख्य (Major) मर्मत कार्य गर्नुपर्ने तथ्याङ्कले देखाएको छ । आयोजनाको अवधि सामान्यतया १५ देखि २० वर्षको हुने भएकोले आवश्यकता अनुसार निरन्तर रूपमा आयोजनाको मर्मत तथा नयाँ आयोजना निर्माण गर्नु पर्ने हुन्छ । बाढी पहिरो लगायतका विपद् तथा अन्य निर्माण कार्य गर्दा पनि खानेपानी प्रणालीहरूमा नै सबैभन्दा बढि हानी तथा क्षति पुग्ने गरेको छ । तर बजेट अभावले गर्दा मर्मत तथा पुनर्स्थापनका कार्यहरू प्रभावकारी हुन सकिरहेको छैन ।

जलवायू परिवर्तन, अमानवीय क्रियाकलाप र चुरे दोहनबाट सबैभन्दा बढी प्रभाव खानेपानीमा परेको छ ।

पहाडहरूमा पानीका मूलहरू सुकिरहेका छन् भने तराई-मधेशमा भुमिगत सतह घटिरहेको छ । पानीको परिमाण (Quantity) लाई व्यवस्था गर्नु अहिलेको चुनौती हो ।

एक घण्टा वा बढी हिंडेर कुवा, मुलबाट पानी ल्याउनुपर्ने अवस्थालाई सार्वजनिक धारामार्फत पानी उपलब्ध गराउँदै नागरिकहरूमा खानेपानीको पहुँच स्थापना गर्नु हाम्रो पहिलो प्राथमिकता थियो । हाल हामी एक घर एक धाराको नीति अन्तर्गत गुणस्तरीय खानेपानी सेवाको पहुँच वृद्धि गर्ने तर्फ अग्रसर भइरहेका छौं । मन्त्रालयको तथ्याङ्क अनुसार सुरक्षित खानेपानीको पहुँच हाल कुल जनसंख्याको करिव २५% पुगेको देखिन्छ । हाम्रा सबै कार्यक्रम तथा आयोजनाहरू यसैमा केन्द्रित छन् ।

मन्त्रालयको वार्षिक विनियोजन बजेट घट्दो क्रममा छ । गत आ.व.भन्दा चालु आ.व.को बजेट करिव २५% ले घटेको अवस्था छ । एक घर एक धारा नीति बमोजिम सुरक्षित खानेपानी सेवा आम नागरिकमा उपलब्ध गराउनका लागि अहिलेको बजेट स्थितिमा पाँच गुणाले बढाउनुपर्ने देखिन्छ । अहिलेको प्रवृति अनुसार बजेट विनियोजन भईरहेने र आवश्यकता अनुसारको जनशक्ति व्यवस्थापन नहुने हो भने दिगो विकास लक्ष्य प्राप्ति गर्न प्राय असम्भव देखिएको छ ।

२०७८ आषाढ १ तथा तत्पश्चातका बाढीपहिरोका कारण हाल मेलम्ची खानेपानी आयोजना निरन्तर रूपमा सञ्चालन हुन सकिरहेको छैन । मेलम्ची खानेपानी आयोजना दिगो सञ्चालनका निम्ति एसियाली विकास बैंकसँग वार्ता भईरहेको छ । आयोजनाको प्रथम चरणले चक्रपथभित्रका घरधुरीहरू समेटेपनि चक्रपथ बाहिरका बस्तीहरूलाई पनि क्रमशः मेलम्ची प्रणालीभित्र जोडिंदै लगिएको छ । तथापि, सबै धारामा समन्वयीक तवरले पानी वितरण गर्न मेलम्ची आयोजनाको दोश्रो चरण-याङ्ड्री, लार्के तथा अन्य वैकल्पिक आयोजना सञ्चालन गर्नुपर्ने देखिन्छ । हाल काठमाडौं उपत्यकाभित्रको खानेपानी व्यवस्थापनका लागि मकवानपुर जिल्लाको सिस्नेरी तथा ललितपुर जिल्लाको ठोस्ने खोलाको अध्ययन भइरहेको छ ।

सबैको सहयोगमा प्रयाप्त श्रोत साधनको व्यवस्थापन भएमा सबैले समयमै गुणस्तरीय तथा सुरक्षित खानेपानी पाउनेमा हामी विश्वस्त छौं ।

लिखित उत्तरको लागि स्वीकृत प्रश्नोत्तरको विवरण

माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीसँग

प्रश्नकर्ता मा. सुमना श्रेष्ठ

प्रश्न १

नेपाल सरकारको अनुदानबाट सञ्चालित देशकै उत्कृष्ट मानिने बुढानिलकण्ठ स्कुलमा कक्षा ५ को प्रवेश परीक्षाको नतिजा अनुरूप मेरिटमा अगाडि भएको विद्यार्थीहरूलाई भर्ना हुन नदिएर विद्यालय प्रशासनले मापदण्ड विपरित भर्ना गरिएको भनी समाचार प्रकाशित भएको विषयमा ध्यान आकर्षण भएको छ। यस विषयमा यस मन्त्रालयबाट के कस्तो छानबिन गरिदै छ भन्ने विवरण, छानबिन समितिका सदस्यहरू र अध्यक्षको नामावली र कहिलेसम्म अनुसन्धानको अन्त्य भन्ने समय तालिका उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु।

उत्तरः

बुढानिलकण्ठ स्कूल सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय हो । स्कूलमा शुल्क तिरेर पढ्ने र निःशुल्क छात्रवृत्तिमा पढ्ने गरी दुइ प्रकारका विद्यार्थी हुन्छन् । छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीको लागि सरकारले सालवसाली अनुदान दिने गरेको छ । छात्रवृत्तिमा पढ्ने विद्यार्थीको छनौटमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र मातहतका सरकारी प्रतिनिधिको संलग्नता रहन्छ भने सःशुल्क तर्फको प्रवेश परीक्षा सञ्चालन, नतिजा प्रकाशन तथा विद्यार्थी छनौटको कार्य पूर्णतः प्रिन्सिपलको जिम्मेववारीमा विद्यालयले नै गर्ने परम्परा रही आएको छ ।

शैक्षिक सत्र २०८० को कक्षा ५ को सशुल्क तर्फको प्रवेश परीक्षामा मेरिटमा नाम निस्किएपछि मापदण्ड विपरित मेरीट भन्दा वाहिरका विद्यार्थीको भर्ना गरिएको भन्ने लगायतका विषयमा आएका गुनासा र उजुरीको सन्दर्भमा विशेषतः श्री विजेन केसी ले मन्त्रालयमा दिनुभएको निवेदनमा आधारित भएर प्रारम्भिक छानविन गरी प्रतिवेदन पेश गर्न शिक्षा, विकास तथा समन्वय इकाई काठमाण्डौका प्रमुख श्री नन्दलाल पौडेललाई तोकिएको छ । निजवाट प्रारम्भिक प्रतिवेदन मन्त्रालयमा पेश भै सकेकोले त्यसलाई अध्ययन गरेर मन्त्रालयलले आवश्यक कारवाही किनारा गर्ने छ ।

यसका साथै विद्यलयको भर्नाले उठाएका सवालहरू लगायत अन्य गुनासाहरू र सञ्चार माध्यममा आएका विषयहरूलाई समेत गम्भिरता पूर्वक लिदै स्कूल व्यवस्थापन समितिले समेत अग्रसरता लिएको जनाकारी प्राप्त हुन आएको छ । यस प्रकारका घटनाको गम्भिरता र यसले भविष्यमा पार्न सक्ने प्रभावलाई समेत मध्यनजर गरी वस्तुस्थितिको समग्र अध्ययन गरी सुधारका लागि कार्यान्वयनयोग्य सुझावहरू दिनका पूर्व विद्यार्थीहरूको समाज सोसाइटी अफ एक्स बुढानीलकण्ठ स्टुडेन्ट (सेब्स) र अभिभावहहरूको सङ्गाल

फ्रेन्डस अफ बुढानीलकण्ठ स्कूल (फोब्स)का प्रतिनिधि रहेको एक समिति गठन गरेको र उक्त समितिमा सरकारी प्रतिनिधिको समेत माग भै आएकोले सम्वन्धित विषय हेर्ने मन्त्रालय मातहतका उपसचिवस्तरको प्रतिनिध तोकि पठाइएको छ ।

देशकै उत्कृष्ट विद्यालय मध्येको एक मानिएको र देशभरवाट छनौट भएका गरिव तथा विपन्न वर्गका वालवालिकाले समेत समावेशी वातावरणमा अध्ययन गर्न पाउने उक्त विद्यालयको साख उच्च राख्न माननीय सांसदज्यूले चिन्ता र चासो प्रकट गर्नुभएकोमा धन्यवाद।

मा.स्वास्थ्य तथा जनसंख्या मन्त्रीसँग

प्रश्नकर्ता मा.सुमना श्रेष्ठ

प्रश्न नं. २

विपन्न नागरिक सहायता कार्यक्रमको विषयमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग अन्तर्गत रहेको महाशाखालाई निम्न जिम्मेवारी तोकिएका रहेछन्।

१.लक्षित वर्ग (गरिब, अतिगरिब, अपाङ्ग, असहाय, सीमान्तकृत, वञ्चितीकरणमा परेका समुदाय आदि) हरुलाई अस्पतालबाट प्रदान गरिने सेवाहरुमा सहज पहुँचको लागि नीति, रणनीति, मापदण्ड, निर्देशिका आदि विकास गर्ने

२. विपन्न नागरिक उपचारका कार्यक्रम, कडा रोगका कार्यक्रमहरु आदिको व्यवस्थापन गर्ने।

उपर्युक्त जिम्मेवारी भित्र पर्ने नेपाल सरकार, स्वास्थ्य मन्त्रालयबाट जारी भएको "विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका २०७५" को दफा १२ बमोजिमको अभिलेख तथा प्रतिवेदन तयार पार्ने र अद्यावधिक गर्ने जिम्मेवारी पनि त्यस महाशाखालाई नै भएको देखिन्छ। अतः त्यस महाशाखाले विगत पाँच बर्षयता भए गरेका कार्यहरुको प्रगति विवरण या वार्षिक प्रतिवेदन जे छ सो उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु ।

उत्तरः

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी भएको "विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका २०७५" अनुसार स्वास्थ्य सेवा विभाग, नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखाबाट आ.व. २०७५/०७६ देखि विपन्न नागरिक उपचार कार्यक्रम संचालन हुदै आएको छ। आ. व. २०७८/७९ मा "विपन्न कार्यक्रम अन्तर्गत दिइदै आएको कडा रोगहरुको उपचार खर्च स्वास्थ्य बीमामा आबद्ध गर्ने कार्यविधि, २०७८" पारित भए पश्चात सो कार्यक्रमको भुक्तानी स्वास्थ्य बीमा बोर्डबाट कार्यान्वयन भइरहेको अवस्थामा छ।

सो सम्बन्धमा लक्षित वर्ग (गरिब, अतिगरिब, अपाङ्ग, असहाय, सीमान्तकृत, वञ्चितीकरणमा परेका समुदाय आदि) हरुलाई अस्पतालबाट प्रदान गरिने सेवाहरुमा सहज पहुँचको लागि तर्जूमा गरिएका नीति, रणनीति, मापदण्ड, निर्देशिकाका साथै पाँच बर्षयता सो कार्यक्रमबाट लाभान्वित जनसंख्या तथा खर्चको विवरण यसै साथ संलग्न रहेको छ।

सि.न.	२०७५/७६		२०७६/७७		२०७७/७८		२०७८/७९		२०७९/८०	
	जम्मा बिरामी संख्या	भुक्तानी दिएको जम्मा रकम	जम्मा बिरामी संख्या	भुक्तानी दिएको जम्मा रकम	जम्मा बिरामी संख्या	भुक्तानी दिएको जम्मा रकम	जम्मा बिरामी संख्या	भुक्तानी दिएको जम्मा रकम	जम्मा बिरामी संख्या	भुक्तानी दिएको जम्मा रकम
१	४१४०	२,३२,२४,७०,४०२	७४७८	२,०७,२४,०७,७९२	५७९७	२,१२,३३,५१,३६९	६५३४	१,०४,३७,१५,९५५	५७३३	२,३३,४,३,४९,२
२	-				१३७		२११		११६	
३	२२१				१९८		४४३		२७०	
४	९३६				७३६		७२५		५५७	
५	२५२				१२१		७४५		३२४	
६	३७१२१		३४६६७		१५१८७		१८३६२		१७५५६	
७	३८२८		५७६१		४४१८		६००१		४८३३	
८	७६१		८४०		६०६		५१३		५०६	
९	१५४७		१८५६		८८१		११३२		९३३	
१०	३७७		३६४		९३		६३		६२	
११	१२१		११७		३२		१०		११	
१२	१०२६		३८०३		११४०		१२२६		१३४६	
जम्मा	५०३३०		५४८८६		२९३४६		३५९६५		३२२४७	

लक्षित वर्ग(गरिब, अतिगरिब, अपाङ्ग, असहाय, सीमान्तकृत, वञ्चितीकरणमा परेका समुदाय आदि) हरुलाई अस्पतालबाट प्रदान गरिने सेवाहरुमा सहज पहुँचको लागि तर्जूमा गरिएका नीति, रणनीति, मापदण्ड, निर्देशिकाहरुः

- सामाजिक सेवा ईकाई स्थापना तथा संचालन निर्देशिका, २०७८
- जेरियट्रिक केयर सेन्टर संचालन निदेशिका मापदण्ड, २०७७
- एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) स्थापना र संचालन निर्देशिका, २०७७
- लैंगिक हिंसा सम्बन्धि क्लिनिकल प्रोटोकोल, २०७७
- सामाजिक सुरक्षा ईकाई संचालन सम्बन्धि अन्तरिम निर्देशिका, २०६७
- लैंगिक विभेदमा आधारीत हिंसा विरुद्ध कार्य संचालन कार्यविधि (SOP), २०६८

माथि उल्लेखित दस्तावेजहरू नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखाको वेबसाइट (nssd.dohs.gov.np) मा समेत उपलब्ध छन।

मा. भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रीसँग

प्रश्नकर्ता मा.सुमना श्रेष्ठ

प्रश्न नं. ३

गुठी संस्थानमा दर्ता भएका काठमाडौं तलेजूका दुका गुठी, काठमाडौं कुमारीका दुका गुठी र स्वयम्भू भगवान गुठीको भवन, जग्गा, गरगहना लगायत सबै अचल सम्पत्तिको लगत र जग्गा वा भवनहरु भाडामा लगाएको भए सोबाट भएको वार्षिक आयको विवरण गराइदिनुहुन्छ कि?

उत्तरः उल्लेखित गुठीहरुमध्ये काठमाडौं तलेजूका दुका गुठीको १५४-७-२-० रोपनी जग्गा रैतान नम्बरीमा परिणत भई रु. ११,०२,३५३.९९ रै.प. वापत अक्षय कोष जम्मा भएको, काठमाडौं कुमारीका दुका गुठीको १७-४-३-० जग्गा रैतान नम्बरी परिणत भई १,५८,२७५.०० रै.प. वापत अक्षय कोष जम्मा भएको तथा स्वयम्भू भगवान गुठीको १४७-१५-०-० अधिनस्थ जग्गा रहेको र ९६-०-३-० जग्गा रैतान नम्बरी परिणत भई ९,६२,१४८.०० रै.प. वापत अक्षय कोष जम्मा भएको तथा ती गुठीका जग्गा वा भवनहरु भाडामा लगाएको नदेखिएको भनी गुठी संस्थान शाखा कार्यालयको च.नं. ३९३६ मिति २०८०।३।४ र च.नं. २४ मिति २०८०।४।३ को पत्रबाट लेखी आएको ।

संघीय संसद

प्रतिनिधि सभा

दोस्रो अधिवेशन,२०८०

प्रश्न व्यवस्थापन शाखा

महासचिव डा. श्री भरतराज गौतम

सचिव (प्रतिनिधि सभा) श्री पद्म प्रसाद पाण्डेय

सहसचिव श्री एकराम गिरी

उपसचिव श्री रामकुमार पौडेल

शाखा अधिकृत श्री राजन घिमिरे

नायब सुब्बा श्री सोनी शाक्य

कार्यालय सहयोगी श्री स्वोस्तिका शिवाकोटी